मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १५ | २०७९ मङ्सिर १-१५ | पूर्णाङ्क ७२९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १२ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ७ | ८ |
| **जम्मा** | **४४** |

| | |
|---|---|
| इजलास नं. ८ | ७ |
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १३ | १ |
| **जम्मा** | **१५** |

**कूल जम्मा ४४ + १५ = ५९**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **<u>www.nkp.gov.np</u>** लगइन गरेपश्चात् देखिने पृष्ठमा **<u>शब्दबाट</u>** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **<u>नेकाप प्रत्येक वर्ष</u>** र **<u>हाम्रो बारेमा</u>** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, मङ्सिर – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ७** |
| १. | जबरजस्ती करणी | नेपाल सरकार वि. कुमार वि.क. | १ |
| २. | चेक अनादर | रमेश कायस्थ वि. महेन्द्रबहादुर खड्का | १ |
| ३. | लेनदेन | रमेश कायस्थ वि. महेन्द्रबहादुर खड्का | २ |
| ४. | अंश चलन | शोभा चिपालु मास्केसमेत वि. गोविन्दबहादुर चिपालु | ३ |
| ५. | उत्प्रेषणयुक्त परमादेशसमेत | सन्तोष भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत | ५ |
| **इजलास नं. १** | | | **७ - ८** |
| ६. | परमादेशसमेत | पुजन खड्का वि. शिक्षक सेवा आयोग अध्यक्षसमेत | ७ |
| **इजलास नं. २** | | | **८ – २१** |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. झलकबहादुर दुलाल | ८ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुनकुन मेस्तर | ९ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मन्त्रीधन राई | १० |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. केसे कामी | १० |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिमान कुमाल | ११ |
| १२. | उत्प्रेषण, परमादेशसमेत | प्रविणकुमार शर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत | १२ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अगवीर खत्री | १३ |
| १४. | उत्प्रेषण | नवदत्त रेग्मी वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरा | १४ |
| १५. | उत्प्रेषण | पुरूषोत्तम डंगोल वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं | १५ |
| १६. | अपहरण तथा शरीर बन्धक एवं ज्यान मार्ने उद्योग | नुरूद्दीन पठान वि. नेपाल सरकार, जाहिद गद्दि भन्ने जाहिद अलि बन्जारा वि. नेपाल सरकार, नेपाल सरकार वि. नुरूद्दीन पठान | १६ |

| | | | |
|---|---|---|---|
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिमारितर घलेसमेत, डिमाछवाङ लामासमेत वि. नेपाल सरकार, छोसाङ्गीधावा लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. सोनामफुञ्जोक लामासमेत | १७ |
| १८. | उत्प्रेषणयुक्त परमादेश | तेजप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २० |
| | **इजलास नं. ३** | | **२१ – ३१** |
| १९. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | ईमु श्रेष्ठ (प्रधान) वि. नेपाल सरकार | २१ |
| २०. | उत्प्रेषण | रामचन्द्रप्रसाद वि. जिल्ला शिक्षा कार्यालय कलैया, बारासमेत | २२ |
| २१. | लागु औषध ब्राउन सुगर | पवित्रा बुढाथोकी वि. नेपाल सरकार | २३ |
| २२. | जबरजस्ती करणी | K बहादुर वि. नेपाल सरकार | २४ |
| २३. | आवेशप्रेरित हत्या | श्रीप्रसाद थापा वि. नेपाल सरकार | २५ |
| २४. | अबण्डा अंशको जग्गा बण्डा गरिपाउँ | वंशनारायण गोपालीसमेत वि. सन्तुमाया गोपाली | २६ |
| २५. | खुन डाँका | डिपी लामा वि. नेपाल सरकार | २७ |
| २६. | उत्प्रेषण, परमादेश | जोगेन्द्रप्रसाद कलवार वि. नेपाल सरकारसमेत | ३० |
| | **इजलास नं. ४** | | **३१ – ३४** |
| २७. | वैदेशिक रोजगार ठगी | डा. दिलिप अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. डा. दिलिप अधिकारी | ३१ |
| २८. | उत्प्रेषण, परमादेशसमेत | उपेन्द्र महतो वि. निजामती किताबखानासमेत | ३३ |
| २९. | उत्प्रेषण / परमादेश | एलिट कन्स्ट्रक्सन कम्पनी प्रा.लि. वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत | ३४ |
| | **इजलास नं.५** | | **३४ – ४२** |
| ३०. | कर्तव्य ज्यान | दमाई भन्ने अर्जुन लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. दमाई भन्ने अर्जुन लामा | ३४ |
| ३१. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. शिवशंकर चौधरी | ३६ |
| ३२. | लागु औषध (खैरो हिरोइन) | नेपाल सरकार वि. भुपेन्द्र तामाङसमेत | ३६ |
| ३३. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्यामु रैदाश | ३८ |

| | | | |
|---|---|---|---|
| ३४. | मानव बेचबिखन तथा ओसार पसार उद्योग | नेपाल सरकार वि. रमेश डांगीसमेत | ३९ |
| ३५. | ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी | नेपाल सरकार वि. साजन राईसमेत | ४० |
| ३६. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. गणेशकुमार खडका | ४२ |
| **इजलास नं.७** | | | **४२ – ५०** |
| ३७. | उत्प्रेषण / प्रतिषेधसमेत | प्रदीपकुमार श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय नक्सालसमेत | ४२ |
| ३८. | हातहतियार खरखजाना | राजु गुरू भन्ने रविदत्त मिश्र वि. नेपाल सरकार | ४३ |
| ३९. | मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी | प्रेम सार्की वि. नेपाल सरकार | ४४ |
| ४०. | आयकर | ठुला करदाता कार्यालय, हरिहरभवन वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ४५ |
| ४१. | निषेधाज्ञा, उत्प्रेषण, परमादेश | डण्डपाणी घिमिरे वि. नोखिराम खड्का | ४८ |
| ४२. | निषेधाज्ञायुक्त परमादेश | सूर्यबहादुर भाट वि. परशुराम श्रेष्ठ | ४८ |
| ४३. | परमादेश | राजेन्द्रप्रसाद पोखरेल वि. किरणदेवी सिंहसमेत | ४९ |
| ४४. | निषेधाज्ञा | परमेश्वर मुखियासमेत वि. रतनीदेवी | ४९ |
| **इजलास नं.८** | | | **५० – ५५** |
| ४५. | उत्प्रेषण | विष्णु विसुंके वि. गृह मन्त्रालय सिंहदरबारसमेत | ५० |
| ४६. | सवारी ज्यान | नेपाल सरकार वि. सुरज कुर्मी चौधरी | ५० |
| ४७. | जबरजस्ती करणी | गोपालप्रसाद साह वि. नेपाल सरकार | ५२ |
| ४८. | कर्तव्य ज्यान | कमलेशकुमार यादव वि. नेपाल सरकार | ५२ |
| ४९. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. मोती कामी | ५३ |
| ५०. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. गंगा उखेडासमेत | ५४ |
| ५१. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. रामु राना | ५४ |
| **इजलास नं.१०** | | | **५५ – ५७** |
| ५२. | ठगी | नेपाल सरकार वि. पुर्णबहादुर सिंह | ५५ |
| ५३. | अंश चलन | राजेन्द्र पौडेल वि. पूर्णबहादुर पौडेलसमेत | ५६ |

| | | | |
|---|---|---|---|
| ५४. | जबरजस्ती करणी | नेपाल सरकार वि. दिनेश नेटुवा (राठौर) | ५६ |
| ५५. | बन्दी प्रत्यक्षीकरण | माया शेर्पा वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत | ५७ |
| **इजलास नं.११** | | | **५८ – ६०** |
| ५६. | बन्दी प्रत्यक्षीकरण | अशोक कार्की वि. सुनसरी जिल्ला अदालत, सुनसरी इनरूवासमेत | ५८ |
| ५७. | बन्दी प्रत्यक्षीकरण | दिपराज शेर्पाइली वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौं | ५८ |
| ५८. | जबरजस्ती करणी | हरि पाण्डे वि. नेपाल सरकार, सम्सेर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. हरि पाण्डे | ५९ |
| **इजलास नं.१३** | | | **६०** |
| ५९. | बन्दी प्रत्यक्षीकरण | हिरा गिरी वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत | ६० |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-१२१७, जबरजस्ती करणी, नेपाल सरकार वि. कुमार वि.क.*

प्रस्तुत मुद्दामा पीडित बालिकाको अदालतमा भएको बकपत्र, एकै बेहोराको जाहेरी दरखास्त र जाहेरवालीको अदालतमा भएको बकपत्र, प्रतिवादीको बयान, घटनास्थल विवरण कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागज प्रमाणहरूको विवेचना गरी हेर्दा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने मनसायले सुताई कपडा खोलेको र करणी गर्न लागेको तर करणी गरिसकेको भन्ने नदेखिँदा प्रतिवादीले पीडित बालिकालाई जबरजस्ती करणी नै गरेको भन्ने कुरा स्थापित हुन आएको देखिँदैन । चार वर्षकी बालिकालाई करणी नै गरेको भए पीडितको यौनाङ्गमा लिङ्ग प्रवेश गराउँदा यौनाङ्गमा त्यस्तै प्रकारको चोट, घाउ, चिह्न देखिनुपर्ने हो । त्यति सानी बालिकालाई करणी गरेको भएमा निजको यौनाङ्गमा त्यस्तो चिह्न केही देखिनुपर्ने र स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रस्ट रूपले देखिनुपर्नेमा सो केही पनि नदेखिएको अवस्था छ । पीडितको भनाइअनुसार करणी हुँदाको अवस्था, परिस्थिति, आसनसमेतबाट करणी नै भए गरेको कुरा विवादरहित तवरले प्रमाणित हुनुपर्ने हो जुन हुन सकेको देखिएन । पीडित बालिकाको कन्याजाली च्यातिएको भन्ने देखिए तापनि सानो उमेरको खेलकुद, दौडधुप गर्नेहरूको त्यसै पनि जाली च्यातिएको हुन सक्ने स्थिति भएकोले प्रतिवादीले करणी गरेकै कारणबाट कन्याजाली च्यातिएको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट समेत कहीँकतैबाट खुल्न आएको देखिँदैन । पीडित र पीडकको उमेर अवस्थालाई विचार गर्दा करणी गर्नेसम्मको ज्ञान भएको, त्यसबाट यौन सन्तुष्टि प्राप्त गर्ने र त्यसको अनुभव लिन सक्ने अवस्थाको समेत देखिँदैन । सो कुरासम्बन्धी प्रतिवादीलाई पूर्ण ज्ञान भएकोसमेत नदेखिने ।

प्रतिवादी कुमार वि.क.ले. पीडित चौतारा B लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत कसुर गरी जबरजस्ती करणी गरेको नभई जबरजस्ती करणीको उद्योगसम्म गरेको पुष्टि भएकाले सोही महलको ३(१) नं.बमोजिम आधा ऐ. को ५ नं. बमोजिमको सजाय हुनेमा निज प्रतिवादी कुमार वि.क. १२ वर्षको नाबालक भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम प्रतिवादीलाई ३ महिना कैद हुने ठहर्‍याई निज प्रतिवादीको उमेर, शारीरिक अवस्था, पहिलो पटक कसुर गरेको तथा बालमनोविज्ञान र सामाजिक मनोविज्ञानको रायसमेतलाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम यी प्रतिवादीलाई लागेको उक्त कैद स्थगित गरिदिएको र सोही ऐनको दफा ५०(२) बमोजिम १ वर्षभित्र सोही वा अन्य कुनै कसुर गरेमा दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय हुने गरी हाल यी बालक प्रतिवादीलाई निजकै संरक्षक एवं पिताको कागज गराई जिम्मा लगाइदिने ठहर्‍याएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७१।३।१९ को फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : रामशरण तिमिल्सिना

**इति संवत् २०७७ साल मङ्सिर १८ गते रोज ३ शुभम् ।**

२

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-१४३७, चेक अनादर, रमेश कायस्थ वि. महेन्द्रबहादुर खड्का*

प्रस्तुत मुद्दामा प्रतिवादीले मिति २०७१।८।१९ मा चेक जारी गरिदिएकोमा वादीले मिति २०७१।९।१५ अर्थात् चेक जारी भएको १ महिनाभित्र चेक भुक्तानी लिन गएको अवस्थामा प्रतिवादीको खातामा पर्याप्त रकम नभएको भनी चेक अनादर भएको भनी लालीगुराँस सहकारी तथा को-अपरेटिभ लि. मिति २०७१।९।१५ मा उल्लेख भई आएको तथ्यबाट देखिन्छ। प्रतिवादीले वादीलाई रकम तिर्ने मनसायका साथ वादीको नाममा चेक जारी गरे तापनि चेक जारी गरेको १ महिनाभित्र निजको खातामा पर्याप्त रकम उपलब्ध नहुनुले यी प्रतिवादीले जानी जानी आफ्नो खातामा रकम जम्मा नगरेको भन्ने पुष्टि गर्दछ। साथै बैंकबाट चेक भुक्तानीको लागि पर्याप्त निक्षेप नरहेको भनी प्रमाणित भएको हुनुपर्नेमा लालीगुराँस सहकारी तथा को-अपरेटिभ लि. बाट सो प्रमाणसमेत पेस भएको मिसिल संलग्न कागजातहरूले पुष्टि भएको छ। यसरी प्रतिवादीले वादीलाई दिएको चेक भुक्तानीको लागि पेस गर्न निजको खातामा भुक्तानी गर्नुपर्ने पर्याप्त रकम नभएको कारण चेक सटही हुन नसकेको प्रस्ट देखिएको अवस्थामा यस अदालतबाट मिति २०७५।१।२३ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधार एवं पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रमेश कायस्थले चेक दिएकोमा निजको खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको कारणले त्यसबाट चेक अनादर हुन गएको हुँदा उक्त चेकमा उल्लिखित साँवा रकम रू. ८,००,०००।– (आठ लाख) र त्यसको कानूनबमोजिमको ब्याजसमेत प्रतिवादीबाट वादीले दिलाई भराइपाउने र प्रतिवादीलाई विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क बमोजिम रू. ३,०००।– (तीन हजार) जरिवानासमेत हुने ठहऱ्याई सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७२।११।९ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।२।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: विकेश गुरागाई

**इति संवत् २०७७ साल मङ्सिर १६ गते रोज ३ शुभम्।**

३

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७४-CI-१०२४, लेनदेन, रमेश कायस्थ वि. महेन्द्रबहादुर खड्का*

कपाली तमसुक र चेकमा उल्लेख गरिएको रकम एकै कारोबारको हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, एकै रकम लेनदेनको सिलसिलामा कपाली तमसुक बनाई सहीछाप गरेको र चेकसमेत जारी गरिदिएको भन्ने देखिन्छ। उक्त सबै कारोबारको रकम एकै भएको र वादीले कपाली तमसुकमै उल्लेख भएको रकमबापत चेक दिएको भए तमसुकमा उल्लिखित रकम फिर्ता गरेको भनी अर्को लिखत तयार गर्ने वा तमसुक कागजमा भरपाई गरी फिर्ता गर्ने जस्ता अरू विकल्पहरूको प्रयोग प्रतिवादीले गरेको देखिँदैन। कपाली तमसुक गरिदिने र चेक जारी गर्ने व्यक्ति एकै रहेकोमा दुवै लिखतमा समान अङ्क उल्लेख भएका आधारमा ती लिखतहरू अन्तर्सम्बन्धित छन् र एकै रकमबापतको कारोबार हो भनी भन्न मिल्ने अवस्था रहँदैन। अलग अलग मितिमा फरक रूपमा तयार भएको कपाली तमसुक र चेकको फरक अस्तित्व रहने हुँदा कुनै ठोस आधार र प्रमाण प्रतिवादीबाट पेस भएको नदेखिएको र उक्त तथ्यलाई पुष्ट्याइँ गर्ने वस्तुनिष्ठ प्रमाण पेस गरेको नदेखिँदा ती लिखतहरूको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्नुपर्ने। कपाली तमसुक अस्तित्वमा नै रहिरहेको समयमा प्रतिवादीले सो लिखत फट्टासमेत नगरी सोही प्रयोजनको लागि आपसी विश्वासमा परी चेक जारी गरिदिएको भन्ने जिकिर विश्वासयोग्य नदेखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ५

नं. ले साहु आसामीले सावाँ ब्याजसमेत लिँदा बुझाउँदा पुर्‍याउनुपर्ने रीतका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको देखिन्छ । सोबमोजिम नगरेको सदर हुँदैन भन्नेसमेत व्यवस्था गरेको छ । उक्त ५ नं. को देहाय १ मा "सावाँ जम्मै बुझाउँदा असामीले सो सम्बन्धमा गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला नपरेमा सोही बेहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेकामा प्रतिवादीले जिकिर लिएबमोजिम यदि कपालीमा लेखिएको रकमकै लागि चेक जारी गरेको भए चेक जारी गरिसकेपछि लिखत फट्टा गराउन सक्नु पर्दथ्यो वा लिखत तत्काल नभएको अवस्थामा सोही बेहोरा जनाई भरपाई गराई लिनु पर्दथ्यो तर मिसिल संलग्न प्रमाणबाट सो केही गरेको देखिँदैन । प्रतिवादीले लिखत फट्टा गर्ने आफ्नो दायित्व पूरा नगरेको अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०७५।१।२३ मा मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने ।

कपाली तमसुकमा उल्लिखित साँवा रकम रू.८,००,०००।– (आठ लाख) र त्यसको लेनदेन व्यवहारको ४ र ६ नं. बमोजिम वार्षिक सय कडा १० का दरले लिखत भएको मितिदेखि भराउ हुँदाको मितिसम्मको ब्याजसमेत वादीले प्रतिवादीबाट दिलाई भराइपाउने ठहर्‍याई सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७२।११।९ मा भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।२।५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर : विकेश गुरागाई

**इति संवत् २०७७ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।**

**४**

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशकुमार ढुङ्गाना,** *०६८-CI-०९११, अंश चलन, शोभा चिपालु मास्केसमेत वि. गोविन्दबहादुर चिपालु*

वादीहरूले के कुन सम्पत्तिबाट बाबुको भागको अंश अपुताली हक पाउने हो भन्ने सम्बन्धमा हेर्दा यस अदालतको मिति २०७४।१।१० को आदेशबमोजिम दुवै पक्षबाट तायदाती फाँटवारी पेस भएको मिसिलबाट देखिन्छ । प्रतिवादी गोविन्दबहादुर चिपालुले पेस गरेको तायदाती फाँटवारीमा ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ५(द) कि.नं. १३७३ को जग्गा आफूले खरिद गरेको निजी आर्जनको भनेको र काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २३ कि.नं. २ तथा ऐ. वडा नं. ११ को कि.नं. २७३ को जग्गा बाबु कृष्णबहादुर चिपालुले आफ्नो परिश्रमबाट खरिद गरेको भनी उल्लेख गरेको भए पनि निजी आर्जनबाट खरिद गरेको भन्ने पुष्टि हुने कुनै तथ्य एवं प्रमाण पेस गर्न सकेको नदेखिँदा उक्त सम्पत्तिहरू बण्डा लाग्ने नै देखियो । साथै प्रतिवादी गोविन्दबहादुर चिपालुकी पत्नी उषा प्रधान चिपालुका नाममा रहेको काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. २ को कि.नं. २२० को जग्गा र जिल्ला रूपन्देही खवनगाई वडा नं. १ कि.नं. ३३ को जग्गा उषा प्रधान चिपालुलाई माइती दाजु राजेन्द्र प्रसाद प्रधानले हालैको बकसपत्र गरी दिएको जग्गा भएकाले बण्डा लाग्ने होइन भनी उल्लेख गरेकोमा सोउपर वादीको समेत कुनै जिकिर रहेको नदेखिँदा निज उषा प्रधान चिपालुका नाममा कायम रहेका उल्लिखित दुई कित्ता जग्गा बण्डा लाग्ने देखिएन । साथै वादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख भएका वादीहरूले बकसपत्रबाट प्राप्त गरेका जग्गाका सम्बन्धमा प्रतिवादीको कुनै जिकिर रहेको नदेखिँदा सो हदसम्म बण्डा लाग्ने अवस्था देखिएन । वादीहरू शोभा चिपालु मास्के र सरिता चिपालु राजभण्डारीको संयुक्त नाममा रहेको मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. ४ कि.नं. ३४९२ को जग्गा आमाको मृत्युपश्चात् आमाको नाममा रहेको

जग्गा वादीहरूले नामसारी गरी लिएको देखिँदा बण्डा लाग्ने सम्पत्ति होइन भनी जिकिर लिएको भए पनि वादीहरूकी आमा चिरञ्जिवी चिपालुको सगोलमा रहेकै अवस्थामा मृत्यु भएको र निजका नाउँमा रहेका जग्गा अन्यथा प्रमाणित नभएसम्म सगोलकै सम्पत्ति मानिने भएकाले उक्त कि.नं. ३४९२ को जग्गासमेत बण्डा लाग्ने ।

पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीका पिताहरू अंशबण्डा भई घरसारमा व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको भन्ने कुरा कुनै लिखत प्रमाण एवम् व्यवहार कारणबाट नदेखिएकाले निजहरूबिच कानूनबमोजिम अंशबण्डा भएको भनी मान्न मिलेन । विधिसम्मत तरिकाले लिखत खडा गरी अंशबण्डा नभएको कुरामा प्रत्यर्थी प्रतिवादीको पनि मुख मिलेकै देखिन्छ । पुनरावेदक वादीका बाबु र प्रत्यर्थी प्रतिवादीका बाबु एकासगोलका अंशियार भएको कुरामा पनि विवाद छैन । पुनरावेदक वादीका बाबु आमाका छोरा नभएकोले निजहरूलाई वादी छोरीहरूले नै पालन पोषण गरेको र आफ्नो बाबुको अंश भाग निजको मृत्युपश्चात् आमामा र आमाको मृत्युपश्चात् आमाको भागको अंश प्राप्त हुने कुरामा समेत विवाद देखिँदैन । वादीका बाबुआमाको आफ्नो अंशभाग नैसर्गिक रूपमा सुरक्षित रहने नै हुन्छ । बाबुको मृत्युपश्चात् आमामा र आमाको मृत्युपश्चात् वादी छोरीहरूले पालन पोषण गरी स्याहार सम्भार गरेकोले अन्य सन्तान अर्थात् छोराहरू नभएको अवस्थामा बाबु आमाको अंश भाग छोरीहरूले अंश अपुताली स्वरूप पाउनुपर्ने कुरा न्यायोचित नै देखिन्छ । बाबु आमाको नाताले प्राप्त गर्नुपर्ने आफ्नो अंशभाग पालन पोषण गर्ने निजहरूका छोरीले नपाई भतिजो नाताको व्यक्ति प्रत्यर्थी प्रतिवादीले पाउनुपर्छ भन्नु तर्कसङ्गत न्यायोचित र मनासिब समेत देखिँदैन । बाबु आमाको लागि यी वादी छोरीहरू वंशीय हिसाबले र रगतको नाताको कारण पनि भतिजोभन्दा नजिकको हकदार हुने कुरामा विवाद हुन सक्तैन । विवाहिता छोरीले माइतीतिरको अंश प्राप्त गर्नुपर्छ भन्ने होइन, तर छोरा नहुने बाबुआमाको अंश भाग बाबुआमालाई स्याहार सम्भार गर्ने छोरीहरूले अंश अपुतालीसरह प्राप्त गर्नुपर्छ भन्ने कुरामा अंशबण्डा र अपुतालीसम्बन्धी प्रचलित कानूनले बन्देज लगाएको भनी मान्न मिल्ने पनि देखिएन। सगोलमा रहेका अंशियारमध्ये कुनै अंशियारको अंश नहुँदै मृत्यु भएमा निजका कोही सन्तान नभएको अवस्थामा निजको अंश बाँचेका अन्य अंशियारमा सर्ने हो । छोराछोरी हुने अंशियारको मृत्यु भएमा निजको अंशहक स्वतः सगोलका अन्य अंशियारमा सर्छ भन्नु विवेकसम्मत हुन सक्तैन । वर्तमान अवस्थामा छोरा र छोरीउपर कानूनले समान दृष्टिकोण राखेको पाइन्छ । छोरा र छोरीबिच कानूनले विभेद नगरेको वर्तमान अवस्थामा छोरा नभएकाको अंशभाग जुनसुकै हैसियतमा रहेका छोरीहरू जसले आफ्नो बाबु आमाको मृत्यु पर्यन्त सेवा सुसार, पालन तालन र हेरविचार गरे उनीहरूले पाउनुपर्छ भन्नु कानून, न्याय र विवेकको दृष्टिकोणले मिल्ने नै देखिन्छ । प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित केही विद्वान् कानून व्यवसायीले अदालतले समाजमा भुकम्प आउने गरी कानूनको व्याख्या गर्न हुँदैन, समाज सापेक्ष व्याख्या गर्नुपर्छ भनी बहसको क्रममा उठाउनु भएको जिज्ञासालाई यो इजलास गहन रूपमा मनन् गर्छ र सामाजिक समझदारी र परम्परा बिग्रने गरी व्याख्या गर्न चाहँदैन पनि, तर प्रस्तुत मुद्दाको प्रकृति अलि भिन्न छ । यस्तो प्रकृतिको मुद्दाको लागि न्यायको रोहमा यस प्रकारको व्याख्याले समाजमा सकारात्मक सन्देश दिन्छ । सबै अंश अपुतालीको मुद्दाको लागि नभई विशेष प्रकृति र अवस्थाको प्रस्तुत मुद्दा जस्तै अन्य मुद्दाको लागि जहाँ सगोलमै रहेको बाबु आमाको अंशभाग मृत्युपश्चात् छोरा नभई रगतको नाता जोडिएको छोरीले अंशबण्डाको ५ नं. बमोजिम अंश अपुताली प्राप्त गर्ने अवस्था हुन जान्छ । यस दृष्टिकोणबाट यस अदालतले मुद्दा

दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा निस्सा प्रदान गर्दा अवलम्बन गरेको कानूनी आधार र वादी प्रतिवादीबाट तायदाती फाँटवारी माग गर्दाको अवस्थामा उल्लिखित प्रचलित कानूनी व्यवस्थाको व्याख्यासँग सहमत हुन गएकोसमेतका कारण प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरूको लिखित बहसनोट र बहस जिकिरको बुँदासँग इजलास सहमत हुन नसक्ने।

पुनरावेदक वादीका बाबुको अंशभाग निजको मृत्युपश्चात् निजको श्रीमती वादीका आमामा रहने र आमाको मृत्युपश्चात् आमामा रहेको निजको अंशभाग आमालाई स्याहार सुसार गरी पालन पोषण गर्ने वादी छोरीहरूले अंश अपुताली पाउने कानूनी तथा न्यायोचित कारण हुँदा यस अदालतबाट मिति २०७४।१।१० मा तायदाती माग्दा लिएका कानूनी आधारबमोजिम वादी प्रतिवादीबाट क्रमशः मिति २०७४।२।४ र २०७४।३।१४ मा पेस गरिएको तायदाती फाँटवारीमा उल्लिखित अचल जग्गा जमिनमध्ये वादीले बकसपत्रबाट प्राप्त गरेका पर्सा जिल्ला साबिक वीरगन्ज नगरपञ्चायत आदर्शनगर कि.नं. ७८१ र ७८२ हाल ऐ. वीरगन्ज नगरपालिका वडा नं. १३ कि.नं. ४६ र मकवानपुर हेटौंडा न.पा. वडा नं. ४ कि.नं. ३४९० र ३४९१ का जग्गा र प्रतिवादी उषा प्रधान चिपालुले बकसपत्रबाट प्राप्त गरेको भनिएका तायदाती फाँटवारीमा उल्लिखित काठमाडौं कीर्तिपुर न.पा. वडा नं. २ कि.नं. २२० र रूपन्देही जिल्ला खवनगाई १ कि.नं. ३३ का जग्गाहरूलाई बाहेक गरी बाँकी रहेका तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण जग्गाहरूलाई वादी प्रतिवादीका बाबुहरूमा २ भाग लगाई २ भागको १ भाग वादीहरूले आफ्नो बाबुआमाको अंशभागबाट अंश अपुताली पाउने।

यसरी पुनरावेदक वादीहरूले आफ्ना बाबुआमाको अंशभागबाट अंश अपुताली पाउने देखिँदा वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२४ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।७।१६ को फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी हुने भई पुनरावेदक वादीहरूले फिराद दाबीबमोजिम २ भागको १ भाग अंश अपुताली पाउने भई चलनसमेत चलाई पाउने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
कम्प्युटर: विकेश गुरागाई

**इति संवत् २०७७ साल पौष ७ गते रोज ३ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०९१२, लिखत दर्ता बदर, शोभा चिपालु मास्केसमेत वि. गोविन्दबहादुर चिपालुसमेत
- ०६८-CR-०८५६,अंश बुझेको भरपाई लिखत जालसाजी, शोभा चिपालु मास्केसमेत वि. गोविन्दबहादुर चिपालुसमेत

५

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७७-WO-०१२९, उत्प्रेषणयुक्त परमादेशसमेत, सन्तोष भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले भू-उपयोग ऐन, २०७६ मिति २०७६।५।६ मा जारी भएको देखियो। उक्त ऐनको दफा ४ मा नेपालको भू-बनौट भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकतासमेतका आधारमा भूमिलाई १० किसिममा वर्गीकरण गरेको पाइन्छ। त्यस्तै दफा ५ को उपदफा (१) मा भूमि व्यवस्था, गरिबी निवारण मन्त्रालयले प्रत्येक स्थानीय तहको भू-उपयोग क्षेत्र नक्सा / डाटा तयार गर्नु, गराउनुपर्ने छ भनी उल्लेख भएको देखिन्छ। भूमिको

वैज्ञानिक वर्गीकरणको लागि आवश्यक पर्ने भू-उपयोग वर्गीकरण नक्सा / डाटासमेत अधिकांश स्थानीय तहको लागि मात्र तयार भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएकाले ऐनको व्यवस्थाबमोजिमको कार्य सम्पन भएको छ भन्न सक्ने अवस्था रहेन । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ को उपदफा (३) मा "गाउँपालिका वा नगरपालिकाको पूर्वस्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्न पाइने छैन" भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा १२ को उपदफा (२) को देहाय (ङ) को उपक्रम (१८) अनुसार कित्ताकाट गर्न सिफारिस गर्ने अधिकार सम्बन्धित वडा समितिमा रहेको र सोही ऐनको दफा २७ को उपदफा (२) मा गाउँपालिका र नगरपालिकाले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको मापदण्ड तोक्न सक्ने व्यवस्था गरेको देखिन्छ । उक्त ऐनले व्यवस्था गरेका उल्लिखित कार्यहरू मन्त्रालयले प्रत्येक स्थानीय तहलाई आवश्यक नक्सा तयार गरी उपलब्ध गराइएपश्चात् मात्र सम्भव हुन जाने देखिन्छ । यसै क्रममा मिति २०७७।५।१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मन्त्रीस्तरबाट "कृषियोग्य जग्गाको खण्डीकरणसम्बन्धी भएका पूर्वनिर्णयहरू बदर गरिएको छ । भू-उपयोग नियमावली जारी भई भू-उपयोग नक्सा / डाटा तयार गरी स्थानीय तहलाई हस्तान्तरण भएपछि सोहीबमोजिम हुने गरी हाललाई भू-उपयोग ऐन, २०७६ र प्रचलित कानूनको परिधिमा रही जग्गाको कित्ताकाटसम्बन्धी व्यवस्था खुलाउने" भन्ने निर्णय भएको पाइयो । कानूनबमोजिम कुनै पनि निकायलाई तोकिएको कार्यजिम्मेवारी सुव्यवस्थित तवरले सु-सम्पन्न गर्नका लागि सम्बन्धित निकायबाट आवश्यक मार्गदर्शन उपलब्ध गराउनुपर्ने हुन्छ । ऐनमा उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्नु सबैको कर्तव्य हुन जान्छ । कुनै पनि ऐनबमोजिमको आवश्यक नियमावली बनिनसकेको अवस्थामा अत्यावश्यक कामकारबाही सञ्चालन गर्न र त्यस सम्बन्धमा निर्णय लिई कार्यान्वयन गर्न सकिने भए पनि त्यस्ता कामकारबाही ऐनको भावना, उद्देश्य र मर्मविपरीत नभई ऐनसम्मत हुनु जरूरी हुन्छ । नेपालको शासन प्रणाली सङ्घीय संरचनामा परिणत भएको अवस्थामा राजधानी, सदरमुकाम, शहरसँग जोडिएका क्षेत्रका वरिपरिका जग्गामा अव्यवस्थित बसोबास एवं शहर विस्तारीकरण भइरहेको छ भने अर्कोतर्फ यातायात, टेलिफोन, पानी एवं बिजुलीको सुविधा भएका राजमार्ग एवं सदरमुकामको सडकमा जोडिएका एवं जोडिने सम्भावना भएका त्यस्ता जग्गाहरू क्रमशः खण्डीकरण भइरहेका छन् । यस अवस्थामा भूमिको चक्लाबन्दी, भू-उपयोगको आधारमा जमिनको वर्गीकरण र उत्पादकत्व वृद्धि जस्ता चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । जग्गाको अव्यवस्थित एवं अनियन्त्रित खण्डीकरणलाई रोकी कृषियोग्य जमीनको वर्गीकरण एवं व्यवस्थापन गर्न क्रमश यी चुनौतीहरूको सहीरूपमा र जिम्मेवारीपूर्वक सम्बोधन गर्दै पर्यावरणीय दिगो विकासको अभीष्ट पूरा गरी अन्तरपुस्ता समन्यायको स्थिति कायम गर्नुपर्दछ । भू-उपयोग ऐनको कार्यान्वयनमा समग्र राज्य संयन्त्र सरिक नहुँदासम्म भू-उपयोग ऐनले लिएका लक्ष्यहरू प्राप्त हुनसक्ने अवस्था नहुने ।

भूबनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकतासमेतका आधारमा भू-उपयोग नीतिहरूलाई समयानुसार परिवर्तन गर्दै जानुपर्छ । कृषिक्षेत्र क्रमश गैरकृषि क्षेत्रतर्फ उन्मुख रहेको अवस्थामा कृषिभूमिको उत्पादकत्व क्षमतालाई ध्यान दिई गैरकृषि क्षेत्रलाई प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ । भूमिको समुचित उपयोग र सार्वजनिक हितलाई समेत ध्यानमा राखी भू-उपयोगका कार्य सञ्चालन गर्दा प्रचलित कानूनका प्रावधानलाई अङ्गीकार गर्नु आवश्यक छ । ऐनमा स्पष्ट व्यवस्था रहेको अवस्था र कार्यान्वयनका लागि आवश्यक अन्य मापदण्ड बनिनसकेको अवस्थामा निश्चित वर्ग क्षेत्रको

हितलाई मात्र सम्बोधन हुन सक्ने गरी गरिने निर्णय समन्याय र कानूनका मान्य सिद्धान्तको विपरीत हुन जान्छ। भू-उपयोग ऐन, २०७६ को दफा ५ को उपदफा (१) मा भूमि व्यवस्था, गरिबी निवारण मन्त्रालयले प्रत्येक स्थानीय तहको भू-उपयोग क्षेत्र नक्सा तयार गर्नु, गराउनुपर्ने छ भनी उल्लेख भएको कानूनी व्यवस्थाअनुसार नेपाल सरकार भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयले गर्नुपर्ने प्रत्येक स्थानीय तहको भू-उपयोग क्षेत्र नक्सा / डाटा तयार गर्ने तथा ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली लागु गर्नेलगायतका कार्य नगरी ऐनको उद्देश्यविपरीत कृषियोग्य जमिनको कित्ताकाट गर्न सकिने गरी भएको निर्णय कानूनसम्मत मान्न सकिने अवस्था नहुने।

कृषियोग्य भूमिको बढ्दो खण्डीकरणलाई रोक्ने, कृषियोग्य जमिनको वर्गीकरण, निर्धारण एवं व्यवस्थापन गर्ने र साथै कृषि उत्पादकत्वलाई वृद्धि गर्ने अभिप्रायले राज्य एवं सबै वर्गका नागरिकको वृहत्तर सार्वजनिक हितलाई नै मनन नगरी भूमि व्यवस्था, सहकारी गरिबी निवारण मन्त्रालयका माननीय मन्त्रीबाट मिति २०७७।०५।१८ मा निर्णय भई जारी गरेको निर्देशन ऐनको भावना तथा उद्देश्यअनुरूप रहेको नदेखिएकाले ऐनबमोजिम प्रक्रिया पूरा नगरी कित्ताकाट खुलाउने गरी गरेको उक्त निर्णय सो हदसम्म उत्प्रेषणको आदेशबाट बदर हुने।

इजलास अधिकृत: नम्रता गैरे

**इति संवत् २०७७ साल मङ्सिर २३ गते रोज ३ शुभम्।**

**इजलास नं.१**

६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७१-WO-०२१६, परमादेशसमेत, पुजन खड्का वि. शिक्षक सेवा आयोग अध्यक्षसमेत*

निवेदिकाले विपक्षी शिक्षक सेवा आयोगको परीक्षामा समावेश भई आफूले प्राप्त गरेको प्राप्ताङ्कको पुनर्योग गरी उत्तरपुस्तिकाको प्रतिलिपिसमेत पाउँ भनी गरेको माग नेपालको संविधानको धारा २७, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा यस अदालतबाट ०६६-WO-०३६९ को मुद्दामा प्रतिपादित नजिरसमेतबाट सुनिश्चित गरिएको देखिँदा निवेदिकाले विपक्षी शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तत्काल पुनर्योग गरी सो प्राप्ताङ्कको जानकारी निवेदकलाई दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्ने।

जहाँसम्म उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी विषयको सन्दर्भ छ यसको असर व्यापक र गम्भीर प्रकृतिको हुन सक्ने देखिन्छ। कतिपय परीक्षामा परीक्षा दिनेहरू हजारौँको संख्यामा हुन्छन् । कतिपय अवस्थामा विद्यालय, कलेज, विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दिने परीक्षा तथा विभिन्न सेवामा प्रवेश गर्न चाहनेले प्रतिस्पर्धामा सामेल भई दिने परीक्षामा जम्मा हुन आउने उत्तरपुस्तिकाहरू लाखौँ लाखको संख्यामा हुन्छन् । ती सबै परीक्षार्थीहरूको उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने नाममा परीक्षार्थीहरूको उत्तरपुस्तिका कहिलेसम्म सुरक्षित राख्ने, कसरी सुरक्षित राख्ने, कहाँ राख्ने विचार गर्नुपर्ने देखिन्छ । लाखौँ लाख उत्तरपुस्तिकाहरू वर्षौं वर्षसम्म सुरक्षित राख्न पर्याप्त भवन, कोठाहरू, दराजहरू चाहिने, आवश्यक जनशक्ति उपलब्ध गराउनुपर्ने हुन सक्छ। हाम्रो जस्तो मुलुकको सीमित साधन स्रोतको वास्तविकताको पृष्ठभूमिमा आर्थिक रूपमा थेग्न नसकिने तथा व्यावहारिक जटिलताको पनि सामना गर्नुपर्दा असहज अवस्था उत्पन्न हुन सक्छ । त्यसैले उत्तरपुस्तिका उपलब्ध गराउने विषयको संवेदनशीलतालाई समग्र रूपबाट नै विचार गर्न वाञ्छनीय हुन आउने देखियो । परीक्षा सम्पन्न भएको लामो समय व्यतीत

भइसकेकाले सिर्जित हुने व्यावहारिक जटिलताको कारण उत्तरपुस्तिका उपलब्ध गराउने गरी हाललाई परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन। तथापि, समयमा नै उत्तरपुस्तिका उपलब्ध गराउने विस्तृत व्यवस्था नहुनाले यस्ता जटिलता आउने गरेको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी कार्यविधि ३ महिनाभित्र बनाई लागु गर्नु भनी विपक्षी शिक्षक सेवा आयोगको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विकाश कुमार रजक

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम्।**

**इजलास नं.२**

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-RC-००४३, कर्तव्य ज्यान, नेपाल सरकार वि. झलकबहादुर दुलाल*

प्रतिवादी झलकबहादुर दुलालले मिति २०४८।३।२९ गते बिहान झड्केलो बाबु हेमबहादुर कार्कीसँग झगडा परी रिसले निज हेमबहादुर कार्कीलाई गर्दनमा धारिलो हतियार खुकुरी प्रहार गरी काटी मारेर घटनास्थलबाट फरार रहेको हुँदा आवश्यक कारबाही गरिपाउँ भनी निज प्रतिवादीकै दाजु चेतबहादुर दुलालले किटानी जाहेरी दिएको देखिन्छ। अनुसन्धानको क्रममा बुझिएकी मृतककी श्रीमती गंगामाया कार्कीले मेरी अर्कोपट्टिको छोरो निज प्रतिवादी झलकबहादुर दुलालले मेरो श्रीमान् हेमबहादुर कार्कीलाई घाँटीमा खुकुरी प्रहार गरी काटी मारेको हो भन्ने लेखाएको पाइन्छ भने निज प्रतिवादीकै श्रीमती हेलकुमारी दुलालले मेरी श्रीमान् झलकबहादुर दुलाल बाख्रालाई घाँस काट्न गएको अवस्थामा मेरो ससुरा नाता पर्ने हेमबहादुर कार्की मेरो घरमा आई मरो इज्जत लुट्न जबरजस्ती गर्न लाग्दा मेरो श्रीमान् आइपुगेकाले मकैबारी हुँदै भागी गएको र श्रीमान्ले घरमा आई घाँस राखी घाँस काट्ने खुकुरीसहित रिसले निज हेमबहादुर कार्कीको घरमा गई निजलाई काटी मारेर फरार भएको हो भन्ने बेहोरा लेखाएको देखिन्छ। त्यसैगरी अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले समेत सोही बेहोरा उल्लेख गरेको पाइन्छ। जाहेरवाला चेतबहादुर दुलाल अनुसन्धानको क्रममा बुझिएका मानिसहरू मृतकको श्रीमती गंगामाया कार्की, प्रतिवादीको श्रीमती हेलकुमारी दुलाल, गिताप्रसाद गौतम, दानबहादुर कार्की, गमबहादुर कार्की र मोहनबहादुर कार्कीसमेतले आफ्नो मौकाको भनाइलाई समर्थन गर्दै अदालतमा आई बकपत्रसमेत गरिदिएको देखिने।

मृतक हेमबहादुर कार्कीको घाँटीमा धारिलो हतियार खुकुरीले काटिएको ४ इन्च गहिरो घाउ रहेको, घाँटी छिन्न केही बाँकी रहेको, मृतकको घाँटी काटिएको अवस्थामा लास रहेको भन्ने बेहोरा घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ। शव परीक्षण प्रतिवेदन हेर्दा मृतक हेमबहादुर कार्कीको घाँटीमा ३/४ इन्च धारिलो हतियारले काटेको घाउ रहेको र सोही काटिएको घाउको कारणबाट मृतकको मृत्यु भएको भन्ने उल्लेख भएको पाइन्छ। यसरी यी प्रतिवादीउपर किटानी जाहेरी परेको तथा जाहेरवाला एवम् अनुसन्धानका क्रममा बुझिएका मानिसहरूले गरेको कागज एवम् अदालतमा भएको बकपत्र, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट निज प्रतिवादी झलकबहादुर दुलालले मृतक हेमबहादुर कार्कीलाई धारिलो हतियार खुकुरी प्रहार गरी घाँटी काटी कर्तव्य गरी मारेको कुरा पुष्टि भएको देखिँदा निज प्रतिवादी झलकबहादुर दुलाललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १ र १३(१)

नं.को कसुर अपराधमा सोही दफा १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू सिन्धुली जिल्ला अदालतबाट मिति २०७१।१२।१५ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।११।१९ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत(उपसचिव): रामचन्द्र खड्का
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-RC-००४९, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुनकुन मेस्तर

मृतक अवधबिहारी यादवको लासको निधारमा बायाँ आँखामाथिदेखि टाउकोसम्म ३ इन्च लम्बाइ, १ इन्च चौडाइको निलडाम रहेको, टाउकोको पछाडि घिच्युको भागमा २१/२ इन्च काटिएको चोट रहेको भन्ने लास जाँच मुचुल्काबाट देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण PHYSICAL ASSULT, CAUSING RO HEAD INJURY भन्ने पाइन्छ। यसरी यी प्रतिवादी कुनकुन मेस्तरसमेत उपर किटानी जाहेरी परेको तथा जाहेरवाला एवम् अनुसन्धानका क्रममा बुझिएका मानिसहरूले गरेको मौकाको कागज एवम् अदालतमा आई गरेको बकपत्र, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट निज प्रतिवादी कुनकुन मेस्तरले मृतक अवधबिहारी यादवलाई कुटपिट गरी घाइते बनाई कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा निज प्रतिवादी कुनकुन मेस्तरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १ र १३(३) नं.को कसुर अपराधमा सोही दफा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०७१।२।७ मा भएको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।२।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

पुनरावेदन अदालत जनकपुरबाट मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादी कुनकुन मेस्तरलाई १० (दश) वर्ष कैद सजाय गर्न व्यक्त गरेको रायतर्फ हेर्दा बिहेमा जन्तीसँग डि.जे.को सम्बन्धमा गाउँले र जन्तीबिच वादविवाद एवम् झगडा भई विवाद शान्त भएपश्चात् यी प्रतिवादी कुनकुन मेस्तरसमेतले जन्तीमध्येका अवधविहारी यादवलाई काठको चिरपटले पछाडिबाट टाउकोमा प्रहार गरेको कारण घाइते भई उपचारको क्रममा मृत्यु भएको अवस्था छ। उक्त परिदृष्यको मूल्याङ्कन गर्दा निज प्रतिवादीलाई ठहरेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने।

विवाहमा जन्तीहरूसँग विवाद भई गरेको झगडामा यी प्रतिवादी कुनकुन मेस्तरसमेतले जोखिमी हतियारसमेत प्रयोग गरेको देखिँदैन। चिरपट दाउराले प्रहार गरेको देखिन्छ। सो प्रहारबाट घाइते भई मृतकको मृत्यु भएको देखिएको छ। कसुर गर्दाको अवस्थामा निज प्रतिवादीको उमेर २३ वर्षको मात्र रहेको देखिन्छ। घटनाको प्रकृति र परिस्थिति एवम् कसुरको मात्रासमेतलाई विचार गर्दा निज प्रतिवादीले मृतकलाई मारौं नै भन्ने मनसायबाट मारेको नदेखिएको कारणबाट यी प्रतिवादी कुनकुन मेस्तरलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्दा पर्याप्त र ऐनको मकसदसमेत पूरा हुने देखिँदा निज प्रतिवादी कुनकुन मेस्तरलाई मलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम बमोजिम १० (दश) वर्ष कैद सजाय हुनुपर्ने भनी व्यक्त गरिएको पुनरावेदन अदालत जनकपुरको रायसमेत मनासिब ठहर्ने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७५-RC-००७८, कर्तव्य ज्यान, नेपाल सरकार वि. मन्त्रीधन राई*

मिति २०४९/७/१२ गते दिनको १:०० बजेको समयमा दाजु हर्कबहादुर राई घरदेखि माथिल्लो पट्टि भएको बारीमा रहेका बखत मन्त्रीधन राई आई मार्छु भनेको र लौ मार भनी दाजुले आत्मसमर्पण गरी सुती दिँदा मन्त्रीधन राईले माथिल्लो कान्लाबाट उफ्री दाजुको भुँडीमा हामफाली लात्तीले कुटपिट गर्दा दाजुको मृत्यु भएकोले निज मन्त्रीधन राईलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने किटानी जाहेरी परेको देखिन्छ । घटनाको प्रत्यक्षदर्शी मृतकको श्रीमती धनमाया राईले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्दा मन्त्रीधन राईले कान्लामाथिबाट पेटमा उफ्री लात्तीले कुटपिट गरेको कारण मेरो पति हर्कबहादुर राईको मृत्यु भएको हो र मलाईसमेत सोही समयमा तल्ला गरामा फालिदिएको हो भन्ने लेखाएको पाइन्छ । त्यसैगरी घटनाको अर्का प्रत्यक्षदर्शी आइशरा राईले पनि मौकामा कागज गर्दा सोही बेहोरा लेखाएको देखिन्छ। जाहेरवाला मानशेर राई, बुझिएका मानिसहरू धनमाया राई, आइशरा राई, हर्कबहादुर राई र शेखराज राईसमेतले अदालतमा आई आफ्नो मौकाको भनाइलाई समर्थन गर्दै बकपत्र गरेको देखिने।

मृतकको लासको टाउको पश्चिम, गोडा दक्षिण, दुवै हातको मुठ्ठी अर्ध परेको, लास उत्तानो परेको, आँखा दुवै चिम्लिएको, मुखको बायाँपट्टिबाट रगत निस्किएको, छाती र भुँडी निलो भई सुनिएको, लास सडीगली गएको, मृतकको पोष्टमार्टम गर्न नसक्ने भन्ने लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ। निज प्रतिवादी मौकामा फरार रहेको र अदालतबाट जारी भएको म्यादमा समेत निज उपस्थित भई आफूले दाबीबमोजिमको कसुर गरेको होइन भनी भन्न सकेको अवस्था देखिँदैन । जाहेरवाला र बुझिएका मानिसहरूको मौकाको कागज एवम् अदालतमा आई गरेको बकपत्रसमेतबाट मृतक हर्कबहादुर राईसँग निज प्रतिवादी मन्त्रीधन राईको मिति २०४९/७/१२ गते जग्गाको विषयमा झगडा हुँदा निज प्रतिवादीले हर्कबहादुर राईलाई मार्ने मनसायले माथिल्लो गराबाट उफ्री-उफ्री लात्तीले भुँडी तथा छाती जस्तो संवेदनशील अङ्गमा प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा निज प्रतिवादी मन्त्रीधन राईलाई अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू खोटाङ जिल्ला अदालतबाट मिति २०६५/१२/०५ मा भएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७५/०२/०७ भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।**

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७५-RC-०१०३, कर्तव्य ज्यान, नेपाल सरकार वि. केसे कामी*

प्रतिवादीले आफ्नो श्रीमती आइतु कामीलाई धारिलो हतियार बञ्चरोले टाउकोमा प्रहार गरी घाइते बनाई सोही चोट पीडाबाट मृतकको मृत्यु भएको तथ्य प्रतिवादीको साबिती बयान, प्रतिवादी एवम् मृतककी छोरी दिपा वि.क.को किटानी जाहेरी, बुझिएका मानिस नवराज सुनारले गरेको कागज तथा निजहरूले अदालतमा आई गरेको बकपत्र, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको देखिँदा निज प्रतिवादी केसे कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर

गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।११।५ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७४।५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी केसे कामीलाई १५ (पन्ध्र) वर्ष कैद सजाय हुन व्यक्त गरेको रायतर्फ हेर्दा यी प्रतिवादी केसे कामी र मृतक आइतु कामीबिच श्रीमान् श्रीमती रहेको तथ्यमा कुनै देखिँदैन। निज मृतक आइतु कामी सधैँभरि मादक पदार्थ सेवन वादविवाद गर्ने गरेकोमा मिति २०७३।८।३० गते विहान पनि श्रीमान्सँग भनाभन हुँदा श्रीमान्ले रिस थाम्न नसकी नजिकै रहेको बञ्चरोले टाउकोमा प्रहार गरी घाइते बनाई उपचारको क्रममा मृत्यु भएको देखिन्छ । उक्त परिदृश्यको मूल्याङ्कन गर्दा निज प्रतिवादीलाई ठहरेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने।

प्रतिवादी र मृतक श्रीमान् श्रीमती रहेको र निजहरूबिच सधैँजसो झैझगडा गरिरहने भन्ने देखिन्छ। वारदात हुनुअघि पनि निजहरूबिच भनाभन भएकोले सोही कारण तत्काल उठेको रिसले बञ्चरो प्रहार गरी हत्या गरेको भन्ने पाइन्छ । प्रतिवादीले श्रीमतीलाई डराउनको लागि बञ्चरोले भुइँमा हान्छु भन्दा टाउकोमा लाग्न गएको भनी बञ्चरो प्रहार गरेको कुरामा साबिती रहेको देखिन्छ। यी प्रतिवादीले आफ्नो श्रीमतीलाई मार्नु नै सम्मको पूर्वरिसिवी रहे भएको र सोही रिसइवी साँध्न वारदात घटाएको भन्ने देखिँदैन। घटनाको प्रकृति र परिस्थिति एवम् कसुरको मात्रासमेतलाई विचार गर्दा निज प्रतिवादीले मृतकलाई मारौं नै भन्ने मनसाय लिई मारेको नदेखिएबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय गर्दा पर्याप्त र ऐनको मकसदसमेत पूरा हुने देखिँदा निज प्रतिवादी केसे कामीलाई मलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुनुपर्ने भनी व्यक्त गरिएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको रायसमेत मनासिब ठहर्ने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का
कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७५ साल फाल्गुण ८ गते रोज ४ शुभम्।**

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-RC-०१०१, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुद्धिमान कुमाल*

प्रतिवादी बुद्धिमान कुमालले आफ्नो श्रीमती सुकुली कुमाललाई चिरूवा दाउराले टाउकोमा प्रहार गरी घाइते बनाई सोही चोट पीडाबाट मृत्यु भएको तथ्य प्रतिवादीको मौका र अदालतको बयान, प्रतिवादीकै छोराको किटानी जाहेरी, मृतकको भाइले मौकामा गरेको कागज र आफ्नो मौकाको भनाइलाई समर्थन गरी निजहरूले अदालतमा आई गरेको बकपत्र, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी बुद्धिमान कुमाललाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू नपलपरासी जिल्ला अदालतबाट मिति २०६७।२।१८ मा भएको फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

अब यी प्रतिवादी बुद्धिमान कुमाललाई अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुन सुरू अदालतले राय लगाएकोसम्म नमिलेको भनी उच्च अदालत तुलसीपुर, बुटबल इजलासबाट १० (दश) वर्ष कैद सजाय हुन व्यक्त गरेको रायतर्फ हेर्दा यी प्रतिवादी र मृतक श्रीमान् श्रीमती रहेको तथ्यमा विवाद देखिँदैन। निजहरू रक्सी सेवन गरी बारम्बार

झगडा गरिरहने र मिति २०६७।४।२६ गते घटना घटेको दिन पनि बिहानदेखि पटकपटक रक्सी सेवन गरी झगडा हुँदा निज प्रतिवादीले नजिकै रहेको सालको चिरूवा दाउराले टाउकोमा प्रहार गरी घाइते बनाई पैसा नभएकोले उपचार गर्न नसकी सोही चोट एवम् पीडाको कारणबाट मिति २०६७।४।३० गते आफ्नै घरमा मृतकको मृत्यु भएको अवस्था छ । उक्त परिदृश्यको मूल्याङ्कन गर्दा निज प्रतिवादीलाई ठहरेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने ।

कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। त्यसैगरी अ.बं. १८८ नं. प्रयोग गर्दा उपयुक्त जष्टिफिकेसन हुनुपर्ने भन्ने सम्बन्धमा ने.का.प. २०७४, अङ्क ७, नि.नं. ९८३६ को केदार माझी विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा भएको व्याख्याअनुसार घटना भएको दिन यी प्रतिवादीले आफ्नो श्रीमतीसँगै बसी पटक पटक रक्सी सेवन गरेको देखिन्छ । वारदातस्थलमा नै रक्सीको नसामा निजहरूबिच झैझगडा भई प्रतिवादीले छोडेको चोटबाट प्रतिवादीको श्रीमती घाइते भई गरिबीको कारण उपचार गर्न नसकी घटना भएको ४ दिनपछि मृत्यु भएको अवस्था देखिन्छ । प्रतिवादीले जोखिमी हतियार प्रयोग गरेको देखिँदैन । सालको चिरूवा दाउराले प्रहार गरेको देखिन्छ । घटनाको प्रकृति र परिस्थिति एवम् कसुरको मात्रासमेतलाई विचार गर्दा निज प्रतिवादीले मृतकलाई मारौं नै भन्ने मनसायबाट मारेको नदेखिएको कारणबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.वं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्दा पर्याप्त र ऐनको मकसदसमेत पूरा हुने देखिँदा निज प्रतिवादी बुद्धिमान कुमाललाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम बमोजिम १० (दश) वर्ष कैद सजाय हुनुपर्ने भनी व्यक्त गरिएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको रायसमेत मनासिब ठहर्ने ।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का
कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७५ साल फाल्गुण ८ गते रोज ४ शुभम्।**

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-WO-०३१४, उत्प्रेषण, परमादेशसमेत, प्रविणकुमार शर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत*

जिल्ला अदालतमा दर्ता भएको ठगी मुद्दामा प्रतिवादीको बयान कार्य सम्पन्न भएपछि मुद्दामा पेस भएका प्रमाणको मूल्याङ्कनका आधारमा प्रतिवादीलाई थुनामा राख्ने वा धरौटी माग गर्ने वा साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गर्न आदेश जारी गर्ने अधिकार जिल्ला अदालतलाई हुन्छ । त्यस्तो आदेशउपर उच्च अदालतमा निवेदन परेमा जिल्ला अदालतबाट भएको आदेश रीतपूर्वक भए नभएको जाँच गर्न सक्ने अधिकार उच्च अदालतलाई हुन्छ । ठगी मुद्दामा भएको थुनछेक आदेश बेरितपूर्वकको हो होइन ? भन्ने विषय सम्बन्धित मुद्दाबाट हेरी सकेको अवस्थामा रिट निवेदनबाट निर्णय गर्दा मातहत अदालतमा चलेको मुद्दासमेतमा असर पर्न सक्ने हुन्छ । त्यसकारण मातहत अदालतमा साधारण क्षेत्राधिकारअन्तर्गत चलेको ठगी मुद्दामा भएको थुनछेक आदेशको निरूपण रिट क्षेत्राधिकारबाट गर्नु उचित नहुने।

तसर्थ, साधारण उपचारको बाटो अवलम्बन गरी मुद्दाको प्रक्रियामा धरौटी माग गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।१०।२४ मा भएको थुनछेक आदेश र सो आदेशलाई सदर गरी उच्च

अदालत पाटनबाट मिति २०७४।१२।८ र मिति २०७५।४।१७ मा भएको आदेशले यी रिट निवेदकको कुन कुन संवैधानिक तथा कानूनी हक अधिकार उपभोग गर्न के कसरी आघात पुगेको हो। सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन। कानूनबमोजिम भएको थुनछेक आदेशको विषयले निवेदकको संवैधानिक हक एवम् कानूनी हक अधिकार हनन हुने अवस्था आउँदैन। सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ। कानूनबमोजिम भएको कार्यले निवेदकको हक अधिकार हनन नभएको अवस्थामा त्यस्तो कार्यउपर रिट निवेदन जारी गर्न मिल्ने देखिँदैन। अत: प्रस्तुत रिट निवेदनमा काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनसमेतको कानूनबमोजिम गरेको आदेशबाट यी रिट निवेदकको मौलिक हक एवम् कानूनी हक अधिकार हनन भएको अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत(उपसचिव): रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।**

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-RC-००९९, कर्तव्य ज्यान, नेपाल सरकार वि. अगवीर खत्री*

प्रतिवादीमध्येकी ललिता वलीले मौकामा र अदालतमा बयान गर्दा मेरो श्रीमान् दुई वर्षपहिला कमाईको लागि भारततर्फ गएकोले २०६४ साल असोज महिनादेखि प्रतिवादी अगवीर खत्रीसँग अवैध यौन सम्पर्क राख्दै आएकोमा निजको गर्भ रहन गएकोले बच्चा के गर्ने हो भनी सोध्दा निजले बच्चा जन्मने बित्तिकै मारी फालिदिनु भनेकोले सोअनुसार मैले मिति २०६५।४।१६ गते अन्दाजी ५ बजेको समयमा दुई वटा बच्चाहरू जन्म दिई लोक लाजका कारण जन्मेका बच्चाहरूलाई घाँटी थिची कर्तव्य गरी मारी खाल्डो खनी पुरेको हुँ भन्ने बेहोरा लेखाएको र यी प्रतिवादी अगवीर खत्रीले वचन दिएअनुसार सहप्रतिवादीले उक्त घटना घटाएको भन्ने देखिन्छ। प्रतिवादी ललिता वलीले दुईवटा बच्चा जन्माई निज र प्रतिवादी अगवीर खत्रीले मारेको शंका लाग्छ। सो कुरा निज ललिता वलीले गरेको बयानबाट समेत समर्थन भएको छ भनी जाहेरवाला बहादुर वली, बुझिएका मानिस मनध्वज खड्का र घटनास्थल मुचुल्काका मानिस ज्योति सार्कीले अदालतमा आई आफ्नो मौकाको भनाइलाई पुष्टि गर्दै बकपत्र गरेको देखिने।

प्रतिवादी अगवीर खत्रीको नाउँको वारेन्टसहितको म्यादी पुर्जी निजको बाबुले मिति २०६५।६।२ मा बुझी निज प्रतिवादीले सुरू म्याद गुजारी अदालतमा उपस्थित भएको नदेखिने।

प्रतिवादी ललिता वली र प्रतिवादी अगवीर खत्रीबिच गोप्य यौन सम्बन्ध रहेको, सो यौन सम्बन्धको कारण प्रतिवादी ललिता वलीको गर्भ रहन गएको, सामाजिक लोकलाजबाट बच्नको लागि सो गर्भ के कस्तो व्यवस्थापन गर्ने भनी प्रतिवादीहरूबिच गोप्य रूपमा भएका वार्तालाप एवम् गर्भ बोकाउने प्रतिवादी अगवीर खत्रीले दिएको वचन सम्बन्धमा मौकामा कागज गर्ने मानिसहरूको कथन र अदालतमा आई गरेको बकपत्र एवम् सहप्रतिवादी ललिता वलीकै भनाइबाट यी प्रतिवादी अगवीर खत्रीले वचन दिएको कारण सहप्रतिवादीले उक्त घटना घटाएको देखिएबाट निज प्रतिवादी अगवीर खत्रीले आरोपित कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू रूकुम जिल्ला अदालतबाट मिति २०७२।१२।१० मा भएको फैसला उल्टी गरी निज प्रतिवादी अगवीर खत्रीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(४) नं. को कसुर अपराधमा ऐ. १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरी उच्च अदालत तुल्सीपुरबाट

मिति २०७४।९।४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।**

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०६६-WO-१२४०, उत्प्रेषण, नवदत्त रेग्मी वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखरासमेत

जिल्ला प्रहरी कार्यालय, गोरखामा मिति २०६५।३।१५ गते राति भएको घटनामा यी निवेदकले मुख्य भूमिका खेलेको र प्रहरी नियमावली, २०४९ को नियम ८८ को (ग),(ङ),(च) र (ज) को कसुर गरेकोमा ऐ. ऐ. को नियम ८४(छ) बमोजिम किन कारबाही नगर्ने भनी मिति २०६५।४।१ मा पहिलो पटक र मिति २०६५।४।५ मा दोस्रो पटक स्पष्टीकरण सोधी निजको स्पष्टीकरण सन्तोषजनक नभएको र निवेदकले गरेको कार्यहरू प्रहरी सङ्गठनको मर्यादा, आचरणविपरीत हुनुका साथै अनुशासनको उल्लङ्घन र लापरबाही गरेको देखिएको भन्ने आधारमा मिति २०६५।४।८ मा ऐ. ऐ. नियमावलीको नियम ८४ (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने निर्णय भएको।

निवेदक नवदत्त रेग्मीलाई लागेको आरोपको सम्बन्धमा आफ्नो बेहोरा पेस गर्न दुई पटक अवसर दिई निजले पेस गरेको स्पष्टीकरण मनासिब नभएको भन्ने आधारमा निजले गरेको कसुरको मात्रासमेतलाई विचार गरी निज नवदत्त रेग्मीलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी गण्डकी अञ्चल प्रहरी कार्यालय, पोखराबाट मिति २०६५।४।८ मा खडा गरेको निर्णय पर्चा र त्यसलाई सदर गर्ने गरेको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको मिति २०६७।१।२० को पुनरावेदनउपरको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।

निवेदकले रिट निवेदनमा आफूलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी गण्डकी अञ्चल प्रहरी कार्यालय, पोखराले गरेको कारबाही र सोउपर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरामा पुनरावेदन गरी सो कार्यालयबाट समेत सुरू निर्णय सदर हुने गरी गरेको फैसलाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१) र १९(१) ले प्रत्याभूत गरेका मौलिक हकहरूको हनन भएकोले सोही संविधानको धारा ३२ र १०७(२) बमोजिम संवैधानिक हकहरूको संरक्षणको लागि भनी प्रस्तुत रिट दिएको देखिन्छ। निजले दाबी लिएको संविधानको धारा १२, १३ र १९ मा व्यवस्था भएका मौलिक हकको निजलाई विभागीय कारबाही गर्दा के कति कारणले संविधानको प्रतिकूल छ भनी रिट निवेदनमा प्रस्ट खुलाउन सकेको पाइँदैन। यस अवस्थामा आफूलाई गण्डकी अञ्चल प्रहरी कार्यालय, पोखराले सेवाबाट हटाएको निर्णय र सो निर्णयलाई नै सदर गरेको पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखराको निर्णय बदर गरी सेवामा बहाल गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन तथा निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहससँग सहमत हुन नसकिने।

अतः गण्डकी अञ्चल प्रहरी कार्यालय, पोखराले निवेदकलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिने गरी भएको मिति २०६५।४।८ को निर्णय र सो निर्णयलाई नै सदर गरेको पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखराको मिति २०६७।१।२० को निर्णय कानूनसम्मत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल फागुन २० गते रोज ३ शुभम्।**

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०६८-WO-०९२६, *उत्प्रेषण, पुरूषोत्तम डंगोल वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं*

रिट निवेदक स्वयंले आफ्नो रिट निवेदनमा संयुक्त राष्ट्र सङ्घ मिसन UNHCR, South Sudan मा काम गर्न जाँदा सुरूदेखि नै मौखिक जानकारी गराई गएको भनी लेखेको देखिन्छ। यसरी मौखिक रूपमा जानकारी गराई १७८ दिन घर बिदा स्वीकृत भएको पनि देखिन्छ। यसरी स्वीकृत भएको घर बिदाको अवधि हेर्दा यी रिट निवेदकले प्रहरी प्रधान कार्यालयबाट प्रहरी नियमावली, २०४९ को नियम ७७ मा "यस नियमावलीबमोजिम बिदा नलिई कुनै प्रहरी कर्मचारी गैरहाजिर हुन पाउने छैन" भन्ने नियमविपरीतको सुविधासमेत पाएकै देखिन्छ। जहाँसम्म मिति २०६५।१२।१३ देखि मिति २०६६।२।१५ सम्मको घर बिदा दिएकोमा सो पनि मैले पूर्ववत् सुविधा पाएअनुसार अब पनि पाई नै हाल्ने छु भनी बिदा पेस गरी स्वीकृतिको जानकारी नलिई गएको भन्ने निजको निवेदन जिकिर हेर्दा, प्रहरी नियमावली, २०४९ को नियम ५४ (२) मा "घर बिदा बढीमा एक सय असी दिनसम्म सञ्चित राख्न सकिने छ" भन्ने कानूनी व्यवस्था रहेबाट यी निवेदकले आफ्नो सञ्चित हुने घर बिदा १८० दिनमा मात्र २ दिन बाँकी रहेको अवस्थामा निजले पछिल्लो पटक घर बिदाको लागि मिति २०६५।१२।११ मा पेस गरेको निवेदनमा पुनः करिब २ महिनाभन्दा बढी दिनको घर बिदाको निवेदन पेस गरी बिदा स्वीकृत भएको पनि जानकारी नै नलिई बसेको कार्यलाई प्रहरी सङ्गठनको अनुशासन र आचरणविपरीतका गैरकानूनी कार्य मान्नुपर्दछ। प्रहरी सङ्गठनको अनुशासन र आचरणविपरीतका कार्य गर्ने प्रहरी कर्मचारीलाई कार्य गम्भीरताको आधारमा प्रहरी नियमावली, २०४९ को नियम ८८ को (क) देखि (छ) सम्मको कसुरमा सजाय गर्ने अधिकारीले ऐ. ऐ. नियमावलीको नियम ८४ को (क) देखि (ज) सम्म नसिहत दिनेदेखि भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्नेसम्मको सजाय गर्नसक्ने व्यवस्था गरेको पाइन्छ। यी निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसुरमा नियम ८४(छ) बमोजिम किन कारबाही नगर्ने भनी मिति २०६६।७।१७ मा स्पष्टीकरण सोधिएको थियो । निजले स्पष्टीकरण सोधिएको म्याद भित्र स्पष्टीकरण पेस नै नगरेको मिसिल संलग्न रहेको प्रमाण फायलबाट देखिन्छ । यसरी निवेदकले आफूलाई सोधिएको स्पष्टीकरणको अवज्ञा गरेकोलगायतका कार्यहरू प्रहरी सङ्गठनको मर्यादा तथा आचरणविपरीत अनुशासनहीन देखिएको भन्ने आधारमा मिति २०६६।८।२६ मा ऐ. ऐ. नियमावलीको नियम ८४ (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको गृह मन्त्री स्तरीय निर्णय र सो निर्णयलाई नै सदर गरेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयमा कुनै कानूनी त्रुटि देखिन नआउने।

निवेदकले रिट निवेदनमा आफूलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी गृह मन्त्री स्तरीय निर्णय र सोउपर नेपाल सरकार मन्त्रिपरिषद्मा पुनरावेदन गरेकोमा मन्त्रिपरिषद्बाट समेत सुरू निर्णय सदर हुनेगरी गरेको फैसलाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ ले प्रत्याभूत गरेका मौलिक हकहरूको हनन भएकोले सोही संविधानको धारा ३२ र १०७(२) बमोजिम संवैधानिक हकहरूको संरक्षणको लागि प्रस्तुत रिट क्षेत्राधिकारको दाबी लिएको देखिन्छ । निजले दाबी लिएको संविधानको धारा १२, १३, १८ मा व्यवस्था भएका मौलिक हकको निजलाई विभागीय कारबाही गर्दा के कति कारणले संविधानको प्रतिकूल छ भनी रिट निवेदनमा प्रस्ट खुलाउन सकेको

पाइँदैन। यस अवस्थामा आफूलाई गृह मन्त्री स्तरीय निर्णयले सेवाबाट हटाएको र सो निर्णयलाई नै सदर गरेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बदर गरी सेवामा बहाल गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदनसँग सहमत हुन नसकिने।

गृह मन्त्री स्तरीय निर्णयले निवेदकलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिने गरी गरेको मिति २०६५।८।२६ को निर्णय र सो निर्णयलाई नै सदर गरेको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।२।२१ को निर्णय कानूनसम्मत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल फागुन २० गते रोज ३ शुभम्।**

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६९-CR-०६१८, ०७१०, ०९४७, अपहरण तथा शरीर बन्धक एवं ज्यान मार्ने उद्योग, नुरूद्दीन पठान वि. नेपाल सरकार, जाहिद गद्दि भन्ने जाहिद अलि बन्जारा वि. नेपाल सरकार, नेपाल सरकार वि. नुरूद्दीन पठान*

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू चिनक भन्ने नजाबुद्दिन तेली, सहबुद्दिन तेली र दिलसाद मुसलमानलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ र २ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम सजाय भएउपर निज प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन परेको देखिँदैन । निज प्रतिवादीहरूले निजहरूले कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसला स्वीकार गरेबाट अभियोग दाबीबमोजिमको कसुर स्वीकार गरेको मान्नुपर्ने हुन आई त्यसतर्फ विचार गरिरहन नपर्ने।

चिनक भन्ने निजाबुद्दिन तेली, सहबुद्दिन तेली र दिलसाद मुसलमानसमेतको संलग्नतामा अपराध भएको भनी अभियोगदाबी दायर भएको एवं यी प्रतिवादीहरूबाहेक प्रतिवादीहरू जाहिद अलि बन्जारा र नुरूद्दिन पठानलाई सजाय हुने ठहरी फैसला भएकोसमेतबाट यी प्रत्यर्थी प्रतिवादीहरूसमेत भई पीडितलाई अपहरण गरेको कसुर स्थापित भएको अवस्थामा २ जनाभन्दा बढी प्रतिवादीहरू वारदातमा संलग्न भई कसुर गरेको ठहरेको अवस्थामा उल्लिखित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को कानूनी प्रावधान निज प्रतिवादीहरूको हकमा आकर्षित हुने नै देखिएकोमा उक्त कानूनी व्यवस्थाअनुसार निज प्रतिवादीहरूलाई थप सजाय गर्नुपर्नेमा सोबमोजिम थप सजाय नगरेको हदसम्म पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिने।

प्रत्यर्थी प्रतिवादी विन्दु सिंहलाई सफाइ दिने गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, निज प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी र अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको पाइयो । निजको इन्कारी बयानलाई निजको साक्षी कृष्णकुमार सिंहले समर्थन गरी बकपत्र गरेको देखिन्छ । सहप्रतिवादीहरूले समेत मौकामा बयान गर्दा निज प्रतिवादीलाई पोल गर्न सकेको पाइँदैन । अभियोजन पक्षले निज विरूद्धको कसुर शंकारहित तवरले तथ्यगतरूपमा पुष्टि गर्न नसकेको अवस्थामा निज प्रतिवादीसमेत वारदातमा संलग्न भई कसुर अपराध गरेको मान्न मिल्ने नदेखिएकोले निज प्रत्यर्थी प्रतिवादी विन्दु सिंहलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीहरूले लु.५ प, २५८४ नं. को मोटरसाइकल कब्जामा लिई फिर्ता नगरेको हुँदा सो मोटरसाइकलको बिगोसमेत भराइपाउँ भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरतर्फ हेर्दा,

लु.५ प, २५८४ नं. को मोटरसाइकल खोजतलास गर्दा फेला नपरेको भन्ने प्रहरीको प्रतिवेदनबाट देखिन्छ । यसरी कब्जामा लिइएको भनिएको मोटरसाइकल के कुन अवस्थामा छ भन्ने तथ्य नै पत्ता नलागेको अवस्थामा प्रतिवादीहरूबाट सो मोटरसाइकलको बिगो भराइदिनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी जहिद गछि भन्ने जाहिद अलि बन्जाराले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरे तापनि मौकामा कसुरमा साबित रही बयान गरेको, निजको सो बयान मिसिल संलग्न प्रमाणबाट समर्थित भइरहेको देखिँदा निज प्रतिवादीको प्रस्तुत कसुर अपराधमा संलग्नता रहेको पुष्टि हुन आएकाले निजलाई अभियोग दाबीअनुसार कसुरदार कायम गरी सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने निज पुनरावेदकको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अर्का प्रतिवादी नुरूद्दिन पठानको हकमा विचार गर्दा घाइते अकवाल हुसेनको भिनाजु इस्तियाक अहमदले यी प्रतिवादीसमेतले अकवाल हुसेनलाई अपहरण गरी पीडित घाइतेकै मोबाइलबाट ५० करोड माग गरेको, नदिए मारिदिने धम्कीसमेत दिएको भनी मौकामा कागज गरेको देखिन्छ । निज प्रतिवादीको अदालतसमक्षको बयानमा मलाई फसाउन मेरो मोबाइल नम्बरबाट फोन गरे होलान् भनी घटित वारदातमा आफ्नो मोबाइल प्रयोग भएको कुरा स्वीकार गरेको पाइयो । यसरी फिरौती माग्ने कार्यमा आफ्नो मोबाइल फोन प्रयोग भएको तर आफूले सो कार्य नगरेको अडान लिए तापनि सो कुरालाई पुष्टि भने गर्न सकेको पाइँदैन । तसर्थ, अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी नुरूद्दिन पठानको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्तानुसार प्रतिवादीहरू दिलसाद मुसलमान, चिनक भन्ने निजाबुद्दिन तेली, सहवुद्दिन तेलीको हकमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. अनुसार कसुर कायम भई सजाय भएकोमा ऐ. को ७ नं. अनुसार २ वर्ष थप कैद गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. अनुसार निज प्रतिवादीहरू दिलसाद मुसलमान, चिनक भन्ने निजाबुद्दिन तेली, सहाबुद्दिन तेलीलाई उक्त मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ७ नं. अनुसार थप जनही २(दुई) वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादी विन्दु सिंहको हकमा वादी नेपाल सरकार र प्रतिवादीहरू जाहिद गद्दी भन्ने जाहिद अलि बन्जारा र नुरूद्दिन पठानको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हिरा डंगोल

**इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम्।**

१७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CR-१३३८, १४०८, ०७२-CR-००१४, ०१६१, कर्तव्य ज्यान, नेपाल सरकार वि. ङिमारितर घलेसमेत, ङिमाछवाङ लामासमेत वि. नेपाल सरकार, छोसाङ्गीधावा लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. सोनामफुञ्जोक लामासमेत*

प्रतिवादीहरू ङिमारितर घले, ध्योछेवेल लामा, मिङमार तेञ्जिङ लामा, छोसाङ्गी धावा लामा, छोपूर्वा लामा, धोरितर लामा, लाक्पाढुण्डुल लामा,......................... (रितर छोक्टुको छोरा) मृतकहरूलाई मार्ने कार्यमा संलग्न रहेको पुष्टि हुने विवादरहित तथ्यगत प्रमाणको अभाव रहेको देखिँदा निज प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन

जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूमध्ये डिमारितर घले, ध्योछेवेल लामा, मिङमारतेञ्जिङ लामा, छोसाङ्गीधावा लामा, छोफुर्पा लामा, धोरितर लामा, लाक्पाढुण्डुल लामा र पासाङछेवेल लामा (रितर छोक्टुको छोरा) को पुनरावेदन जिकिरतर्फ हेर्दा माथिका प्रकरणहरूमा उल्लेख भएअनुसार यी पुनरावेदक प्रतिवादीहरूले मृतकहरूको लास दबाउने कार्यमा आफूहरूको संलग्नता रहेको भनी र अदालतमा भएको बयानमा स्वीकार गरेको देखिन्छ। साथै प्रतिवादी डिमा रितर घलेले सोनाम पासाङ घले, सोनामफुञ्जोसमेतका व्यक्तिहरूले चक्कु छुरी हानी मारेका हुन्, प्रतिवादी छोसाङ्गीधावा लामाले सोनाम लामासमेतले ढुङ्गाले हानेका हुन्, प्रतिवादी ध्योछेवेल लामाले सोनाम लामासमेतले घेरा हाली चक्कुसमेत प्रहार गरी मारेका हुन, प्रतिवादी धोरितर लामाले नाङ्गाधावाले ढुङ्गाले हान्यो, सोनाम लामाले चक्कुले हानेका हुन्, प्रतिवादी लाक्पा ढुण्डुल लामाले नाङ्गाधावा लामासमेतले मारेका हुन् र प्रतिवादी पासाङ छेवेल लामाले घाङराङ लेकमा ढुङ्गा, लाठी प्रयोग गरी पासाङ लामा, सोनाम फुञ्जो लामासमेतले मारेको हो भनी अदालतमा बयान गरेको देखिन्छ। यसरी निजहरूको अदालतको बयानबाट परस्पर पोल गरेकोसमेत देखिन आएकाले निजहरूले ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम कसुर गरेको ठहऱ्याई निजहरूलाई जनही ६ महिना कैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आएकाले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने निज पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू फुर्वाठेले लामा, कृष्णबहादुर लामा, छोकर्साङ लामा, फुरिदुल लामा, कर्म गुरूङ र फुञ्जोपाल्देन लामाले आफूहरूले अभियोग दाबीअनुसार कसुर नगरेको भनी इन्कार रहेका देखिन्छन्। आफूहरूले कसुर गरेमा अदालतमा आई साबिती बयान गर्ने अन्य सहप्रतिवादीहरूले गरेको बयानमा यी प्रतिवादीहरूले प्रस्तुत वारदात, घटनामा संलग्न रही यो यस्तो कार्य गरेका हुन् भनी लेखाएको अवस्था पनि देखिँदैन। वारदात/घटनासँग सम्बन्धित कुनै दसी प्रमाण यी प्रतिवादीहरूको साथबाट बरामद भएको देखिँदैन। जाहेरवालाहरूले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीहरूले यो यस्तो कार्य गरेका हुन् भनी खुलाउन सकेको देखिन आउँदैन। यी प्रतिवादीहरू प्रस्तुत वारदातमा संलग्न रही मृतकहरूलाई मार्ने कार्यमा यो यस किसिमले संलग्न रहेको देखिएको भनी अभियोजन पक्षले विवादरहित तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको भनी अभियोग दाबीमा उल्लेख गरेको नपाइएको र पुनरावेदनमा समेत यी प्रतिवादीहरू उपरको अभियोग यो यस्तो तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको छ भनी उल्लेख गर्न सकेको नदेखिएको स्थितिमा प्रत्यक्षदर्शी रहेका जाहेरवालाहरूको जाहेरी दरखास्तमा यी प्रतिवादीहरूको नाम उल्लेख गरेको एवं विवादरहित सबुद प्रमाणबाट समर्थित नभएको यी प्रतिवादीहरूको मौकाको बयानको मात्र आधारमा निजहरूलाई अभियोग दाबीअनुसार सजाय गर्नु सर्वमान्य फौजदारी न्याय सिद्धान्त प्रतिकूल हुन जाने हुँदा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिएकाले निज प्रतिवादीहरू फुर्वाठेले लामा, कृष्णबहादुर लामा, छोकर्साङ लामा, फुरिदुल लामा, कर्म गुरूङ र फुञ्जोपाल्देन लामालाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूसमेतको बयानबाटै जाहेरी समर्थित भएको, जाहेरवालाहरूले जाहेरीलाई समर्थन गरी अदालतमा बकपत्र गरेका, घटनास्थल मुचुल्का, बरामद भएका २ वटा लासको परीक्षण प्रतिवेदन (POST MORTEM REPORT), सो लासको

लासप्रकृति मुचुल्का, लास गाडिएको भनिएको ठाउँको घटनास्थल मुचुल्का, सो ठाउँमा भेटिएको रौँ, नङ, दाँत मानिसको भएको र बरामद भएका कपडामा लागेका रगत मानिसको भएको भन्ने वैज्ञानिक परीक्षण प्रतिवेदनसमेतबाट वारदात पुष्टि भइरहेको देखिएको समेतका मिसिल संलग्न प्रमाणहरूका आधारमा यी प्रतिवादीहरू सोनामखाम्सुङ घले, लाप्साङफुञ्जो लामा, सोनामछेवेल लामा, छोसाङ्गीधावा लामा, टसीछेसाङ घले, सुरेश तामाङ, पासाङछेवेल लामा (सोनाम फुञ्जोको छोरा), छिरिङलोप्साङ लामा, कर्मातेञ्जिङ लामा, लाक्पासोनाम लामा, फुञ्जोवाङदी लामा, नुर्पाछिरिङ घले, पासाङफुञ्जो लामा, नाङछवाङ लामा, धावाछिरिङ लामा, पेम्बाछेवेल लामा, लाक्पाठोगेल लामा, कर्माटसी घले, सोनामपासाङ घले र घोघ्याल्चेन लामा समेतको मृतकहरूलाई मार्ने कार्यमा संलग्नता रहेको भनी निजहरूलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

सुरु मनाङ जिल्ला अदालतले कसुरदार कायम गरी अभियोग दाबीअनुसार सजाय हुने ठहऱ्याएको फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन नगर्ने प्रतिवादी सोनामफुञ्जोक लामाको हकमा साधक सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिले नमिलेतर्फ हेर्दा निज प्रतिवादीले आरोपित कसुर गरेमा पूर्ण साबित भई अनुसन्धान अधिकारीसमक्ष बयान गरेका र अदालतसमक्ष समेत सोहीअनुरूप बयान गरेको, माथि उल्लेख भएअनुसार कर्तव्यबाट मृतकहरूको मृत्यु भएको भन्ने जाहेरी, घटनास्थल मुचुल्का, बरामद भएका २ वटा लासहरूको लासप्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, ५ वटा लासहरू गाडिएका भनिएको ठाउँ (खाडल) को घटनास्थल मुचुल्का, सो खाडलमा फेला परी बरामद भएका रौँ, नङ, दाँत, रगत लागेका कपडाहरू परीक्षण हुँदा उक्त वस्तुहरू र कपडामा लागेको रगत मानिसको रहे भएको भन्ने केन्द्रीय विधि विज्ञान प्रयोगशालाको राय प्रतिवेदनहरूसमेतका प्रत्यक्ष प्रमाणहरूबाट वारदात पुष्टि भइरहेको र कसुरदार ठहरेका अन्य प्रतिवादीहरूको बयानसमेतबाट मृतकहरूलाई मार्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको तथ्यत: पुष्टि भइरहेको देखिएकाले मिसिल संलग्न प्रमाणहरूका आधारमा निजलाई कसुरदार कायम गरी अभियोग दाबीअनुसार सजाय हुने ठहऱ्याएको जिल्ला अदालतको फैसला साधकको रोहबाट सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू सोनामखाम्सुङ घले, लाप्साङफुञ्जो लामा, सोनामछेवेल लामा, छोसाङ्गीधावा लामा, टसीछेसाङ घले, सुरेश तामाङ, पासाङछेवेल लामा (सोनाम फुञ्जोको छोरा), छिरिङलोप्साङ लामा, कर्मातेञ्जिङ लामा, लाक्पासोनाम लामा, फुञ्जोवाङदी लामा, नुर्पाछिरिङ घले, पासाङफुञ्जो लामा, नाङछवाङ लामा, धावाछिरिङ लामा, पेम्बाछेवेल लामा, लाक्पाठोगेल लामा, कर्माटसी घले, सोनामपासाङ घले र घोघ्याल्चेन लामाले अदालतमा गरेको बयानबाट निजहरूले मृतकहरूउपर गम्भीर चोट छाडेको भन्ने नदेखिएको, यसैको चोटबाट मृतकहरूको मृत्यु भएको हो भन्ने पनि मिसिलबाट खुल्न सकेको स्थिति नरहेको र निज प्रतिवादीहरूले वारदातमा संलग्न हुँदा निर्वाह गरेको कसुरजन्य भूमिकालगायत उनीहरूले प्रयोग गरेको भनी स्वीकार गरेका हतियारहरूको प्रकृति, वारदात हुँदाको अवस्था परिस्थिति, निज प्रतिवादीहरूको उमेर, पेसा, व्यवसाय, पारिवारिक स्थिति, स्थानीय रहनसहन र पेसासमेतको अवस्थालाई विचार गर्दा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही कैद वर्ष १० (दश) सजाय गर्ने भनी

जाहेर गरेको पुनरावेदन अदालतको रायसमेत अन्यथा नदेखिने ।

अतः माथि उल्लिखित आधार, कारणसमेतबाट प्रतिवादीहरूमध्ये पुनरावेदक प्रतिवादीहरू ङिमाछवाङ लामा, नाङ्गाधावा लामा, सोनाम लामा, कर्मावाङ्गेल लामा, छोसोनाम लामालाई अभियोग दाबीअनुसार कसुरदार कायम गरी सजाय गर्ने गरेको सुरू मनाङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको साथै प्रतिवादीहरूमध्ये ङिमारितर घले, ध्योछेवेल लामा, छोफुर्वा लामा, धोरितर लामा, लाक्पाढुण्डुल लामा, पासाङछेवेल लामा (रितरछोक्टु लामाको छोरा) छोसाङ्गीधावा लामा, मिङमारतेञ्जिङ लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४नं. बमोजिम जनही ६ महिना कैदको सजाय हुने ठहऱ्याएको एवं प्रतिवादीहरूमध्ये कर्म गुरूङ, कृष्णबहादुर लामा, फुर्वाठेले लामा, छोकर्साङ लामा, फुरिदुल लामा, फुञ्जोपाल्देन लामालाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने र सुरू जिल्ला अदालतले अभियोग दाबीअनुसार कसुर कायम गरी सजाय हुने ठहऱ्याएको फैसलाउपर पुनरावेदन नगर्ने प्रतिवादी सोनामफुञ्जोक लामाको हकमा साधक सदर हुने ठहऱ्याएको तथा प्रतिवादीहरूमध्ये सोनामखाम्सुङ घले, लाप्साङफुञ्जो लामा, सोनामछेवेल लामा, छोसाङ्गीधावा लामा, टसीछेसाङ घले, सुरेश तामाङ, पासाङछेवेल लामा (सोनाम फुञ्जोको छोरा), छिरिङलोप्साङ लामा, कर्मातेञ्जिङ लामा, लाक्पासोनाम लामा, फुञ्जोवाङदी लामा, नुर्पाछिरिङ घले, पासाङफुञ्जो लामा, नाङछवाङ लामा, धावाछिरिङ लामा, पेम्बाछेवेल लामा, लाक्पाठोगेल लामा, कर्माटसी घले, सोनामपासाङ घले र घोघ्याल्चेन लामालाई अभियोग दाबी अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. को कसुरमा ऐ.१३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई निजहरूलाई सो नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा ऐ. ऐन, अ.बं. १८८ नं. बमोजिम निजहरूलाई जनही कैद वर्ष १० हुने भनी जाहेर गरेको रायसमेत मनासिब देखिँदा पुनरावेदन अदालतको उक्त रायसहित साधकसमेत सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार, पुनरावेदक प्रतिवादीहरू ङिमाछवाङ लामा, नाङ्गाधावा लामा, सोनाम लामा, कर्मावाङ्गेल लामा, छोसोनाम लामा एवं छोसाङ्गीधावा लामा, ङिमारितर घले, ध्योछेवेल लामा, छोफुर्वा लामा, धोरितर लामा, लाक्पाढुण्डुल लामा र पासाङछेवेल लामा (रितर छोक्टु लामाको छोरा) को पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने, इशा सुवेदी

कम्प्युटर: मञ्जु खड्का

**इति संवत् २०७५ साल पौष १ गते रोज १ शुभम् ।**

१८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-WO-१०४६, उत्प्रेषणयुक्त परमादेश, तेजप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक तेजप्रसाद चौलागाईले मिति २०७०।४।१ मा एभरेष्ट बैंक लि. मा रकम जम्मा गर्दा भरेको फाराम तथा बैंकले उक्त रकम बुझी निवेदकलाई दिएको र.नं. २१२१३ को रसिदमा समेत रू. ५,००,०००।- अनुमतिपत्र नवीकरणबापत रकम बुझाएको भन्ने बेहोरा उल्लेख भएकोले निजले मिति २०७०।४।१ मा र.नं. २१२१३ मार्फत एभरेष्ट बैंकमा रकम जम्मा गर्दा अनुमतिपत्र नवीकरणबापतको रकम मात्र बुझाएको र रोयल्टीबापतको रकम नबुझाएको भन्ने नै देखिने ।

रिट निवेदकले आधुनिक मेसिन र उपकरणबाट खेल खेलाउन आ.व. ०७०।७१ को लागि अनुमतिपत्र नवीकरणबापत मिति २०७०।४।१ मा र.नं.२१२१३ मार्फत रू.५,००,०००।- दाखिला गरेको तर सो

आ.व. को क्यासिनो रोयल्टीबापत रकम दाखिला गरेको नदेखिएको अवस्थामा विपक्षीहरूमध्येको पर्यटन विभागले आ.व.०७०।७१ को रोयल्टीबापतको बक्यौता बुझाउन निवेदक कम्पनीलाई मिति २०७२।९।२३ मा पत्राचार गरी निजले नेपाल राष्ट्र बैंक बालुवाटारको राजस्व खातामा पर्यटन विभागको नाउँमा मिति २०७२।९।२४ मा जम्मा गरेको धरौटी रकम रू.३,३७,५०,०००।- बाट कानूनबमोजिम हुने रोयल्टीबापत रू.३,३१,८७,५००।- सदर स्याहा गर्ने र बाँकी रू.५,६२,५००।- निवेदक कम्पनीलाई नै फिर्ता दिने गरी पर्यटन विभागका महानिर्देशकबाट मिति २०७२।१०।६ मा भएको निर्णय कानूनबमोजिम र मनासिब नै देखिन आउने।

तसर्थ, माथिका प्रकरणहरूमा गरिएको विवेचनाको आधारमा पर्यटन विभागबाट मिति २०७२।९।२३ मा भएको पत्राचार एवं मिति २०७२।१०।६ मा भएको निर्णयसमेत कानूनबमोजिम नै भएको र त्यसले रिट निवेदकको संवैधानिक एवं कानूनी हक अधिकार हनन भएकोसमेत नदेखिँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले मिति २०७३।१।२२ मा जारी अन्तरिम आदेश निस्क्रिय हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटरः विकेश गुरागाई

**इति संवत् २०७५ साल पौष ३० गते रोज २ शुभम्।**

**इजलास नं.३**

**१९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** ०७४-CR-१११२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), ईमु श्रेष्ठ (प्रधान) वि. नेपाल सरकार

शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली हो कि नक्कली हो भनी छुट्याउने मूल आधार भनेकै प्रेषित प्रमाणपत्र जारी गर्ने शैक्षिक संस्थाको जवाफ हुने । पुनरावेदक प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाले उक्त प्रमाणपत्र उक्त संस्थाको अभिलेखसँग भिड्दैन भनेपछि फेरि पुनः के होला ? भनी प्रश्न गर्ने ठाउँ नै रहन जाँदैन । आधिकारिक रूपबाट सोधिएको प्रश्नको जवाफमा Not Verified वा "प्रस्तुत अङ्कपत्र गलत है" भनी भनेपछि पुनरावेदक प्रतिवादीले सद्दे हो भन्दैमा सद्दे हुने होइन। यसरी शैक्षिक योग्यताको प्रमाणपत्रको अभिलेख राख्ने आधिकारिक निकायमा आधिकारिक तवरबाट सोधनी हुँदा प्रमाणीकरण नभएको भन्ने जवाफ प्राप्त भई आएको र सो बेहोरालाई मान्नु नपर्ने वा खण्डन हुने कुनै अकाट्य प्रमाण प्रतिवादीले अदालतसमक्ष पेस गर्न सकेको नदेखिँदा यी प्रतिवादीले पेस गरेको प्रमाणपत्र नक्कली नै रहेछ भन्ने तथ्य प्रमाणित भएकोले पुनरावेदक प्रतिवादीबाट प्रेषित प्रमाणपत्रहरू सक्कली नभई नक्कली भएको पुष्टि हुने हुँदा यी पुनरावेदक प्रतिवादी ईमु श्रेष्ठ (प्रधान) ले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेकोले निज प्रतिवादीलाई ऐ.ऐनको दफा १२ र दफा २९(२) बमोजिम रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर्‍याई विशेष अदालत काठमाडौँबाट भएको फैसला कानूनसम्मत मिलेकै देखिँन्छ। आफूले एस. एल. सी. को प्रमाणपत्र पेस गरी सेवा प्रवेश गरेको, हालसम्म बढुवा नभएको वा पेस गरेको प्रमाणपत्रबाट कुनै लाभ नलिएको भनी लिएको पुनरावेदन जिकिर र सो तथ्य समर्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग मिसिल सम्बद्ध प्रेषित प्रमाणपत्रहरूको बारेमा सम्बन्धित बोर्डबाट Not Verified भनी लेखी आएको जवाफ बेहोरासमेतको आधार र कारणबाट सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत विशेष अदालत काठमाडौंको मिति २०७४।०३।०२ को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७७ साल फागुन ११ गते रोज ३ शुभम्।**

**२०**

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६७-WO-०५९७, उत्प्रेषण, रामचन्द्रप्रसाद वि. जिल्ला शिक्षा कार्यालय कलैया, बारासमेत*

निवेदकले प्रत्येक शैक्षिक सत्रको कार्यसम्पादन मूल्याङ्कन फाराम निर्धारित समयमा नै भरेर पेस गर्ने गरेको र बढुवा दरखास्त फाराम विपक्षी जिल्ला शिक्षा कार्यालयमा दाखिला गरेको दाबी लिए पनि एकातिर जिल्ला शिक्षा कार्यालयबाट क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलमा प्राप्त अभिलेखबाट समेत निवेदकले बढुवा फाराम भरेको भन्ने नै देखिँदैन भने अर्कोतिर निजले कार्यसम्पादन मूल्याङ्कन फाराम शिक्षक सेवा आयोग नियमावलीको नियम ३२घ(७) ले निधारण गरेको समयभित्र भरी आफू कार्यरत विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाएको निस्सा भरपाईसमेत केही पेस गर्न सकेको अवस्थासमेत छैन। निवेदकले बढुवा दरखास्त फारामसाथ पेस गरेको भनी दाबी लिएका कार्यसम्पादन मूल्याङ्कन फारामहरू शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२घ(७) ले निर्धारण गरेको अवधिभित्र भरेको भन्ने नभई ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम एकमुष्ट भरेर बुझाएको भन्ने कुरा रिट निवेदनबाट नै देखिएको छ। निवेदकको कार्यसम्पादन मूल्याङ्कन फारामहरू जिल्ला शिक्षा कार्यालयले नष्ट गरेको भन्ने कुरा निवेदकले पुष्टि गर्न सकेको अवस्था देखिँदैन। प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्र समाप्त भएपछि त्यो शैक्षिक सत्रको आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम कानूनद्वारा निर्धारित अवधिभित्र भरी आफू कार्यरत विद्यालयमा दर्ता गरी प्रधानध्यापकलाई बुझाउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था शिक्षक सेवा नियमावली, २०५७ ले गरेको अवस्थामा यी निवेदकले पाँच शैक्षिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामहरू एकमुष्ट भरी बढुवा दरखास्त फारामसाथ पेस गरेको भन्ने स्वीकार गरेको देखिँदा उक्त कार्यसम्पादन मूल्याङ्कन फारामलाई नियमावलीबमोजिम निर्धारित अवधिभित्रको मान्न मिल्ने देखिएन। साथै आफ्नो वृत्ति विकासको अधिकारप्रति सचेत नभई बढुवा सूचनाअनुसार बढुवा दरखास्त फाराम नै नभर्ने निवेदकलाई अदालतले सहयोग गर्न सक्ने अवस्था नदेखिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट यी निवेदकले बढुवा दरखास्त फाराम भरेको भन्ने नै शिक्षा कार्यालयको अभिलेखबाट नदेखिएको साथै निवेदकले बढुवा दरखास्त फारामसाथ पेस गरेको भनेका कार्यसम्पादन मूल्याङ्कन फारामहरू कानूनले निर्धारण गरेको अवधिभित्र भरेको नभएको भन्ने तथ्यलाई स्वयं निवेदकले स्वीकार गरेको अवस्थामा निजलाई बढुवा प्रतियोगिताबाट हटाई विपक्षी शिक्षक सेवा आयोगबाट भएका मिति २०६७।२।२१ र २०६७।९।२ का बढुवा निर्णयहरू कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्थाहरूको विद्यमानता रहेको देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७६ साल मङ्सिर १२ गते रोज ५ शुभम।**

- यसै प्रकृतिको ०६७-WO-०५९८, उत्प्रेषण, बेदानन्द शुक्ला वि. जिल्ला शिक्षा कार्यालय कलैया, बारासमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## २१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१६९५, लागु औषध ब्राउन सुगर, पवित्रा बुढाथोकी वि. नेपाल सरकार, ०७४-CR-१६९६, खगेन्द्र देउवा वि. नेपाल सरकार, ०७४-CR-१६९७, दुर्गाबहादुर पुन वि. नेपाल सरकार, ०७५-CR-०७८०, नेपाल सरकार वि. विष्णु बस्यालसमेत*

पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनपत्रमा उल्लिखित ने.का.प. २०७२ अङ्क ८ नि.नं.९४५३ को नजिर पनि फरक तथ्यगत पृष्ठभूमिमा प्रतिपादन भएकोले सोको आधारमा निज प्रतिवादी वेनबहादुर तामाङ, विष्णु बस्याल र निमा पासाङ शेर्पालाई आरोपित कसुरमा सजाय गर्ने न्यायिक निष्कर्षमा पुग्नसमेत सकिएन । प्रतिवादीहरूबाट लागु औषध पनि बरामद नभएको अवस्थामा यी प्रतिवादीहरू अन्य प्रतिवादीत्रय खगेन्द्र देउवा, दुर्गाबहादुर पुन र पवित्रा बुढाथोकीसँग मिली लागु औषध बिक्रि वितरण, कारोबार, सञ्चय तथा सेवन गर्ने योजना बनाई आपराधिक लाभ लिने उद्देश्यले सूत्रबद्ध कार्य (chain of conduct ) गरेको पुष्टि हुन नआउने ।

लागु औषध एउटा गम्भीर अपराध हो यसमा विवाद हुँदैन । कुनै व्यक्तिले लागु औषधको कारोबार गर्ने व्यक्तिलाई चिन्दैमा, लागु औषध कारोबार गर्ने व्यक्तिसँग आवतजावत, उठबस गरी मित्रता कायम गर्दैमा प्रमाणको अभावमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन । त्यस्तो व्यक्तिका विरूद्ध ठोस प्रमाण हुनुपर्दछ । शंकाको भरमा कसैलाई दोषी ठहर गर्न नहुने, शंकाको सुविधा अभियुक्तले पाउने, १०० जना अभियुक्त छुटे पनि १ जना निरपराध व्यक्ति सजायको भागीदार बन्न नहुने, र दाबी प्रमाणित गर्ने भार वादीमा रहने आदि फौजदारी न्यायका आधारभूत मान्यताहरूको सन्दर्भमा विचार गर्दा, यी प्रतिवादीहरू कसुरदार भएको केही वस्तुनिष्ठ ठोस प्रमाण रहेभएको नदेखिएको अवस्थामा बरामदी लागु औषधसहित पक्राउ परेका अन्य प्रतिवादीहरूको सूचनाबाट यी प्रतिवादीहरू विष्णु बस्याल, वेनबहादुर तामाङ र निमा पासाङ शेर्पा पक्राउ परेको भन्ने आधारमा मात्र लागु औषध कारोबार एवं बिक्री वितरण गरी प्राप्त भएको लाभ बाँडी खाने गरेको भनी लागु औषध जस्तो गम्भीर कसुरमा दोषी ठहर गर्नु न्यायोचित र विवेकसङ्गत देखिँदैन । निजहरूलाई पनि अभियोग दाबीबमोजिमको सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । निजहरूलाई मतियार ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी निजहरूलाई अभियोग दाबीबाट सफाइ दिएको उच्च अदालतको फैसला मिलेकै देखिने ।

तसर्थ, उल्लिखित कानूनी व्यववस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न आधार प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू वेनबहादुर तामाङ, विष्णु बस्याल र निमा पासाङ शेर्पाको हकमा पुनरावेदन जिकिर नपुग्ने हुँदा अभियोगदाबीबाट सफाइ दिलाई अन्य प्रतिवादीहरू खगेन्द्र देउवा, दुर्गाबहादुर पुन र पवित्रा बुढाथोकीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (क)(घ) र (च) को कसुरमा दफा १४(१) (घ)(५) बमोजिम जनही ८(आठ) वर्ष कैद र रू ४०,०००।- (चालिस हजार रूपैयाँ) को दरले जरिवाना हुने र ऐ. दफा १४(१) (छ) (३) बमोजिम जनही १६ (सोह्र) वर्ष कैद र जनही रू. ८,००,०००।– (आठ लाख रूपैयाँ) का दरले जरिवाना हुने ठहर्‍याई उच्च अदालत पाटनले गरेको फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिँदा सदर हुने ।

पुनरावेदक वादी नेपाल सरकारद्वारा पुनरावेदनपत्रमा उल्लिखित ने.का.प. २०७२ अङ्क ८ नि. नं. ९४५३ को नजिर पनि फरक तथ्यगत पृष्ठभूमिमा प्रतिपादन भएकोले पुनरावेदक प्रतिवादीहरू खगेन्द्र देउवा, दुर्गाबहादुर र पवित्रा बुढाथोकीलाई अभियोग दाबीबाट सफाइ दिलाइपाउँ भन्ने र वादी

नेपाल सरकारको प्रतिवादीहरू वेनबहादुर तामाङ, विष्णु बस्याल र निमा पासाङ शेर्पालाई अन्य तीन प्रतिवादीहरूसरह अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७७ साल असार १९ गते रोज ६ शुभम्।**

**२२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०६७५, जबरजस्ती करणी, K बहादुर वि. नेपाल सरकार*

जाहेरवालीले मौकामा प्रतिवादीउपर दिएको किटानी जाहेरी बेहोरालाई पीडिता परिवर्तित नाम दमौली ११ ले तत्काल समर्थन गरी कागज गरिदिएको र अदालतसमक्षसमेत मौकाको बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको हुँदा सोलाई महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ । कसुर अपराधको प्रकृतिलाई विचार गर्दासमेत जबरजस्ती करणी जस्तो अपराध साक्षी रोहबर तथा अरू मानिसले देख्ने गरी हुने अपराध पनि होइन। प्रस्तुत मुद्दाका सिलसिलामा पीडिता नै मुख्य साक्षीको रूपमा रहेको पाइन्छ। पीडितालाई भएको पीडा बोध निज स्वयंले नै महसुस गर्ने कुरा हो। हुँदै नभएको कसुरमा आफू जसको संरक्षकत्वमा रहेकी छिन् उनै बाबुउपर अरूको उक्साहटमा लागी त्यस्तो नैतिक पतन हुने कसुर तथा आफूउपर पनि आउने सामाजिक परिवेशलाई विचारै नगरी आफूलाई आफ्नै बाबुबाट करणी भएको हो भनी झुट्टा आरोप लगाउनुपर्ने, बाबुलाई फसाउनुपर्नेसम्मको कारण केही देखिँदैन। त्यस्तै यी जाहेरवाली र प्रतिवादीबिच देवर भाउजूको नाता रहेको देखिन्छ, आफ्नै घर कुल र व्यक्तिगत एवं सामाजिक प्रतिष्ठासमेतमा प्रतिकूल असर पर्ने गरी आफ्नै देवर तथा बाबुउपर बिना कारण आफ्नो सतित्वमा असर पर्ने गरी झुट्टा आरोप लगाएको होलिन् भनी विश्वाससमेत गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, प्रतिवादीले रक्सी खाएपछि ६ महिनाअगाडिदेखि पीडितलाई घरमा कोही नभएको बखत पटकपटक जबरजस्ती करणी गरेको र मिति २०७२।१२।२२ गते राति पनि अन्तिम पटक पीडितलाई जबरजस्ती करणी गरेको र सो कुरा कसैलाई नभन्नु भनी डर, त्रास देखाएको भनी आरोपित कसुरमा साबित भई मौकामा बयान गरेको पाइन्छ । निजले अदालतसमक्षको बयानमा भने कसुर गरेउपर इन्कार रही वारदात मितिमा आफू घरमा नभएको भनी जिकिर लिए तापनि सोलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिने।

जाहेरवाली परिवर्तित नाम झ कुमारीको किटानी जाहेरी दरखास्त, सोही जाहेरी दरखास्तलाई समर्थन हुने गरी पीडिता परिवर्तित नाम दमौली ११ ले मौकामा गरिदिएको कागज, पीडित तथा जाहेरवालीले अदालतमा गरेको बकपत्र, निर्मला थापा क्षेत्रीसमेतले गरेको मौकाको कागज तथा अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूलगायत सर्वोच्च अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तहरूसमेतबाट यी प्रतिवादी K बहादुरले आफ्नै वर्ष १४ की नाबालिग छोरी परिवर्तित नाम दमौली ११ लाई जबरजस्ती करणी गरी आरोपित कसुर गरेको पुष्टि भइरहेको देखिँदा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी K बहादुरले आफ्नै नाबालिका छोरी वर्ष १४ की परिवर्तित नाम दमौली ११ लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणी महलको १, २, ३(३) नं. तथा सोही ऐनको हाडनाता करणीको महलको १ नं. बमोजिमको कसुरसमेत गरेको देखिँदा निजलाई जबरजस्ती करणी, महलको ३(३) नं. बमोजिम १०(दश) वर्ष कैद तथा हाडनाता

करणी महलको १ नं. बमोजिम १०(दश) वर्ष कैदसमेत गरी जम्मा २० (बिस) वर्ष कैद सजाय हुने र मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. बमोजिम रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिबापत प्रतिवादीबाट पीडितालाई भराइदिने ठहर गरी सुरू तनहुँ जिल्ला अदालतले मिति २०७३।०३।१४ मा गरेको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७४।०१।०६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७६ साल मङ्सिर ३ गते रोज ३ शुभम्।**

**२३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१५०४, आवेशप्रेरित हत्या, श्रीप्रसाद थापा वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूउपरको आरोपित कसुरमा साबित भई बयान गरेको र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए पनि मौकाको बयान प्रमाण ऐन, २०३१ दफा ९(२)(क) प्रतिकूल भएको भनी जिकिर लिन र प्रमाण पेस गर्न सकेको पाइँदैन। निजको मौकाको साबिती बयान रामबहादुर रानाको बकपत्रसमेतका प्रमाणबाट समर्थित भएको देखिन्छ। प्रतिवादीले अदालतमा घटना घटेको लामो समयपछि मिति २०७३।०२।१६ मा गरेको बयानमा मृतकले आफूलाई चोर दोष लगाएको तथ्यलाई स्वीकार गरेको पाइन्छ। बयानमा आफू कोठामा र डम्बरसिंह थापा घरको पिँढीमा सुतेकोमा भोलिपल्ट उठ्दा डम्बरसिंह घरदेखि तल दुई कान्लामुनि बारीमा पेटमा चोट लागेको भनी छट्पटाउँदै हुनुहुन्थ्यो भनी लिएको जिकिर प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम अन्य स्वतन्त्र प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन। उक्त जिकिर मिसिल संलग्न प्रमाणबाट समर्थित हुन सकेको नदेखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा, ***"ज्यान मार्नाका मनसाय रहेनछ ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र मरेमा दश वर्ष कैद गर्नुपर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको पाइने।

उल्लिखित तथ्य र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा भएको कानूनी व्यवस्थासमेतबाट प्रस्तुत मुद्दाको घटना एवं वारदात मृतकले यी प्रतिवादीलाई चोरको दोष लगाएको कारणले आपसमा विवाद भई प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी नभएको, मार्ने मनसाय राखी सोहीअनुरूप तयारी गरी कुटपिट गरेको भन्ने नदेखिएको र मृतकले यी प्रतिवादीलाई चोर दोष लगाएको कारणले आपसमा विवाद हुँदा यी प्रतिवादी तत्काल आवेगमा आई मृतकलाई मुक्का लात्तीले अनुहार पेटलगायत शरीरका विभिन्न ठाउँमा कुटपिट गरेको कारणले डम्बरसिंह थापा घाइते भई यी प्रतिवादीसमेतको संलग्नतामा उपचार गर्न पश्चिम क्षेत्रीय अस्पतालमा लगेकोमा उपचारकै क्रममा निजको मृत्यु भएको भन्ने देखिएको र डम्बरसिंहको मृत्यु आधार र कारण प्रतिवादीको तत्कालमा आएको आवेशबाट भएको कुटपिटको परिणामबाट मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिएकोले निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिएकोले उक्त फैसला उल्टी भई प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत पोखराबाट भएको फैसला मिलेको देखिने।

अतः उल्लेख भएको तथ्य, प्रमाण एवं कानूनी आधार कारणसमेतबाट यी प्रतिवादी आफू र मृतकसमेत टेकबहादुर थापा एवं बालकुमारी आले (थापा) को घरमा सुतेको भन्ने कुरा यी प्रतिवादीले अदालतमा स्वीकार गरेको, मृतकको पैसा र घडी हराएको विषयमा विवाद भई मृतकले यी प्रतिवादीलाई चोरको आरोप लगाएकोले कुटपिट भई मृतक घाइते भएको र सोही चोटको कारण उपचारको क्रममा मृतकको मृत्यु भएको देखिएको, उक्त वारदात एवं घटनामा यी प्रतिवादीभन्दा अन्य कसैले चोट छोडेको वा मृतकको मृत्यु अन्य कारणले भएको हो भन्ने नदेखिएको आधारसमेतबाट प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी तनहुँ जिल्ला अदालतबाट मिति २०७३।०८।३० मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७४।०७।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने
कम्प्युटर: समी नेपाली

**इति संवत् २०७७ साल भदौ २९ गते रोज २ शुभम्।**

**२४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६८-CI-०११४, अबण्डा अंशको जग्गा बण्डा गरिपाउँ, वंशनारायण गोपालीसमेत वि. सन्तुमाया गोपाली

मुलुकी ऐन, अंशबण्डाको ३५ नं. को कानूनी व्यवस्था हेर्दा "अंशबण्डा नै नभएको वा बण्डा हुँदा अंशबण्डा गोश्वाराको लिखत भएको र लिखत नभए पनि हिसाब शान्ति दुवै थरको भोग भएकोमा जहिलेसुकै पनि र लिखत र भोगै नभएकोमा अघि बण्डा भई बाँकी रहेको वा दबाए छपाएको पाउँ भन्न आएमा भिन्न भिन्न जिउसम्म मात्र नालिस लाग्छ। अबण्डा गोश्वाराको लिखत भएकोमा आ–आफ्नो अंश हक लाग्ने जति अबण्डा आ–आफ्नो खुश हुन्छ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसरी यस कानूनी व्यवस्थाअनुसार अंश दबाए छपाएको भन्ने दाबी नभई अबण्डा रहेको सगोलको सम्पत्ति बण्डा गरिपाउँ भन्नेसम्मको दाबी भएमा त्यस्तो सम्पत्ति अबण्डा रहेको सगोलको सम्पत्ति हो होइन ? भन्ने निर्क्यौल गरी सगोलको अबण्डाको सम्पत्ति देखिएमा अंशियारहरूका बिचमा बण्डा गरिदिनुपर्ने नै हुन्छ। यसरी मुलुकी ऐन, अंशबण्डाको ३५ नं. लाई अंश दबाए छपाएकोतर्फ दाबी नलिएको अवस्थामा बण्डापत्रमा केही उल्लेख नभएको सगोलको सम्पत्तिको रूपमा रहेको अबण्डाको जग्गा अंशियारहरूबिचमा बण्डा हुनुपर्ने होइन भनी व्याख्या गर्नु विधायिकी मनसायविपरीत हुन जान्छ। प्रस्तुत मुद्दामा मिति २०६१ सालको पारित अंशबण्डाको लिखतमा अंशबण्डामा परेको सम्पत्ति घटीबढी भए पनि स्वीकार गर्ने बेहोरा उल्लेख भएको भन्नेसम्मकै आधारमा सो बण्डापत्रमा उल्लेख नै नभएको कानूनले बण्डा लाग्ने देखिएको सगोलको सम्पत्तिबाट प्रत्यर्थी/वादी सन्तुमाया गोपालीले अंश नपाउने भन्नु न्यायको रोहमा उचित देखिँदैन। वादी दाबीको जग्गा बण्डा लाग्ने नलाग्ने सम्बन्धमा पारित बण्डापत्रमा केही उल्लेख भएको नदेखिएपछि त्यस्तो सम्पत्ति अबण्डा राखिएको रहेछ भन्ने सम्झनुपर्ने हुन्छ। यस्तो अवस्थामा वादी दाबीका सगोलको सम्पत्तिको रूपमा रहेका अबण्डाको सम्पत्तिबाट वादीले अंश नपाउने ठहराई भएको सुरूको फैसला उल्टी गरी वादीले उक्त विवादित जग्गाहरूबाट आधा अर्थात् २ खण्डको १ खण्ड कानूनबमोजिम छुट्टाई लिन पाउने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१२।१३ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा उक्त फैसला बदर गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर गरिपाउँ भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत

हुन नसकिने।

प्रत्यर्थी / वादीले सगोलको अबण्डाको सम्पत्ति बण्डा गरिनुपर्ने भनी दाबी लिइएका कि.नं. ७१३, ७१५, ७१६, ७१९, १३२६, १३२८ र १३२९ समेतका सात कित्ता जग्गाहरूबाट वादीले अंश नपाउने ठहऱ्याई भएको सुरू मकवानपुर जिल्ला अदालतको फैसला उल्टी गरी उक्त विवादित जग्गाहरू सगोलको अबण्डाको सम्पत्ति ठहर गरी सो सम्पत्तिबाट वादीले आधा अर्थात् २ खण्डको १ खण्ड कानूनबमोजिम छुट्याई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाले मिति २०६७।१२।१३ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : हर्कमाया राई

**इति संवत् २०७६ साल असार २३ गते रोज २ शुभम्।**

**२५**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०४८८, खुन डाँका, डिपी लामा वि. नेपाल सरकार, ०७३-CR-०६१३, फुर्वा सिंह तामाङ वि. नेपाल सरकार, ०७३-CR-०८४८, कल्पना गिरी वि. नेपाल सरकार, ०७३-CR-११२६, नेपाल सरकार वि. जुनिता थापामगरसमेत, ०७३-CR-०१६६, नेपाल सरकार वि. जुनिता थापामगर*

साधकको रोहमा पेस हुन आएको प्रतिवादी जेनिशा भन्ने जुनिता थापा मगरको हकमा विचार गर्दा, निजको अनुसन्धान अधिकारीसमक्षको बयानमा बनुदेवी राणा मेरो माइली ठुली आमाको आमाजु हुन् । निजलाई म आन्टी भनेर बोलाउने गर्दथे, २०६९।७।२६ गते पुनः डाँका गर्ने योजना बनाई म तथा कल्पना गिरी, डिपी लामा तथा निजका अन्य साथीहरूसहित उक्त घरनजिक पुगी म तथा कल्पना गिरी घरभित्र पसी धनमाल डाँका गर्दा बनुदेवी राणाले चिन्ने भएकोले निजको हत्या गरी धनमाल डाँका गर्ने सल्लाह भई मृतकको आँखा छली कल्पनाले टाउको र निधारमा ब्याटले हिर्काएपछि मलाई खुट्टा समाउन लगाई कल्पनाले मफलरले घाँटीमा बेरी मृत्यु भइसकेपछि कल्पना गिरीले बाहिर बसेका डिपी लामा र फुर्वा सिंह तामाङलाई भित्र बोलाई कोठाको दराज फुटाली सुनका गहना र नगद डाँका गरी भागी गएका हौं, सो धनमालमध्ये २२५ अमेरिकी डलर अर्जुन श्रेष्ठलाई, ने.रू.५,०००।- र २० यु.एस.डलर कल्पना गिरीलाई दिएकी हुँ । नगद रू.४२,३१३।-, सुनको बाला, टप र औंठीसमेत मबाट बरामद भएको हो, अन्य धनमालहरू डिपी लामाले लिएर गएका छन् भनी बयान गरेको देखिन्छ। बरामदी मुचुल्काबाट प्रतिवादी जुनिता थापा मगरको साथबाट रू.४२,३१३।-, अमेरिकी डलर १०० दरको १ थान, सुनको बाला १ थान, सुनको औंठी १ थान, मोनिक्स मोवाइल १ थान, ओपलको औंठी १ थान, मोती जडित टप २ थान बरामद भएको देखिन आएको छ। निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा र सहीछाप मेरा हो भनी मृतकलाई कर्तव्य गरी मारी डाँका गर्न संलग्न रहेको तथ्यलाई स्वीकार गरेको र निजको बयानलाई मिसिल संलग्न लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्का, बुझिएका माथि उल्लिखित कुमार बरालसमेतको बकपत्रबाट समर्थित भएको देखिन आउँछ । उपर्युक्त आधार, कारणसमेतबाट प्रतिवादी जेनिशा भन्ने जुनिता थापा मगरले मृतकलाई कर्तव्य गरी मारी डाँका गर्ने कसुरमा संलग्न रहेको पुष्टि भएको देखिन आउने।

प्रतिवादीहरूमध्येका जेनिशा भन्ने जुनिता थापा मगर र कल्पना गिरीले मृतक बनुदेवी राणाको हत्या गरेको भन्ने निजहरूको बयानलगायत मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको देखियो। तथापि यी दुईमध्ये कस्को चोटको कारण निज मृतकको मृत्यु हुन गएको हो भन्ने कुनै ठोस प्रमाण नदेखिँदा यी दुवै

प्रतिवादीहरू जेनिशा भन्ने जुनिता थापा मगर र कल्पना गिरीलाई जन्मकैद ठहऱ्याई सुरूले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने।

त्यस्तै प्रतिवादीहरू फुर्वासिंह तामाङ र डिपी लामालाई सुरू अदालतले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुर अपराधमा ऐ.१६ नं. बमोजिम १२ वर्ष कैद सजाय गरेकोलाई नै सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट फैसला भएको पाइन्छ । उक्त दफामा भएको कानूनी व्यवस्थालाई हेर्दा, ***ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भई षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ, ज्यान मर्न पाएको रहेनछ भने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ*** भन्ने व्यवस्था रहेको पाइन्छ। प्रतिवादीमध्येका फुर्वासिंह तामाङ उक्त कसुर गरेकोमा अनुसन्धानमा र अदालतसमक्ष समेत इन्कार रहेको पाइन्छ भने अर्का प्रतिवादी डिपी लामा अदालतसमक्ष इन्कार रहेको पाइन्छ। प्रतिवादीहरू जेनिशा भन्ने जुनिता थापा मगर र कल्पना गिरीले समेत यी प्रतिवादीहरू फुर्वासिंह तामाङ र डिपी लामालाई मृतक बनुदेवी राणाको हत्यामा संलग्न थिए भनी पोल गरेको देखिएन। त्यस्तै वादी नेपाल सरकार पक्षबाट पनि निजहरूले मृतकलाई प्रहार गरेको वा मृतकलाई मार्न संयोग पार्न मृतकको शरीरमा हात हाली पक्रे, समातेको वा के कस्तो षड्यन्त्र रचेका थिए भन्ने सम्बन्धमा कुनै ठोस सबुत प्रमाण पेस गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा केवल मृतकलाई मारेपश्चात् निज प्रतिवादी फुर्वा सिंह तामाङसमेत घरभित्र पसी धनमाल लिई भागेको भन्ने तथ्य स्थापित भएको भन्नेसम्मको आधारमा मृतकलाई मार्ने कार्य एवं मृतकको ज्यान मर्न सक्ने कुरामा षड्यन्त्रकारी भूमिका यी प्रतिवादीहरूले रचेका थिए भनी अनुमान गरी पुनरावेदन अदालत पाटनबाट कसुरदार ठहर गर्ने गरी भएको फैसला फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को व्यवस्था तथा सरकारवादी फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर शंकारहित तवरबाट पुष्टि हुनुपर्ने भन्ने प्रचलित फौजदारी कानूनको सर्वमान्य सिद्धान्तसमेतको प्रतिकूल रहेको देखियो। यद्यपि डाँका गर्ने कुरामा यी प्रतिवादीहरूसमेत सहमत भई मृतक बनुदेवी राणाको घरमा गएको तथा घरको बाहिरपट्टि बसेको, मृतकको हत्या भइसकेपछि घरभित्र प्रवेश गरी धनमाल डाँका गरी लगेको देखिँदा मृतक बनुदेवी राणाको हत्या भएकोबारे जानकार थिएनन् भनी मान्न सकिने अवस्था देखिँदैन । यस्तो अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको २५ नं. आकर्षित हुने देखियो। उक्त ऐनमा भएको कानूनी व्यवस्थाअनुसार, ***ज्यान मारिसकेको कुरा चाल पाई जाहेर नगरी कसुरदारलाई दबाउने भगाउने सरकारी कर्मचारी भए दुई वर्ष, त्यस जग्गाका जिमिदार तालुकदार गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भए डेढ वर्ष, थरी गुमस्ता मुखिया मिझार जेठा बुढा गोरूम कटुवाल नाइके महाने गाउँका चौकीदार गोडायत भए छ महिना कैद र अरू भए घरमा थाहा पाउने मुख्य जो हो उसलाई बिस रूपैयाँ जरिवाना गर्नुपर्छ*** भन्ने व्यवस्था रहेको देखिँदा यी प्रतिवादीहरूमध्येका संजिव भन्ने फुर्वा सिंह तामाङ र डिपी लामालाई ज्यानतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २५ नं. अनुसार जनही रू.२०।- (बिस रूपैयाँ) जरिवाना गर्नुपर्नेमा सो महलको १६ नं. अनुसार १२ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।०३।१४ को फैसला सो हदसम्म नमिलेकोले उल्टी भई निजहरूलाई जनही रू.२० (बिस रूपैयाँ) जरिवाना हुने।

डाँकातर्फ सुरू काठमाडौं जिल्ला अदालतले कसुरदार ठहर गरी यी प्रतिवादीहरूलाई गरेको

सजायमा बिगोको हकमा केही उल्टी गरी बरामद बिगो रू.३,७८,६४३।- मात्र डाँका गरेको बिगो कायम गरी तथा अन्यमा सुरूले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेको छ छैन सोतर्फ विचार गर्दा, जाहेरवालाले मौकामा दिएको जाहेरीमा डाँकातर्फ प्रतिवादीहरूले रू.१५,०७,१४०।- बराबरको धनमाल डाँका गरेको भनी जाहेरी दरखास्त दिएको र सोहीअनुसारको बिगो प्रतिवादीहरूले डाँका गरेको भनी अभियोग पत्रमा दाबी लिएको देखिन्छ। बरामदी मुचुल्काहरूअनुसार बरामद भएको धनमालको जम्मा मूल्य रू.३,७८,६४३।- रहेको पाइन्छ । बरामद भएको धनमाल बाहेकका जाहेरी दरखास्तमा उल्लिखित अन्य धनमाल पनि प्रतिवादीहरूले डाँका गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट तथ्ययुक्त प्रमाण पेस हुन सकेको पाइँदैन । जाहेरवालालाई बकपत्रको निमित्त वादी पक्षबाट अदालतसमक्ष उपस्थित गराई मौकाको जाहेरी बेहोरालाई पुष्टि गराउन सकेको समेत देखिएन। तसर्थ अन्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा बरामद भएको धनमालको बिगो रू.३,७८,६४३।- को धनमाल नै प्रतिवादीहरूले डाँका गरेको भनी मान्नुपर्ने देखिन आयो। प्रतिवादीहरू जेनिशा भन्ने जुनिता थापा मगर, कल्पना गिरी, संजिव भन्ने फुर्वा सिंह तामाङ र डिपी लामालाई डाँकातर्फ चोरी महलको १४(४) नं. अनुसार ६ वर्ष कैद र बरामद भएको धनमालको बिगो रू.३,७८,६४३।- (तीन लाख अठहत्तर हजार छ सय त्रिचालिस रूपैयाँ) को डेढी बढाई जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) मा कसैले डाँका गर्न वा गराउन हुँदैन भन्ने र उपदफा (३) मा उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुने छ :-

***(क) उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कसुर भए सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँदेखि एक लाख चालिस हजार रूपैयाँसम्म जरिवाना,***

***(ख) उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको कसुर भए पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ।***

भन्ने व्यवस्था रहेको छ । त्यसैगरी फौजदारी कसुर सजाय निर्धारण ऐन, २०७४ को दफा ५ मा ***कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ*** भन्ने र केही नेपाल कानून संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) मा उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुने छ:-

***(क) कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भए पनि सोही अदालतबाट त्यस्तो कानूनअन्तर्गतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुने छ।***

***(ख) कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नु पर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ।***

भन्ने व्यवस्था रहेको देखिन्छ । उपर्युक्त ऐनहरू २०७५ भाद्र १ गते देखिबाट लागु भएको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३) मा भएको व्यवस्था अनुसार डाँकामा बिगोको डेढी बढाई सजाय गर्ने व्यवस्था नभई एक लाखसम्म जरिवाना हुने व्यवस्था भएबाट निज प्रतिवादीहरूलाई बिगोको डेढी बढाई जरिवाना गर्न नमिल्ने हुँदा जनही रू.१,००,०००।- (एक लाख) मात्र जरिवाना हुने ।

प्रतिवादीहरू जेनिशा भन्ने जुनिता थापा मगर र कल्पना गिरीले मृतकलाई कर्तव्य गरी मारेको पुष्टि भएकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुरूपको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०८।१५ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेकै देखिँदा सदर हुने । साधकको रोहमा पेस हुन आएको जुनिता थापा मगरको हकमा समेत साधक सदर हुने । प्रतिवादीहरूमध्येका संजिव भन्ने फुर्वा सिंह तामाङ र डिपी लामाको हकमा ज्यानतर्फ पुनरावेदन अदालत पाटनले गरेको मिति २०७३।०३।१४ को फैसला केही उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २५ नं. अनुसार जनही रू.२०।- (बिस रूपैयाँ) जरिवाना हुने ठहर्छ । डाँकातर्फ प्रतिवादीहरू जेनिशा भन्ने जुनिता थापा मगर, कल्पना गिरी, संजिव भन्ने फुर्वा सिंह तामाङ र डिपी लामासमेतलाई बरामद भएको बिगो रू.३,७८,६४३।- को धनमाल डाँका गरेको देखिएकोले चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगो रू.३,७८,६४३ को डेढी बढाई जरिवाना हुने ठहर गरेको सजाय मिलेको देखिए तापनि २०७५।०५।०१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३) नं. बमोजिम बिगोको डेढी बढाई जरिवाना गर्न नमिल्ने हुँदा निज प्रतिवादीहरूलाई जनही रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर्छ । प्रतिवादी अर्जुन श्रेष्ठको हकमा सुरूले सफाइ दिने ठहर गरेको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेकै देखिँदा सदर हुने । अभियोग दाबी अनुरूप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार र सफाइ पाउँ भन्ने हदसम्म प्रतिवादी कल्पना गिरी, संजिव भन्ने फुर्वा सिंह तामाङ र डिपी लामाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर अपरेटर : हर्क माया राई

**इति संवत् २०७६ साल पौष २४ गते रोज ५ शुभम् ।**

२६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CI-०४४४, उत्प्रेषण, परमादेश, जोगेन्द्रप्रसाद कलवार वि. नेपाल सरकारसमेत*

पुनरावेदक / निवेदकले तामेल भएको म्यादमा हाजिर हुन नआई म्याद गुजारेको तथा मुलुकी ऐन अ.बं.२०८ नं.बमोजिम उक्त फैसलाउपर पुनरावेदन लाग्ने समयसमेत व्यतीत भइसकेपछि रिट क्षेत्रमार्फत प्रवेश गरेको देखिन आउँछ । यसरी कानूनबमोजिम नियमित उपचारको मार्ग हुँदाहुँदै सोलाई परित्याग गरी रिट क्षेत्र प्रवेश गर्न आउने निवेदकलाई सुनुवाइको मौकाबाट वञ्चित गरेको भनी अर्थ गर्न मनासिब देखिन आएन । पुनरावेदक निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: पुनरावेदक / निवेदक जोगेन्द्रप्रसाद कलवारको नाममा पर्सा जिल्ला अदालतबाट जारी भएको मिति २०६१।०७।१६ को तामेली म्याद रीतपूर्वककै देखिएकोले पर्सा जिल्ला अदालतको मिति २०६७।०१।१४ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकका नाममा पुन: म्याद जारी गर्नु भनी परमादेशको आदेश जारी गरिरहन परेन । रिट खारेज हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति

२०७१।०५।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल फागुन १६ गते रोज ६ शुभम् ।**

## इजलास नं.४

२७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०६७-CR-१०४९, ०७५-CR-०६३९, वैदेशिक रोजगार ठगी, डा. दिलिप अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. डा. दिलिप अधिकारी*

पूर्णबहादुर प्रधान, सन्तबहादुर गुरूङ, धर्मकला प्रसाई कृष्णदेवी काफ्ले, नर्वदा उपाध्याय र समिर श्रेष्ठसमेत ६ जना जाहेरवालाहरूले काठमाडौँ जिल्ला अदालत तथा वैदेशिक रोजगार न्यायाधिकरणमा आई बकपत्र गर्दा प्रतिवादीबाट जाहेरी अनुरूपको रकम प्राप्त गरी सकेको भनी बकपत्र गरेको देखिँदा निजहरूको र खगेन्द्रप्रसाद कट्टेलले रकम दिएको भन्ने कुनै प्रमाण मिसिल सामेल नभएकोले निजको रू.४२,०००।- (बयालिस हजार) बिगो कायम हुने देखिन आएन । प्रतिवादी दिलिप अधिकारीले काठमाडौँ जिल्ला अदालतमा गरेको साबिती बयान, म सबैलाई इमान्दारीपूर्वक लिएको रकम फिर्ता गर्न सदैव तत्पर छु भनी जाहेरवालाहरूप्रति निजले रकम तिर्ने सम्बन्धमा देखाएको सद्भाव, बकपत्रका क्रममा प्रतिवादी दिलिप अधिकारीबाट पाउनुपर्ने सम्पूर्ण रकम बुझिलिई भरपाई गरिदिएका छौं । अब रकम लिन बाँकी छैन भनी केही जाहेरवालाहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बकपत्र, प्रतिवादी दिलिप अधिकारीले जापान पठाउन भनी रकम लिएकोमा वैदेशिक रोजगार विभागबाट केही रकम र अरू रकम पाएको र अरू रकम लिन बाँकी छ भनी केही जाहेरवालाहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई गरेको बकपत्रसमेतका आधारमा कतिपय जाहेरवालाहरूको पूरै रकम बुझाइसकेको र अन्य जाहेरवालाहरूको आंशिक रकमसमेत बुझाइसकेको स्थिति, प्रतिवादीले लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी विदेश जान र आउन लागेको खर्चसमेत प्रतिवादीबाट भराइदिई निजलाई पचास हजार रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षदेखि सात वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने साथै विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने वैदेशिक रोजगार (दोस्रो संशोधन, २०५४) ऐन, २०४२ को दफा २४(२) को कानूनी व्यवस्थाले जाहेरवालाहरूसँग प्रतिवादीले लिएको रकम प्रतिवादीबाट असुल गरी हर्जानासमेत जाहेरवालाहरूलाई भराई जरिवानासमेत गर्ने वा कैद सजाय गर्ने वा दुवै सजाय गर्न सकिने कानूनी प्रावधानसमेत देखिँदा र यी प्रतिवादीले इजाजतपत्र लिएको एन.पी.सी. (साबिक टि.वि.सि. नेपाल) प्राइभेट लिमिटेडमार्फत वैदेशिक रोजगारमा जापानमा मानिस पठाउने प्रयास गरेको, कतिपय जाहेरवालाहरूको पूरै रकम बुझाइसकेको र अन्य जाहेरवालाहरूको आंशिक रकमसमेत बुझाइसकेको तथ्यबाट यी प्रतिवादीले जाहेरवालाहरूसँग लिएको रकम ठगी खाने पचाउने नियत राखेको भन्ने नदेखिएको अवस्थालाई समेत मध्यनजर राख्दा निजलाई सो कानूनी व्यवस्थाबमोजिमको कैदसमेतको सजाय तोक्न वाञ्छनीय देखिन आएन । यी प्रतिवादीले जाहेरवाला वा निजहरूको सन्तानलाई विदेश पठाई नसकेको अवस्था देखिँदा वैदेशिक रोजगार (दोस्रो संशोधन, २०५४) ऐन, २०४२ को दफा २४(२) बमोजिम सो दफामा उल्लिखित सजायको आधा सजाय हुने भएकोले प्रतिवादीलाई अधिकतम रू.५,००,०००/- (पाँच लाख) को आधा रू.२,५०,०००/- (दुई लाख पचास हजार) सम्म जरिवाना हुने र जाहेरवालाहरूसँग

झुट्टा आश्वासन दिई वैदेशिक रोजगारका लागि जापान पठाउने भनी प्रलोभन देखाई लिएको रकम र सोको पचास प्रतिशतले हुन आउने रकम हर्जानाबापत प्रतिवादीबाट असुल गरी जाहेरवालाहरूले भराइपाउने देखिन्छ। वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ को उपदफा २ ले निर्दिष्ट गरेअनुसार यी प्रतिवादीलाई कैदको सजाय नतोकी रू.२,५०,०००/- (दुई लाख पचास हजार) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।२।११ मा भएको फैसला सो हदसम्म मिलेकै देखियो। प्रतिवादीलाई अभियोग दाबीबमोजिम बिगो कायम गरी कैदको सजायसमेत गर्नुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न अवस्था नदेखिने।

जाहेरवालाहरू नविन श्रेष्ठ, प्रशान्त श्रेष्ठ, रश्मी श्रेष्ठको हकमा निजहरूले कागजको सत्यताको बारेमा बोल्न नसकी पेस गरेको प्रमाण शंकास्पद भएको, जाहेरवाला मन्दिपराज प्रधानको हकमा जाहेरी दरखास्त र पेस भएको कागज बाझिन गएकोले प्रमाणग्राह्य हुन सक्ने अवस्थाको नदेखिएको, जाहेरवाला दुर्वासा चौलागाईको हकमा पेस भएको प्रमाणलाई बकपत्रबाट समर्थन नभएको र जाहेरी दरखास्तलाई पेस भएको लिखित प्रमाणले समर्थन नगरेको हुँदा दाबी पुग्न सक्ने अवस्था विद्यमान नदेखिएको, जाहेरवाला गोविन्द थापाको हकमा निजले अदालतसमक्ष आई गरेको बकपत्रमा रू.५,००,०००/- प्रतिवादीबाट बुझी लिएको भरपाईलाई स्वीकार गरी उक्त रकम मेलाबापतको भने तापनि सोलाई पुष्टि गर्ने कुनै प्रमाण मिसिल संलग्न रहेको नदेखिएको हुँदा तत् तत् सम्बन्धमा प्रतिवादीले अदालतमा स्वीकार गरेको रकमलाई मात्र प्रतिवादीका विरूद्ध प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाण लाग्ने हुँदा प्रतिवादीको स्वीकारोक्तिबमोजिमको जाहेरवालाहरू नविन श्रेष्ठ, प्रशान्त श्रेष्ठ, रश्मी श्रेष्ठको हकमा रू.४,५०,०००।- को जम्मा बिगो कायम हुने देखिन आई वैदेशिक रोजगार विभागमा यी जाहेरवालाहरूले बुझी लिनुभएको रू.१,४६,८००।- कट्टा गर्दा बाँकी रू.३,०३,२००/-, जाहेरवाला मन्दिपराज प्रधानको हकमा रू.१,५०,०००/- मात्र जम्मा बिगो कायम हुने देखिन आई वैदेशिक रोजगार विभागमा निजले नगदै बुझी लिएको रू.८८,१४६/- कट्टा गरी बाँकी रू.६१,८५४/-, जाहेरवाला दुर्वासा चौलागाईको हकमा रू.३,५०,०००/- मात्र जम्मा बिगो कायम हुने देखिन आई निजले वैदेशिक रोजगार विभागमा फिर्ता लिएको रकम रू.८८,१४६/- कट्टा गर्दा यी रू.२,६१,८५४/, र जाहेरवाला गोविन्द थापाको हकमा जम्मा बिगो रू.२२,००,०००/- मा रू.५,००,०००/- बुझिलिई गरिदिएको भरपाई कागजबमोजिम र निजले विभागमा बुझेको रू.३,३०,५०७/- कट्टा गर्दा बाँकी रू.१३,६९,४९३/- मात्र बिगो कायम हुने देखिन आयो। अदालतसमक्ष आई बकपत्र गर्दा स.ज.६ मा रू.२,००,०००/- प्रतिवादीलाई दिएको र सो रकममध्ये रू.६३,०००/- फिर्ता पाई अब बाँकी रू.१,३७,०००/- मात्र बाँकी रही सोमध्येको वैदेशिक रोजगार विभागबाट दामासाहीले रू.२०,१२४/- फिर्ता पाई अब बाँकी रू.१,१६,८७६/- मात्र बाँकी रहेको भनी लेखाइदिएको देखिँदा जाहेरवाला रामकुमार श्रेष्ठका हकमा रू.१,१६,८७६/- मात्र बिगो कायम हुने देखिन आयो। साथै, प्रमाण ऐन, २०३१ को दफा ३५ (१) बमोजिम लिखत नै पेस गर्नुपर्नेमा रकम बुझाएको लिखत प्रमाण अभावमा जाहेरवाला शर्मिला बानियाको हकमा बिगो कायम हुने अवस्था देखिएन। त्यसैगरी, जाहेरवालाले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतसमक्ष आई बकपत्र गरी आफ्नो दाबी पुष्टि गर्न नसकेको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतसमक्ष गरेको बयान, गंगा पुरीले अदालतमा आई गरेको बकपत्रसमेतका आधारमा जाहेरवाला भविन्द्र शर्माको हकमा समेत

बिगो कायम हुने अवस्था नदेखिने।

अतः माथि उल्लिखित आधार र कारणबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम बिगो कायम गरी कैदको सजायसमेत हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्छ । वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ को उपदफा २ ले निर्दिष्ट गरेअनुसार यी प्रतिवादीलाई कैदको सजाय नतोकी रू.२,५०,०००/- (दुई लाख पचास हजार) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।२।११ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । जम्मा रू.८४,२७,८९७।- (चौरासी लाख सत्ताइस हजार आठ सय सन्तानब्बे) र सोको ५० प्रतिशत हर्जानासमेत जाहेरवालाहरूले प्रतिवादीबाट भराइपाउने वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।२।११ मा भएको फैसला केही उल्टी भई वैदेशिक रोजगार (दोस्रो संशोधन, २०५४) ऐन, २०४२ को दफा २४(२) बमोजिम जाहेरवालाहरू नविन श्रेष्ठ, प्रशान्त श्रेष्ठ, रश्मी श्रेष्ठ, मन्दिपराज प्रधान, दुर्वासा चौलागाई, गोविन्द थापा, शर्मिला बानिया र भविन्द्र शर्माको हकमा मात्र कायम गरेको बिगो रकम केही उल्टी भई (१) नविनकुमार श्रेष्ठ, रश्मी श्रेष्ठ र प्रशान्त श्रेष्ठको हकमा रू.३,०३,२००/- (तीन लाख तीन हजार दुई सय), (२) मन्दिपराज प्रधानको हकमा रू.६१,८५४/- (एकसट्ठी हजार आठ सय चउन्न), (३) दुर्वासा चौलागाईको हकमा रू.२,६१,८५४/- (दुइ लाख एकसट्ठी हजार आठ सय चउन्न), (४) गोविन्दबहादुर थापाको हकमा रू.१३,६९,४९३/- (तेह्र लाख उनन्सत्तरी हजार चारसय तिरानब्बे) र (५) रामकुमार श्रेष्ठको हकमा रू.१,१६,८७६/- मात्र बिगो रकम कायम हुने ठहर्छ। वैदेशिक रोजगार (दोस्रो संशोधन, २०५४) ऐन, २०४२ को दफा २४(२) मा रहेको कानूनी व्यवस्थाबमोजिम उल्लिखित बिगो रकम र सो बिगो रकमको ५० प्रतिशतले हुन आउने रकम हर्जानासमेत प्रतिवादी डा. दिलिप अधिकारीबाट असुल गरी उपर्युक्त जाहेरवालाहरूले भराइपाउने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: रवि दुवाल

**इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम्।**

२८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०५६५, उत्प्रेषण, परमादेशसमेत, उपेन्द्र महतो वि. निजामती किताबखानासमेत*

प्रस्तुत रिट निवेदनमा निज निवेदकले जानी जानी ढाँटी बढी अवधि सेवा गरेको होइन, साथै बदनियत राखेको पनि देखिँदैन। यसै अदालतबाट मिति २०७४।११।११ मा जारी भएको अन्तरिम आदेशबाट निज निवेदकले सेवा गरेको देखिन्छ। साथै, श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई बिना पारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन भने काम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउनुपर्ने मान्यता राख्दछ। विनापारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन हुन जाने अवस्था हुँदा प्रस्तुत मुद्दामा निवेदकले अन्तरिम आदेशबमोजिम काम गरेको अवधिको तलब भत्ताबापत प्राप्त गर्ने कुरामा कुनै द्विविधा देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निजामती किताबखानाले रिट निवेदकलाई मिति २०७५।२।१९ देखि अनिवार्य अवकाश दिने गरी मिति २०७४।५।१९ मा पठाएको अवकाश पत्रमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल साउन १३ गते रोज ३ शुभम्।**

२९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०२१२, उत्प्रेषण / परमादेश, एलिट कन्स्ट्रक्सन कम्पनी प्रा.लि. वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

निवेदक र विपक्षीबिच सम्पन्न सम्झौताको दफा २३ मा निजहरूबिच विवाद उत्पन्न भएमा वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपमा विवाद समाधान गर्न प्रयत्न गर्ने र त्यसरी वार्ताबाट ३० दिनभित्र समाधान नभएमा एडजुडिकेटर (Adjudicator) वा विवाद समाधान समिति (Dispute Resolution Committee) समक्ष १५ दिनभित्रमा अनुरोध गर्न सकिने उल्लेख गरेको देखिने ।

पक्षहरूबिच विवाद उत्पन्न भएमा Adjudicator नियुक्तिका लागि पक्षहरूले *Nepal Council of Arbitration (NEPCA)* समक्ष निवेदन दिनुपर्ने भनी ***Special Conditions of Contract (SCC)*** मा प्रस्ट व्यवस्था भएको पाइन्छ । Adjudicator को नियुक्तिका लागि करारको **SCC ले** NEPCA लाई Appointing Authority मानेकोमा रिट निवेदकले NEPCA मा Adjudicator को नियुक्तिका लागि आवेदन दिएको भन्ने कुरा आफ्नो रिट निवेदन तथा उच्च अदालत पाटनमा दायर गरेको निवेदनमा समेत खुलाउन सकेको नदेखिने ।

प्रस्तुत मुद्दामा उल्लिखित करार सम्झौताबमोजिम यी निवेदकले प्रस्तुत विवादका सम्बन्धमा सर्त नं. २४ मा उल्लेख भएबमोजिम एडजुटिकेटर नियुक्तिका लागि Appointing Authority (i.e., NEPCA) समक्ष आवेदन दिई पेस गर्नुपर्नेमा NEPCA समक्ष पेस नै नगरेको र के-कति कारण परी NEPCA समक्ष पेस गर्न नसकेको हो सो सम्बन्धमा निवेदकले निवेदन बेहोरामा केही उल्लेख गर्न नसकेबाट सम्झौतामा उल्लिखित चरण र प्रक्रिया (Procedure) अवलम्बन नै नगरी सिधै सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिन आएको ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निवेदक र विपक्षी कम्पनीबिच भएको जुलाई ८, २०१४ को सम्झौताको दफा २४ बमोजिम अधिकारप्राप्त निकाय NEPCA बाट एडजुडिकेटर नियुक्ति गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरी मध्यस्थ नियुक्तिको लागि यस अदालतमा प्रवेश गरेको देखिँदा उच्च अदालत पाटनबाट मिति २०७४/०२/२३ मा भएको आदेश बदर गरी निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल साउन १३ गते रोज ३ शुभम् ।**

## इजलास नं.५

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०७९९, ०७५-CR-०३५९, कर्तव्य ज्यान, दमाई भन्ने अर्जुन लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. दमाई भन्ने अर्जुन लामा*

वारदातलाई प्रतिवादी आफैँले स्वीकार गरी बयान गरेको देखिनुका साथै प्रतिवादीको सो कथन मृतकको लास जाँच मुचुल्का तथा पोष्टमार्टम रिपोर्टबाट पनि समर्थित भएको देखिन्छ । साथै, जाहेरी दरखास्तको बेहोरा, जाहेरवालाको बकपत्र, मौकामा बुझिएका व्यक्तिले लेखाएको बेहोरा, प्रतिवादीको बयान तथा बकपत्रहरूमा उल्लेख भएको बेहोरासमेतका सम्पूर्ण मिसिल संलग्न प्रमाणले एकै मिलानको तथ्यतर्फ इङ्गित गरेको देखिन्छ । तसर्थ, यसरी प्रतिवादीको साबिती बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत पुष्टि

भएकोले यिनै प्रतिवादी दमाई भन्ने अर्जुन लामाकै कर्तव्यबाट निजका बुबा गुण्डा लामाको मृत्यु भएको तथ्य शंकारहित तवरबाट प्रमाणित हुन आएको पाइने।

अब, विवादित वारदात कुन कानूनअनुसारको वारदात हो भन्ने विषयमा हेर्दा, वादी नेपाल सरकारबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर हो भनि र प्रतिवादीबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिम भवितव्यको कसुर हो भनी जिकिर लिएको पाइन्छ। नेपाल सरकारको जिकिरतर्फ विचार गर्दा, उक्त ज्यानसम्बन्धी महलको १३(३) नं. को कानूनी व्यवस्था मनसायपूर्व गरिएको हत्यामा आकर्षित हुने व्यवस्था हो । प्रस्तुत मुद्दामा मृतक र प्रतिवादी बुबा छोराको नाताको भई बेलुकाको खाना खाने समयमा भात नपकाई ढिँडो पकाएको भन्ने सामान्य कुरामा विवाद भई मृतकले खाँदै गरेको ढिँडो फालेको कारण प्रतिवादीले मृतकलाई धकेल्दा मृतक ढुङ्गा भएको स्थानमा लडेको र त्यस लगत्तै सोही अवस्थामा प्रतिवादीले छेउमा भएको नाम्लोको बरियोले २-३ पटक प्रहार गरेकोसम्म मात्र देखिन्छ, रिसइवी देखिने कुनै प्रकारको हातहतियारले प्रहार गरेकोसमेत देखिँदैन । साथै, प्रतिवादीसँग मृतकलाई मार्नुपर्नेसम्मको कुनै प्रकारको पूर्वरिसइवी वा मनसाय भएको भन्ने कुरा प्रतिवादीको मौका र अदालतसमक्षको बयान, मौकामा कागज गरिदिने व्यक्तिहरूको बेहोरा तथा निजहरूको बकपत्रलगायतका कुनै पनि मिसिल संलग्न कागजातबाट खुल्न आएको नदेखिएकोले वादी नेपाल सरकारबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको सजाय माग गरिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीसँग मृतकको ज्यान लिने पूर्वइवी वा योजना नभए तापनि प्रतिवादी अर्जुन लामाले मृतक बाबुलाई धकेल्दा पिँढीको ढुङ्गामा टाउको बजारिएको र सोही अवस्थामा नै फेरि पनि नाम्लोको बरियोले २-३ पटक हानेको स्वयं प्रतिवादीले अदालतसमक्ष समेत स्वीकार गरी बयान गरेको अवस्था छ । प्रतिवादीले धकेल्दा पिढीमा भएको ढुङ्गामा मृतकको टाउको बजारिएर घाइते भएका बुढा बाबुलाई फेरी पनि सोही घाइते अवस्थामा नाम्लोको बरियोले प्रहार गर्ने कार्यले मृतकको पेटको भित्री भागमा चोट परी सोही चोटहरूको कारणबाट मृतकको मृत्युसमेत भएको देखिन्छ। यसरी ढुङ्गा भएको स्थानमा लड्दा टाउको बजारिएर घाइते भएको बाबुलाई सोही घाइते भएको अवस्थामा नै फेरि नाम्लोले प्रहार गर्दा वृद्ध अवस्थाका बाबुको मृत्यु पनि हुन सक्छ भन्ने कुरा सामान्य समझ भएको जोसुकै व्यक्तिले पनि अनुमान गर्न सक्ने नै हुनुको साथै सोही प्रहारहरूको चोटको कारणबाट नै मृतकको मृत्युसमेत भएको हुनाले प्रस्तुत वारदातलाई भवितव्यको संज्ञा दिन मिलेन। प्रतिवादीको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

प्रस्तुत मुद्दामा प्रतिवादी अर्जुन लामालाई मृतकले खाइरहेको ढिँडो फालेको कार्यबाट सोही मौकामा तत्काल आवेश जागृत भई उक्त वारदात घट्न गएको अवस्था देखिन्छ। तत्काल उठेको रिसले आवेशमा आई मृतकलाई घचेड्दा मृतकको टाउको ढुङ्गामा ठोक्किएको र रिस अझै नमरेकोले फेरि पनि नाम्लोले पेटको भागमा प्रहार गरी उक्त टाउको र पेटमा लागेको चोटहरूकै कारणबाट मृतकको मृत्युसमेत भएको देखिँदा प्रस्तुत वारदात आवेश प्रेरित हत्याको श्रेणीको नै भएको देखिने।

अतः प्रतिवादी दमाई भन्ने अर्जुन लामालाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर नै हुने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिता गुरूङ

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७७ साल असार १७ गते रोज ४ शुभम्।**

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CR-१७६५*, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. शिवशंकर चौधरी

प्रतिवादी शिवशंकर चौधरी बारा जिल्ला, डुमरवाना गा.वि.स. वडा नं.४ को हाल गढीमाई नगरपालिका घर ठेगाना भएका, ८ कक्षासम्म पढेका र रोजगारको सिलसिलामा गोरखामा हाउस वायरिङको काम गर्ने व्यक्ति रहेको भन्ने देखिन्छ। निज प्रतिवादी शिवशंकर चौधरीले आरोपित कसुरमा अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा समेत पूर्णरूपमा इन्कार गरी बयान गरेको देखियो । उक्त इन्कारी बयानलाई पीडित भनिएकी परिवर्तित नाम ब कुमारीको तथा यी प्रतिवादी शिवशंकर चौधरीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लिखित No tear, scratches, pain or foreign materials noted, no injuries seen भन्नेसमेतको बेहोराले पुष्टि गरेको पाइन्छ । साथै वारदात घटेको भनिएको घरको कोठासँग जोडिएको अर्को कोठामा रहेकी मुना ढकालको बकपत्रबाट समेत जाहेरवालाको जाहेरी तथा अभियोग दाबीलाई खण्डित गरेको देखिने।

वारदात घटनास्थल कोठा भनी देखाइएको छ । सो कोठाको झ्याल ढोकाहरू खुल्लै रहेको, साथै सो कोठामा झ्याल ढोका नै नरहेको भन्ने तथ्य खुल्न आएको छ। सो कोठासँगै जोडिएको कोठामा वारदातको समयमा रहनु भएकी प्रतिवादीको साक्षी मुना ढकालले गरेको बकपत्र तथा पीडित र प्रतिवादीको तत्काल भएको स्वास्थ्य प्रतिवेदनहरूबाट समेत प्रस्तुत वारदात घटना हुन गएको भन्ने कुरा स्वाभाविक देखिन नआउने।

जबरजस्ती करणी उद्योग आँफैमा पूरा भई नसकेको आपराधिक कार्य हो । जसमा प्रतिवादीमा आपराधिक मनसाय, तयारी र कार्य हुन लागेको तर अन्य कारणबाट अपराध घट्न नसकेको हुनुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा प्रतिवादी शिवशंकर चौधरीको आपराधिक मनसाय, तयारी भएको भन्नेसमेतका तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस भएको देखिन नआउने।

तसर्थ, सुरू गोरखा जिल्ला अदालतको मिति २०७४।३।१५ को फैसलालाई उल्टी भई प्रतिवादी शिवशंकर चौधरीले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ भनी उच्च अदालत पोखराबाट मिति २०७४।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव):- नारदप्रसाद भट्टराई
कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।**

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-०२६४, लागु औषध (खैरो हिरोइन), नेपाल सरकार वि. भुपेन्द्र तामाङसमेत

प्रतिवादी उत्तम राईले अनुसन्धानको क्रममा मैले भनेबमोजिमको बयान बेहोरा नलेखिएको, मलाई फसाउने हिसाबले झुट्टा मुद्दा लगाइएको र बेहोरा नसुनाई जबरजस्ती सही गराएको हो। आफूले कहिलेकाहीँ लागु औषध सेवन गर्ने गरेको कुरालाई सम्म स्वीकार गरी बयान गरेको देखिन्छ । बरामदी मुचुल्कामा उल्लेख गरेबमोजिमको लागु औषध यी प्रतिवादी उत्तम राईको साथबाट बरामद भएको भन्ने देखिँदैन। निजलाई विराटनगर-१५ स्थित केसलिया रोडबाट पक्राउ गरिएको भन्ने देखिन्छ। प्रतिवेदकको प्रतिवेदन, बकपत्र र बरामदी मुचुल्कालगायतका प्रमाणहरूबाट यी प्रतिवादी उत्तम राईले अभियोग दाबीबमोजिम लागु औषध बिक्री वितरण र सञ्चय गर्ने गरेको भन्ने कुरा पुष्टि हुन सकेको पाइँदैन। निज प्रतिवादी उत्तम राईलाई बरामदित लागु औषधसाथ पक्राउ गरिएको तथा अवैध लागु औषध ओसारपसार, बिक्री वितरण, सञ्चय गरेको भन्ने वादी नेपाल

सरकारको तर्फबाट अन्य कुनै स्वतन्त्र प्रमाणसमेत पेस गर्न सकेकोसमेत देखिँदैन । प्रतिवादी सन्तोष राजधामीबाट बरामद भएका अवैध लागु औषध खैरो हिरोइनको कारोबार गर्ने तथा सोबाट आर्जित रकम बाँडी खाने भन्ने तथ्यमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने कुरामा न प्रत्यक्ष प्रमाणबाट न त परिस्थितिजन्य प्रमाणबाट नै पुष्टि हुन सकेको पाइन्छ । त्यसैले निज प्रतिवादीउपर लगाइएको अभियोग दाबीको कसुर अपराध निज प्रतिवादीले गरेको हो भनी पुष्टि हुन सकेको नदेखिने ।

त्यसैगरी प्रत्यर्थी प्रतिवादीमध्येका भुपेन्द्र तामाङ, अमित राई र बलवीर राईलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरू भुपेन्द्र तामाङ र अमित राईले अभियोग दाबीलाई इन्कार गरी सुरू अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादी सन्तोष राजधामीले अदालतमा बयान गर्दा आफूले यी सहप्रतिवादीहरूलाई चिन्दिन भनी प्रतिवादी भुपेन्द्र तामाङ र अमित राईले गरेको सो इन्कारी बयानलाई समर्थन हुने गरी बयान गरेको पाइन्छ । बरामदी मुचुल्कामा उल्लेख गरेबमोजिमको लागु औषध यी प्रतिवादीहरू भुपेन्द्र तामाङ र अमित राईको साथबाट बरामद भएको भन्ने पनि देखिँदैन । निजहरूलाई विराटनगर-१५ स्थित केसलिया रोडबाट पक्राउ गरिएको भन्ने देखिन्छ । प्रतिवेदकको प्रतिवेदन, बकपत्र र बरामदी मुचुल्कालगायतका प्रमाणहरूबाट यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम लागु औषध बिक्री वितरण र सञ्चय गर्ने गरेको भन्ने कुरा पुष्टि हुन सकेकोसमेत पाइँदैन । निज प्रतिवादीहरूलाई बरामदित लागु औषधसाथ पक्राउ गरिएको तथा अवैध लागु औषध ओसारपसार, बिक्री वितरण, सञ्चय गरेको भन्ने वादी नेपाल सरकारको तर्फबाट अन्य कुनै स्वतन्त्र प्रमाणसमेत पेस गर्न सकेकोसमेत देखिँदैन । प्रतिवादी सन्तोष राजधामीबाट बरामद भएका अवैध लागु औषध खैरो हिरोइनको कारोबार गर्ने तथा सोबाट आर्जित रकम बाँडी खाने भन्ने तथ्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरामा न प्रत्यक्ष प्रमाणबाट न त परिस्थितिजन्य प्रमाणबाट नै पुष्टि हुन सकेको पाइन्छ । प्रतिवादीहरू भुपेन्द्र तामाङ र अमित राई भिन्न भिन्न ठाउँबाट अनुसन्धानका लागि पक्राउ परेका रहेछन् भन्ने प्रतिवादीहरूको बयान बेहोराबाट समेत देखिन्छ । सरकारवादी फौज्दारी मुद्दामा अभियोजन कर्ताले केवल अभियोग लगाउनु मात्र पर्याप्त नहुने हुँदा आफूले लगाएको अभियोग दाबीलाई खम्बीर रूपमा प्रमाणित गर्ने दायित्व वादी नेपाल सरकारकै हुने हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूको भनाइलाई खण्डन गर्न वा आफ्नो प्रतिवेदन र अभियोग दाबीसमेतलाई पुष्टि गराउन वादी नेपाल सरकारले कुनै तथ्ययुक्त सबुद प्रमाण पेस गर्न सकेकोसमेत देखिँदैन । यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ ले यस्तो प्रतिवेदनसमेतका कागजातहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिनेसमेत नदेखिने ।

प्रतिवादी बलवीर राईले बरामदित बा.११ प १५७७ को CBZ मोटरसाइकल आफ्नो नाउँमा रहेको भए पनि सो मोटरसाइकल प्रतिवादी सन्तोष राजधामीलाई १५ दिनभित्र सम्बन्धित यातायात कार्यालयबाट पास गरिदिने भनी मिति २०७१।३।२१ गते रू.३५,०००/- लिई बिक्रीनामाको कागजसमेत गरी दिई सोही मितिबाट निज सन्तोष राजधामीले चलाएका हुन् । निजलाई पटकपटक पास गरौं भन्दा मलाई फुर्सद भएपछि पास गराउँला भनेकाले विश्वासमा थिएँ । मैले उक्त मोटर साइकल प्रतिवादी सन्तोष राजधामीलाई लागु औधष खैरो हिरोइन ब्राउन सुगरको कारोबार गर्नको लागि दिएको होइन । बरामद अवैध लागु औषध के कहाँबाट ल्याए, के प्रयोजनका लागि ल्याएका हुन् मलाई थाहा छैन भनी मोटरसाइकल बिक्रीनामाको लिखतको प्रतिलिपिसमेत पेस गरी

अभियोग दाबीलाई पूर्ण रूपमा इन्कार गरी अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादी सन्तोष राजधामीलाई १५ दिनभित्र पास गर्ने भनी मिति २०७१।३।२१ गते प्रतिवादी बलवीर राईले बिक्री गरेको हुनु, पास गर्ने समय हुँदाहुँदै पक्राउ परेको हो । यस अपराधमा प्रतिवादी बलवीर राईको कुनै संलग्नता छैन भनी मोटरसाइकल बिक्रीनामा कागजको र निज प्रतिवादी बलवीर राईको साक्षी शिवशंकर राजधामीले अदालतमा बकपत्र गरी निज प्रतिवादीको इन्कारी बयानलाई पुष्टि गरेको देखिन्छ । प्रतिवादी सन्तोष राजधामीले अनुसन्धान अधिकारीसमक्षको बयानमा उक्त मोटरसाइकल आफ्नै हो भनी स्वीकार गरेको र निजबाट बरामद भई आएको उक्त बा.११ प १५७७ नं. को मोटर साइकल जफत हुने ठहरी सुरू जिल्ला अदालतबाट फैसला भई उच्च अदालतबाट सदर भएकोमा सो उपरसमेत निज प्रतिवादीको पुनरावेदन परेको नदेखिँदा सोले समेत यी प्रतिवादी बलवीर राईको इन्कारी बयानलाई समर्थित गरेको देखिन्छ । प्रतिवादी बलवीर राईले बरामदी लागु औषध बिक्री वितरण गर्ने, सो कारोबारमा निजले मोटरसाइकल प्रयोग गर्न दिएको हो भनी प्रतिवेदकले बकपत्रमा किटानका साथ भन्न सकेकोसमेत देखिँदैन । त्यसैले निज प्रतिवादी अभियोग दाबीबमोजिम अवैध लागु औषध खैरो हिरोइन (ब्राउन सुगर) को कारोबार र बिक्री वितरणमा संलग्न रहेभएको भन्ने तथ्य पुष्टि हुने ठोस आधार प्रमाण वादी नेपाल सरकारबाट पेस हुन सकेकोसमेत देखिन नआउने।

अतः प्रतिवादी उत्तम राईउपर लगाएको अभियोग दाबी पुग्न नसकी निजलाई लागु औषध सेवनतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (ज) बमोजिम रू.२,०००/- जरिवाना र २(दुई) महिना कैद सजाय गर्ने गरेको र अन्य प्रतिवादीहरू भुपेन्द्र तामाङ, अमित राई र बलवीर राईउपर लगाएको अभियोग दाबी पुग्न नसकेकोले निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भएको हो भनी मान्न मिल्ने देखिन नआएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार र कारणहरूसमेत बाट सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।११।३ र मिति २०७२।२।१८ को फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७४।०९।०२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारदप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाईने

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।**

३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-०३६५, जबरजस्ती करणी, नेपाल सरकार वि. श्यामु रैदाश

जबरजस्ती करणी मुद्दामा वास्तविक वारदातको प्रत्यक्ष साक्षी नै पीडित स्वयं हुने हुन्छ । पीडित परिवर्तित नाम ४७(फ) कुमारीले अदालतमा बकपत्र गर्दा, मेरो प्रतिवादीसँग विवाह गर्ने इच्छा थियो । मैले राखेको विवाह प्रस्ताव प्रतिवादीले अस्वीकार गरेकोले रिस उठी जाहेरीमा उक्त कुरा लेखाएको हो । हामीहरूबिच राजीखुशी मन्जुरीले करणी गर्थ्यौं । घटना घटेको भनिएको दिन करणी भएको होइन। सोभन्दा पहिले पहिले मात्र करणी भएको हो भनी आफूले मौकामा दिएको प्रतिवादीउपरको किटानी जाहेरीलाई खण्डन हुने गरी बकपत्र गरेको देखिन्छ । निजको सो भनाइबाट नै प्रतिवादीले निजलाई जबरजस्ती करणी गरेको भन्ने देखिन आउँदैन । प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई पीडित जाहेरवालीको बकपत्रले पुष्टि गरी जाहेरी दरखास्तमा भएको बेहोरा झुठा भएको भन्ने देखिन्छ । सो कुरालाई पीडितको स्वास्थ्य परीक्षण

प्रतिवेदनबाट समेत पुष्टि भएको पाइने।

स्वयम् पीडित भनिएकी परिवर्तित नाम ४७(फ) कुमारीले नै अदालतमा आएर प्रतिवादीसँग विवाह गर्ने इच्छा भएको तर प्रतिवादीले विवाह गर्न नमानेको कारण जाहेरी दिएकी हुँ भनी लेखाएको अवस्थामा मौकाको कागजलाई मात्र आधार मानी जबरजस्ती करणी जस्तो कसुरमा प्रतिवादीलाई सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जान्छ। फौजदारी न्यायको Benefits of doubts goes to the accused (शंकाको सुविधा अभियुक्तले पाउँछ) भन्ने मान्य सिद्धान्तबमोजिम प्रतिवादीको बयान, पीडित जाहेरवालाको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादीको साक्षी अनिल मल्लको बकपत्रबाट समेत यी प्रतिवादीउपरको अभियोग दाबी शंकारहित एवं विश्वसनीय वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सक्ने अवस्था देखिन नआउने।

तसर्थ, सुरू पाल्पा जिल्ला अदालतको मिति २०७३।१०।२७ को फैसलालाई उल्टी भई प्रतिवादी श्यामु रैदाशले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नारदप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।**

३४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-०६१८, मानव बेचबिखन तथा ओसार पसार उद्योग, नेपाल सरकार वि. रमेश डांगीसमेत

जाहेरवालाहरूले सुरूमा जाहेरी दिएपनि अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा जाहेरवालामध्येकी संकेत ६५ वनकट्टुवा (न) ले जाहेरीको सनाखत दस्तखत मेरो हो, बेहोरा मेरो होइन, ओसारपसार तथा बेचबिखन गर्न लगेका होइनन्। मलाई विदेश जाने मन भएकोले आफ्नै इच्छाले इच्छा गरी जान खोजेको हो र पासपोर्टसमेत आफैँ बनाएकी हुँ भन्ने बेहोरा लेखाई दिएको हुँ भनी उल्लेख गरेको। अर्का जाहेरवाला संकेत नं.६५ काभ्रे (द) ले जाहेरी बेहोरा म समेतको होइन, मलाई पढेर सुनाइएन, पढ्न लेख्न आउँदैन साथीहरूले सहीछाप गर्न लगाएकाले सहीछाप गरेकी हुँ। रमेश डाँगी र विनादेवी खत्रीलाई चिन्दिन। निजहरूले म समेतलाई बेचबिखन गर्न खोजेको होइन। पासपोर्ट आफैँ बनाएकी हुँ भनी जाहेरी बेहोरा र मौकाको सनाखत वयानको प्रतिकूल हुने गरी बकपत्र गरेको देखिन्छ। त्यस्तै जाहेरवाला संकेत ६५ बझाङ (घ) ले जाहेरी बेहोरा सनाखत गर्दै स्वच्छाले विदेश जान खोजेकी हुँ। मेरो पासपोर्ट नदिएकाले शंका लागि रमेश डाँगीसमेत उपर जाहेरी दिएकी हुँ भनी बकपत्र गरेको पाइयो। जाहेरवाला संकेत ६५ सिन्धुपाल्चोक (थ) घर ठेगानामा नभई विदेश रहे भएको भन्ने मिसिल संलग्न पत्रबाट देखिने।

यसरी प्रतिवादी रमेश डाँगी र विनादेवी खत्रीले जाहेरवालाहरूलाई बेचबिखन गर्ने मनसायले लिई गएको होइन, दाबीबमोजिम कसुर गरेको होइन भनी अदालतमा समेत इन्कार भई बयान गरेको अवस्था एकतर्फ छ भने अर्कोतर्फ पीडित जाहेरवालामध्येकी सङ्केत ६५ वनकट्टुवा (न), संकेत ६५ काभ्रे (द) ले मौकाको जाहेरी दरखास्त तथा सनाखत बयान खण्डन हुने गरी बकपत्र गरेको देखिँदा प्रतिवादी रमेश डाँगी र विनादेवी खत्रीको अदालतसमक्षको इन्कारी बयानलाई समर्थन हुन पुगेको देखियो। त्यस्तै रमेश डाँगीसमेतले कसुर गरेको होइनन् बेचबिखन गर्ने उद्देश्यले लगेका होइनन्। विदेश जाने इच्छा राखी पासपोर्ट आफैँ बनाई आएका हौं भनी लेखाएबाट मौकाको जाहेरी तथा प्रमाणित बयान बेहोरा पीडितकै बकपत्रबाट खण्डन भएकोले निजहरूको जाहेरीलाई मात्र विश्वसनीय प्रमाण

मान्न नमिल्ने।

सार्वजनिक बसमा जाहेरवालासँगै काठमाडौंदेखि बाँके जिल्लाको कोहलपुरसम्म यात्रा गरेको भन्ने तथ्य स्वीकार गरी प्रतिवादी रमेश डाँगीले गरेको बयान बेहोरा र प्रतिवादी रमेश डाँगीको अनुरोध र आग्रहअनुसार जाहेरवालामध्येकी सङ्केत ६५ सिन्धुपाल्चोक (थ) र सङ्केत ६५ काभ्रे (द) लाई कोहलपुरमा रहेको आफन्तको घर कोठामा आश्रयसम्म दिएको भन्ने तथ्य निज विनादेवी खत्रीको मौकाको बयानबाट देखिन्छ। प्रतिवादीहरूको उक्त बयान प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार प्रमाणमा लिनका लागि अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्नेमा पीडितहरूकै बकपत्रबाट सो कार्य भएको नदेखिने।

मानव बेचबिखनको कार्यमा पीडितको व्यक्तिगत अवस्था परिस्थितिसँगै अभियुक्तको आपराधिक मनसाय र कार्य पनि देखिएको हुनुपर्दछ। शंका र अनुमानको आधारले वा पीडितकै कुनै निजी उद्देश्य प्रतिकूल केही कार्य हुँदैमा बेचबिखनको कार्य भई अपराध घटित भएको भन्न न्याय सङ्गत हुँदैन। प्रतिवादी रमेश डाँगी तथा विनादेवी खत्रीको कार्य भनेको पीडित जना २ लाई विनादेवी खत्रीको कोहलपुरमा रहेको आफन्तको घर कोठामा आश्रयसम्म दिई बास बसाउने कामसम्म भएको देखिएकोमा उल्लिखित कार्यलाई मानव बेचबिखनसम्बन्धी अपराधको उद्योगको कसुर मान्न नमिल्ने।

तसर्थ, सुरु बाँके जिल्ला अदालतको मिति २०७३।०७।१० को फैसला उल्टी गरी प्रतिवादी रमेश डाँगीले अभियोग दाबीको कसुरबाट सफाइ पाउने र अन्यमा सुरु जिल्ला अदालतबाट भएको उक्त मिति २०७३।०७।१० को फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासको मिति २०७४।११।०८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नारदप्रसाद भट्टराई
कम्प्युटर: देवीमाया खतिवडा (देविना)

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।**

३५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-२५१८, ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी, नेपाल सरकार वि. साजन राईसमेत

प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सन्दर्भमा विचार गर्दा, पीडितले घटना विवरण कागजमा उल्लेख गरे जसरी धेरै जना प्रतिवादीहरूले निजलाई कुटपिट गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भएको देखिन आउँदैन। पीडितको टाउकोमा लट्ठीको प्रहारबाट भएको भन्ने घातक चोट देखिएको छैन। घा जाँच केस फाराममा "fatal'' वा "not fatal" भनी निश्चयात्मक बेहोरा उल्लेख नगरी may be fatal भनी उल्लेख गरेको र घाइतेलाई घटनाको भोलिपल्ट मात्र अस्पतालमा भर्ना गरी वारदातको २ दिनपछि नै अस्पतालबाट डिस्चार्ज गरिएको देखिएबाट निजको ज्यान मार्नेसम्मको अवस्था देखिन आउँदैन। त्यसैगरी निजउपर हमला गरिएको भनिएको कुनै घरेलु हतियार ढुङ्गा, लट्ठी, रड र चिरपटसमेत बरामद भएको भन्ने देखिन आउँदैन। पीडितको साथबाट चोरी भएको भनिएका मोबाइललगायत चोरीको कुनै पनि सामान बरामद गरिएकोसमेत देखिँदैन। ज्यान मार्ने मनसायसम्मको पूर्वरिसइवी रहेको भन्ने तथ्य पनि प्रस्तुत मुद्दाको रोहबाट देखिन नआउने।

यस्ता घटना वारदातमा पीडित स्वयं प्रत्यक्षदर्शी हुने भएकोले निजको भनाइ महत्त्वपूर्ण

हुन्छ । तर प्रस्तुत घटनाका पीडित प्रदिप भन्ने समिर राईले मौकामा प्रतिवादी साजन राईले बोकी ल्याएको लट्ठीले मेरो टाउको ताकी प्रहार गर्दा म भुइँमा ढलेपछि प्रतिवादी परिवर्तित नाम "विवाद" ले मेरो शरीरको विभिन्न भागमा प्रहार गरे भन्ने तथ्य बताएकोमा सुरू अदालतमा प्रतिवादी साजन राईले बाँसको मुड्ग्रोले टाउकोमा प्रहार गरी म उत्तानो परी लडेँ, त्यसपछि साजन राईले नै ढुङ्गाले हात खुट्टा र निधारमा हानी अन्य प्रतिवादीहरू कविराज राई, मधु राईलगायतका प्रतिवादीहरूले लाठी मुड्ग्राले प्रयोग गरी मलाई मरणासन्न अवस्थामा बेहोस बनाएको भन्ने बेहोरा खुलाएको देखियो । पीडितको मौकाको कागज र बकपत्रसमेत एकआपसमा मिलेको देखिन नआउने ।

पीडितलाई १५ जनाको समूहले कुटपिट गरेको अवस्थामा पीडितको शरीरको विभिन्न भागमा धेरै घाउ चोट देखिनुपर्ने हुन्छ । तर निजको शरीरमा धेरै जना प्रतिवादीहरूले कुटपिट गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भएको देखिन आउँदैन । साथै तेस्रो पक्षको उपस्थिति वा हस्तक्षेपको कारणबाट ज्यान मार्न नपाएको भन्ने स्थिति पनि मिसिल संलग्न प्रमाणबाट देखिन आउँदैन । पीडितको औषधी उपचार लामो समयसम्म अस्पतालमा भएको भन्ने पनि देखिँदैन । प्रतिवादीहरूले मार्ने मनसायले नै पीडितलाई कुटपिट गरेको भन्ने तथ्यसमेत वस्तुगत प्रमाणबाट समर्थित हुन सकेको देखिन नआउने ।

वादी नेपाल सरकारले ज्यान मार्ने उद्योगको अभियोग दाबी प्रमाणित हुने अन्य कुनै भरपर्दो प्रमाण पेस गर्न सकेको देखिन आउँदैन । पीडितको बकपत्र र घा जाँच केस फारामसमेतबाट पीडितलाई कुटपिटसम्म भएको भन्ने तथ्य स्थापित भएको देखिन आउँछ । ज्यानै मार्ने उद्देश्यले कुटपिट गरी घाइते बनाएको भन्ने तथ्य प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिन आउँदैन । तेस्रो पक्षको उपस्थिति वा हस्तक्षेपका कारणबाट ज्यान मार्न नपाएको भन्ने स्थिति पनि मिसिल संलग्न प्रमाणबाट कहीँकतै देखिन आउँदैन । केवल किटानी जाहेरी दरखास्त र सोअनुसार जाहेरवाला र पीडितको बकपत्रसम्मकै आधारमा मात्र ज्यान मार्ने उद्योग जस्तो गम्भीर अभियोगमा यी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने ।

तसर्थ, प्रतिवादीहरूमध्येका विज्ञान राई, क्षितिज राई, धने भन्ने निर्जन राई, फेन्टा भन्ने उदिप राई, गोरे भन्ने प्रेमप्रसाद राई, घण्टे भन्ने विशाल राई, गोविन्द भन्ने आशिष राई, सुदन राई, सुमन खड्का, नरेश राई, परिवर्तित नाम सम्बन्ध र विवादले ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबीबाट तथा सबै प्रतिवादीहरूले चोरीतर्फको अभियोग दाबीबाट सफाइ पाउने र मोटरसाइकलसमेत जफत नहुने गरी भएको सुरू धनकुटा जिल्ला अदालतको मिति २०७५।०५।१८ को फैसला सो हदसम्म मिलेको देखिएकोले सदर हुने र प्रतिवादीमध्येका साजन राई, कविराज राई र मधुप्रसाद राईलाई ज्यान मार्ने उद्योगतर्फ मिति २०७५।०५।१८ मा कसुर ठहर गरी निज प्रतिवादीलाई जनही ५ वर्ष कैद सजाय निर्धारण गरी निज प्रतिवादीहरूबाट रू.५०,०००।– (पचास हजार) रूपैयाँ पीडितले क्षतिपूर्तिबापत भराइपाउने गरी भएको धनकुटा जिल्ला अदालतको मिति २०७५।०६।०९ को सजाय निर्धारणसमेत फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरू साजन राई, कविराज राई र मधुप्रसाद राईसमेतले ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबीबाट समेत सफाइ पाउने ठहऱ्याई तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवालाले सकार गर्न आएमा प्रस्तुत मुद्दाको मिसिलबाटै कारबाही किनारा गरिदिने गरी प्रस्तुत मुद्दा कुटपिटमा परिवर्तन गरिदिने ठहर्छ भनी उच्च अदालत विराटनगर, धनकुटा

इजलासबाट मिति २०७५।१२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारदप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।**

**३६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-RC-००४७, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. गणेशकुमार खडका

प्रतिवादी गणेशकुमार खड्का स्वयंले मृतक रतियादेवी यादवले आफूलाई बसमा सुतिरहेको अवस्थामा बसको ढोका जोरजोरले हानी गालीगलौज गरेको कारण मृतकउपर आफूलाई रिस उठेको र निज मृतकलाई घाँटीमा समाती थिच्दा निजको ज्यान गएको भनी अनुसन्धान अधिकारी तथा अदालतसमक्ष समेत आफ्नो कसुर स्वीकार गरी बयान गरेका छन्। निज प्रतिवादीको साबिती बयान शव परीक्षण प्रतिवेदन तथा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशीको DNA परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको छ। यसबाट प्रतिवादी गणेशकुमार खड्काले मृतक रतिया देवी यादवको घाँटी थिची मारेको भन्ने तथ्य पुष्टि हुन आयो। तसर्थ, निज प्रतिवादी गणेशकुमार खड्कालाई अभियोग माग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर अपराधमा सोही १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ठहरी गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत जनकपुरको फैसलालाई अन्यथा गरिरहनुपर्ने अवस्था नरहने।

अतः प्रतिवादी गणेशकुमार खड्कालाई अभियोग माग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०७५।६।२१ को फैसला साधक सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७६।३।१८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रतिवादी गणेशकुमार खड्कालाई अभियोग दाबीअनुसार जन्मकैदको सजाय हुने देखिए पनि यी प्रतिवादीको मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी रहेको देखिँदैन। प्रतिवादी गणेशकुमार खड्का युवा उमेरका रहेका छन्। यी प्रतिवादीले अदालतमा आई बयान गर्दा सम्पूर्ण घटनाक्रम उल्लेख गरी आफू अभियोग दाबीको कसुरमा साबिती रही अनपेक्षित रूपमा घटेको उक्त वारदातको परिणामप्रति पश्चाताप गर्दै बयान गरेका छन्। निज प्रतिवादी खलासी भई बसमा नै सुत्ने गरेको र स्वयं मृतक राति आई गालीगलौज गरेको कारण रिसमा आई कसुर गर्नुपर्ने कारण एवं परिस्थिति सिर्जना भएको भनी निजले अदालतमा समेत कसुर स्वीकार गरी साबिती बयान गरेको देखिएको छ। निज प्रतिवादी अनुसन्धानको क्रम र अदालतमा समेत कसुर गरेकोमा साबिती भई न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिन आएको स्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई ठहर भएकोअनुसार सजाय गर्दा चर्को पर्ने देखिन आएकोले साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क को उपदफा (१) बमोजिम १० वर्ष कैदको सजाय हुने।

फैसला तयार गर्नेः शा.अ. कल्याण खड्का

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७६ साल माघ १ गते रोज ४ शुभम्।**

## इजलास नं.७

**३७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७२-WO-०५४१, उत्प्रेषण / प्रतिषेधसमेत, प्रदीपकुमार श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय नक्सालसमेत*

जिल्लाको प्रहरी प्रमुखको भूमिकामा रहेको अधिकारीलाई अनुशासनसम्बन्धी कारबाही गर्दा प्रमुख जिल्ला अधिकारीको अनुमति लिनुपर्ने र काज सरूवा गर्दा कारण खोली काज सरूवा गर्नुपर्नेमा सोविपरीत हुने गरी सञ्चारद्वारा कारण उल्लेख नगरी भएको काज सरूवा र कारबाहीको कार्य कानूनविपरीत भयो भन्ने निवेदन जिकिरको सम्बन्धमा हेर्दा प्रहरी नियमावली, २०७१ को नियम ५०(२) मा कुनै प्रहरी कर्मचारीलाई अवधि नपुग्दै सरूवा गर्नुपरेमा कारण उल्लेख गरी सरूवा गर्न सकिने कुरा उल्लेख भएको देखिएको र यी निवेदकको कार्यसम्पादन सन्तोषजनक नभएको भन्ने प्रश्न उठेको अवस्थामा मानवस्रोत विकास विभाग प्रशासन उपशाखाको सञ्चारद्वारा काज सरूवा गरेको कार्यलाई कानूनविपरीत भन्नुपर्नेसमेत देखिन आएन। रिट निवेदकलाई अनुशासनसम्बन्धी कारबाही गरिएको नभई विभागीय कारबाही गरिएको देखिँदा प्रमुख जिल्ला अधिकारीको अनुमति लिनुपर्ने भन्ने जिकिरसमेत तर्कसङ्गत नदेखिने।

अतः रिट निवेदकलाई कानूनबमोजिम निर्णय गर्ने अधिकारप्राप्त अधिकारीबाट कानूनले तोकेको प्रक्रिया पूरा गरी प्राकृतिक न्यायको सिद्धान्तलाई समेत ध्यानमा राखी अभिलेखमा जनिने गरी नसिहत दिने गरी भएको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरका प्रहरी नायब महानिरीक्षकको मिति २०७२/४/२५ को सुरू निर्णय र सो सुरू निर्णयलाई सदर गर्ने गरी प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षकबाट भएको मिति २०७२/९/३० को पुनरावेदन तहको निर्णय कानूनसम्मत नै रहेको देखिँदा सो निर्णयलाई अन्यथा गरिरहनुपर्ने देखिन आएन। उक्त निर्णय एवं पत्रहरू र अभिलेखमा जनिने गरी नसिहत दिने भनी भएको कारबाही निर्णय उत्प्रेषणको आदेशले बदर गरी अभिलेखमा जनिएको नसिहतसमेत हटाउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम्।**

३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७०-CR-००७३, हातहतियार खरखजाना, राजु गुरू भन्ने रविदत्त मिश्र वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरेको भए पनि मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०६६।१०।२३ गते गा.वि.स. सोमडिह १ बाट मलाई अवैध इटालियन पेस्तोल १ ऐ. को म्यागजिनमा लोड भएको गोली राउण्ड २ सहित प्रहरीले पक्राउ गरेको हो भनी अभियोग दाबीबमोजिमको कसुर अपराध गरेकोमा साबित रही बयान गरेको देखिन्छ। यी प्रतिवादी पेस्तोल र त्यसमा लाग्ने २ राउण्ड गोलीसहित पक्राउ परेको भन्ने सुरू मिसिल संलग्न मिति २०६६।१०।२३ को बरामदी मुचुल्काबाट देखिएको छ। उक्त मुचुल्कामा पुनरावेदक प्रतिवादीले सहीछाप गरेको देखिन्छ र सो मुचुल्का यो यसकारणले अन्यथा हो भन्ने पुनरावेदकको भनाइ देखिँदैन। निजबाट गोलीसहित पिस्तोल बरामद भएको हो भनी बरामदी मुचुल्कालाई पुष्टि गरी प्रतिवेदक दीपकराज बोहराले अदालतमा बकपत्र गरेको देखिएको छ। यसरी प्रतिवादीको मौकाको साबिती बयान बरामदी मुचुल्कासमेतका मिसिल संलग्न तथ्य प्रमाणबाट समर्थित भई प्रतिवादी राजु गुरू भन्ने रविदत्त मिश्रले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) विपरीत अभियोग मागदाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित भइरहेको अवस्थामा ऐ. को दफा २०(२) बमोजिम ३ वर्ष कैद र बरामद हतियार र गोली जफत हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीले कसुर गर्दाको अवस्थामा हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) अन्तर्गतको कसुरमा ३ वर्षदेखि ५ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको र २०७२ सालमा केही नेपाल ऐन संशोधन गर्ने ऐनद्वारा दफा २० (२)मा संशोधन भई ६ महिनादेखि १ वर्षसम्म कैदको व्यवस्था गरिएको भए पनि हाल हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० नै खारेज भई हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(२) मा उपदफा १ बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने छ भन्ने व्यवस्था रही त्यस्तो निषेधित कार्य गर्ने व्यक्तिलाई सोही दफाको उपदफा (२) ले पाँच वर्षसम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुने देखिन्छ। यसबाट उक्त कसुरमा तोकिएको सजायको हद तत्कालीन हातहतियार खरखजाना ऐनमा तोकिएको सजायको हदभन्दा बढी रहेको देखिँदा तत्कालीन ऐनबमोजिम सजाय हुने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिँदा यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशमा सहमत हुन नसकिने।

अतः प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरी सुरू जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट मिति २०६९।१।४ मा भएको फैसला उल्टी गरी प्रतिवादी राजगुरू भन्ने रविदत्त मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम ३ वर्ष कैद भई बरामद हतियार र गोली जफत हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।५।२५ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७६ साल माघ २४ गते रोज ६ शुभम्।**

## ३९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७५-CR-०२१०, *मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी, प्रेम सार्की वि. नेपाल सरकार*

पीडितको जाहेरी, प्रमाणित बयान र बकपत्र, प्रतिवादीको बयानका साथै घटना विवरण कागज गर्ने मानिहरूको कागज एवम् बकपत्र बेहोराबाट प्रतिवादीले पीडितलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिम शोषण गर्ने उद्देश्यले मानव ओसारपसारको कसुर गरेको पुष्टि हुन आयो। यसरी निज प्रतिवादीले पीडितलाई किन्न-बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको नदेखिई शोषण गर्ने उद्देश्यले लगेको देखिएको अवस्थामा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम सजाय गर्नुपर्नेमा उक्त ऐनको दफा १५(१)(ङ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र सोही ऐनको दफा १७ बमोजिम पीडितले प्रतिवादीबाट रू. ५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति पाउने गरी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सदर भएकोमा निज प्रतिवादी प्रेम सार्कीलाई भएको कैद तथा जरिवानाको हदसम्म मिलेको नदेखिने।

प्रतिवादी प्रेम सार्कीले पीडित परिवर्तित नाम कञ्चनपुर ७५ 'ङ' कुमारीलाई जबरजस्ती करणी गरी तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी प्रेम सार्कीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्षको कैद सजाय गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मिलेको

देखिँदा सदर हुने र प्रतिवादी प्रेम सार्कीले नाबालक पीडित परिवर्तित नाम कञ्चनपुर ७५'ङ' कुमारीलाई निजको अभिभावकको मन्जुरीबिना थाहा जानकारी नगराई डर, त्रास एवम् ललाइ फकाइ घरबाट भगाइ छुटाइ कञ्चनपुरसम्म पुऱ्याउनुका साथै करणीसमेत गरेको देखिँदा प्रतिवादीले शोषण गर्ने उद्देश्यले नाबालकलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगी मानव ओसारपसार गरेको देखिएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको कसुरको हकमा सो ऐनको दफा १५(१)(ङ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादी प्रेम सार्कीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम १ (एक) वर्ष कैदको सजाय हुने र प्रतिवादीबाट पीडितले पाउने क्षतिपूर्तिको हकमा मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम रू. ५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति पाउनेसमेत ठहर्ने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल कात्तिक २६ गते रोज ४ शुभम्।**

**४०**

**मा.न्या.डा.श्री आनन्दमोहत भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०६८-CR-०५२४, आयकर (आ.व.२०६२/०६३), ठुला करदाता कार्यालय, हरिहरभवन वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड*

आयकर ऐन, २०५८ को दफा १३ को कानूनी व्यवस्था हेर्दा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरू कट्टी गर्न पाउने छ : (क) सो आय वर्षमा भएका, (ख) सो व्यक्तिबाट भएका, र (ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका" भनी उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाले करदाता कम्पनीले आफ्नो व्यवसाय वा लगानीसँग सम्बन्धित विषयमा भएका खर्चलाई आयमा समावेश नगरिने भन्ने देखिन्छ। यी करदाता कम्पनीले उक्त रकमहरूको कर कट्टा गरी व्यापार प्रबर्द्धकहरूलाई प्रोत्साहनबापत, लेखा परीक्षकको यातायात खर्च, कम्पनीको विज्ञापन आदिमा खर्च गरिएको भनी विभिन्न भुक्तानी भौचरहरू पेस गरेको र सो भुक्तानी भौचरहरूलाई पुष्टि गर्ने विभिन्न व्यक्ति तथा संस्थालाई उपलब्ध गराएको रकमबाट कर कट्टा गरी दाखिला गर्न पठाएको पत्रहरू, राजस्व दाखिला गरेको भौचरसमेतका रसिदहरू बहसको क्रममा कम्पनीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीबाट पेस भएको देखिँदा उक्त रकमलाई कारोबारसँग असम्बन्धित भन्न मिलेन, करदाता कम्पनीले खर्च कट्टी गर्न पाउने गरी गरेको फैसला मिलेकै देखिने।

अब सेयर होल्डरहरूलाई वितरण गरेको रकम रू.२,६१,३००।- को सम्बन्धमा हेर्दा सेयर होल्डरहरू कम्पनीको हितग्राही भएको, हितग्राहीलाई कम्पनीले मुनाफा वितरण गर्न आयकर ऐन, २०५८ को दफा ५३(१)(क) र दफा २१(ङ) ले प्रतिबन्ध लगाएको हुँदा सेयर होल्डरहरूलाई मुनाफा वितरण गर्नु गैर कानूनी कार्य हो भन्ने पुनरावेदन जिकिर रहेकोमा कम्पनी ऐन, २०६३ आउनुपूर्व यो कानूनी व्यवस्था विद्यमान नरहेको, कम्पनी ऐन, २०६३ मिति २०६३/६/२० देखि लागु भएको र सोभन्दा पहिले नै करदाता कम्पनीले आफूले आर्जन गरेको मुनाफाबाट आफ्नो सेयर होल्डरहरूलाई रकम वितरण गरेको हुँदा खर्च कट्टी गर्न मिल्ने हो भनी प्रत्यर्थी कम्पनीको तर्फको कानून व्यवसायीको जिकिर रहेको पाइयो। यसको

साथै तत्कालीन समयमा साधारण सभाले पारित गरी कम्पनीको मुनाफाबाट सेयर होल्डरहरूलाई वितरण गर्न नमिल्ने भन्ने कानूनी आधार पनि पुनरावेदन जिकिरमा उल्लेख भएको पाइएन । यस स्थितिमा सेयर होल्डरहरूलाई वितरण गरेको रकमलाई अमान्य नहुने भनी गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेकै देखिन आउने ।

बोनस व्यवस्थाको लागि कायम भएको रकम रू. २७,४९१।- को सम्बन्धमा हेर्दा नेपाल इन्स्योरेन्स कम्पनी लि. ले आ.व. २०६२/०६३ मा कमाएको नाफाबाट रू. २,७४,९०८।- मात्र बोनस व्यवस्था गर्न पाउनेमा रू. ३,०२,४००।- दाबी गरेको हुँदा बढी माग गरेको रकम रू. २७,४९१।- करयोग्य हुँदा आयमा समावेश हुनुपर्ने हो, सो रकमलाई खर्च कट्टी दिने गरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा कम्पनीले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनसबापत छुट्याउनुपर्छ भनी बोनस ऐन, २०३० को दफा ५ मा कानूनी व्यवस्था रहेको, सोअनुसार खुद नाफा हुनको लागि कम्पनीले सो वर्षभरि गरेको सम्पूर्ण रकम कटाइसकेपछि अर्थात् बोनसबापत छुट्याइने रकमको समेत आयकर कट्टा गरी बाँकी रहेको खुद आम्दानीबाट मात्र दश प्रतिशत रकम बोनसको रूपमा वितरण गर्न पाउने हो भन्ने पुनरावेदकतर्फको र जसले बोनसबापत आय आर्जन गर्दछ उसैले त्यसबापत लाग्ने कर तिर्ने हो, बोनस रकमको कर कट्टी गरेर मात्र कर्मचारीलाई वितरण गरिने हुँदा करकट्टी गरेर बोनस रकम छुट्याउँदा एउटै रकममा दोहोरो कर तिर्नुपर्ने अवस्था आउँछ भन्ने प्रत्यर्थी करदाता कम्पनीको तर्फका कानून व्यवसायीको बहस जिकिर रहेको ।

बोनस ऐन, २०३० को दफा ५ को कानूनी व्यवस्था हेर्दा सो दफाको उपदफा (१) मा "मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनसबापत छुट्याउनुपर्छ" र उपदफा (२) मा "उपदफा (१) बमोजिम कुनै प्रतिष्ठानले कुनै एक आर्थिक वर्षमा गरेको खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०३१ को दफा १२ बमोजिम कायम हुन आउने खुद आयबाट देहायको रकमसमेत कट्टा गर्नुपर्छ भन्ने व्यवस्था रही सो उपदफाको देहाय खण्ड (क) मा श्रम ऐन, २०४८ को दफा दफा ४१ बमोजिम कर्मचारीहरूको व्यवस्थापनको निमित्त छुट्याएको रकम भन्ने र देहाय खण्ड (ग) मा दफा ११ को उपदफा (३) बमोजिम बढी वितरण भएजति बोनसको रकम" भन्ने उल्लेख भएको देखिन्छ । यसैगरी "कट्टा गर्नुपर्ने अङ्कसमेत उक्त बोनस ऐन, २०३० को दफा ५ ले प्रस्ट गरेको सन्दर्भमा कानूनले प्रस्ट व्यवस्था नगरेको कुरालाई परिपत्रमार्फत विधायिकी कानून नै संशोधन हुने गरी कुनै पनि निकायले परिपत्र जारी गर्न पाउने होइन भन्दै विपक्षी आन्तरिक राजस्व विभागको परिपत्रबमोजिम बोनस वितरण गर्ने रकमलाई खर्चमा कट्टा गरी बाँकी रहेको अङ्कलाई खुद मुनाफा मान्ने भन्ने मनसाय बोनस ऐन, २०३० तथा आयकर ऐन, २०५८ मा नदेखिएको" भनी तुलाप्रसाद सुवेदीसमेत वि. इन्दुशंकर चिनी उद्योग लिमिटेडसमेत भएको ०६९-WO-००२९, सर्वोच्च अदालत बुलेटिन २०७३, अङ्क-२१) मा व्याख्या भएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाको सीमाभित्र रही एवम् सर्वोच्च अदालतबाट भएको व्याख्या एवम् करदाता कम्पनीले आ.व. २०६२/०६३ को बोनस वितरण गर्दा करकट्टी दाखिला गरेको कर्मचारीहरूको फेहरिस्तसहितको नामावलीसमेत मिसिल संलग्न पेस गरिरहेको अवस्थामा कम्पनीले बोनसबापत दाबी गरेको रकमलाई खर्च कट्टी गर्न पाउने भनी गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हकमा मिलेकै देखिन आउने ।

बिमा प्रिमियम आम्दानीमा राखिएको रकम

रू.३,१६,५१९।- को सम्बन्धमा हेर्दा करदाता कम्पनीले प्रिमियम रू.३,१६,५१९।- लाई आयकर ऐन, २०५८ को दफा २२ (३) अनुसार एक्रूयल आधारमा लेखाङ्कन गर्दा जुन आय वर्षको कारोबार हो सोही आय वर्षमा आम्दानी तथा खर्चको हिसाब गर्नुपर्छ, एक आय वर्षमा भएको कारोबारलाई पछि आउने अर्को आय वर्षमा समावेश गर्न मिल्दैन । आयकर ऐन, २०५८ को दफा २२ (३) को उद्देश्य पनि सोही वर्षको कारोबारमा खर्च विवरण देखाउनुपर्छ भन्ने हो भनी पुनरावेदकतर्फको कानून व्यवसायीको र उक्त रकम कम्पनीले आफ्नै र बिमा गर्ने व्यक्तिहरूको जोखिम वहनको लागि व्यवस्था गरेको हो। यसबापतको रकम पहिले प्रस्ताव गरिन्छ र प्रस्तावअनुसार रकम प्राप्त भएपछि मात्र आम्दानीमा आउने भएको हुँदा अर्को वर्षको आम्दानीमा देखाइएको हो भनी प्रत्यर्थी पक्षको कानून व्यवसायीको बहस जिकिर रहेको।

आयकर ऐन, २०५८ को दफा दफा ६० (२) मा "सामान्य बिमा व्यवसाय गर्ने कुनै व्यक्तिको कुनै आय वर्षको गणना गर्दा देहायबमोजिम गर्नुपर्ने छ" भनी उल्लेख गर्दै खण्ड (क) मा "यस ऐनबमोजिम समावेश गर्नुपर्ने कुनै अन्य रकमहरूका अतिरिक्त देहायका रकमहरू पनि समावेश गर्नुपर्ने छ" भन्ने उल्लेख गरी देहाय (१) मा "सो व्यक्तिले सो वर्षमा सो व्यवसाय सञ्चालन गरी प्राप्त गरेको पुनर्बिमाको प्रिमियमलगायत बिमाको प्रिमियमबापतको रकम र देहाय (२) मा "पुनर्बिमा, जमानत, सुरक्षण वा क्षतिपूर्तिको कुनै करारबापत खण्ड (ख) को उपखण्ड (१) बमोजिमका भुक्तानीबाट सो वर्षमा प्राप्त रकमहरू" भनी उल्लेख भएको देखिन्छ । त्यसैगरी ऐ. दफाको खण्ड (ख) को उपखण्ड (१) मा "सो व्यवसाय सञ्चालन गर्दा सो व्यक्तिबाट बिमकको हैसियतमा सो वर्षमा गरिएको भुक्तानीहरू" भनी उल्लेख गरिएको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्था हेर्दा सो व्यक्तिले सो वर्षमा सो व्यवसाय सञ्चालन गरी प्राप्त गरेको भन्ने शब्दावलीले प्रिमियम रकमलगायत पुनर्बिमा, जमानत, सुरक्षण वा बिमकले भुक्तानी गरेका रकमहरू जुन आर्थिक वर्षमा प्राप्त हुन्छ सोही आर्थिक वर्षको आम्दानीमा समावेश गर्नुपर्ने भन्ने देखिन्छ । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त हेर्दा "कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भए पनि त्यसै वर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभए तापनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने" (ने.का.प.२०६९, अङ्क ११, नि.नं.८९१४) भन्ने देखिन्छ। उक्त प्रतिपादित सिद्धान्तमा पनि कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम सो आर्थिक वर्षमा प्राप्त भई नसकेको वा भुक्तानी हुनुपर्ने रकम भुक्तानी भई नसकेको भए तापनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गरिनुपर्ने भन्ने देखिएबाट एक आर्थिक वर्षको आम्दानीलाई अर्को वर्षको आम्दानीमा समावेश गर्न मिल्ने देखिँदैन । माथि उल्लिखित कानूनी व्यवस्था एवम् नजिरसमेतले एक आर्थिक वर्षको आम्दानीलाई अर्को वर्षको आम्दानीमा जनाउने गरी राखेको लेखाको व्यवस्थालाई अमान्य नगरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको नदेखिने।

तसर्थ, बिमा प्रिमियम आम्दानी शीर्षकमा राखिएको रकम रू. ३,१६,५१९।- लाई करदाता कम्पनीको आयमा समावेश गर्नुपर्नेमा सो नगरेको हदसम्म राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६६।१०।२४ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुन्छ । सोबाहेक अवितरित बोनस खर्च, कारोबारसँग असम्बन्धित खर्च, सेयर होल्डरहरूलाई वितरण गरेको रकम र बोनस व्यवस्थाको लागि कायम भएको रकम शीर्षकको हकमा उक्त फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल मङ्सिर १० गते रोज ४ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६८-CR-०५२५, आयकर, *ठुला करदाता कार्यालय, हरिहरभवन वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड*
- ०६८-CR-०५२६, आयकर, *ठुला करदाता कार्यालय, हरिहरभवन वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड*

४१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१६९३, निषेधाज्ञा, उत्प्रेषण, परमादेश, डण्डपाणी घिमिरे वि. नोखिराम खड्का*

यथार्थमा नियमावली ऐनको उद्देश्य पूरा गर्न बनाइने नीतिगत दस्ताबेज भए तापनि ऐनमा व्यवस्था नभएको तर विशेष अवस्थामा कुनै विषयको अपवाद खुलाउनुपर्ने भएमा त्यस्तो अधिकार नियमावलीमा थप गर्न नमिल्ने भन्ने देखिँदैन । यस अवस्थामा नियमावलीमा भएको व्यवस्था अमान्य हुनको लागि केवल कानूनसँग बाझिएको छ भन्नु मात्र पर्याप्त हुँदैन । कानूनसँग बाझिएका आधार र कारणसमेत प्रस्ट रूपमा उल्लेख गर्नुपर्दछ । कानूनसँग बाझिएको छ भनी पुनरावेदनको तहमा मात्र जिकिर लिएको देखिँदा सो आधारमा मात्र शिक्षक सेवा आयोग (नवौं संशोधन) नियमावली, २०७१ को नियम ९(७) अमान्य छ छैन भन्नेतर्फ विचार गरिरहन पर्ने देखिन आएन । प्रत्यर्थी निवेदक नोखिराम खड्का शिक्षक छनौट समितिबाट छनौटसमेत भई केही समय अध्यापन गरेको स्थितिमा निजको नियुक्ति समर्थन नगरेको विपक्षी जिल्ला शिक्षा कार्यालय तुलसीपुरको कार्य कानूनसम्मत मान्न सकिने अवस्था नदेखिँदा विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, जिल्ला शिक्षा कार्यालय घोराही दाङले श्री सरस्वती उच्च माध्यमिक विद्यालयलाई लेखेको मिति २०७२।१२।२७ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदक विपक्षी जिल्ला शिक्षा कार्यालयका नाममा श्री सरस्वती उच्च माध्यमिक विद्यालयको मिति २०७१।१२।०२ को पत्रानुसारको नियुक्ति समर्थन गर्नु गराउनु भनी परमादेश जारी हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०७२।०८।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ असार ३१ गते रोज ४ शुभम् ।**

४२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०९७६, निषेधाज्ञायुक्त परमादेश, सूर्यबहादुर भाट वि. परशुराम श्रेष्ठ*

प्रस्तुत मुद्दामा विवादित जग्गा निवेदकको हकभोग रहेकोमा विवाद देखिँदैन । मिसिल संलग्न प्रमाण कागजबाट मध्यपहाडी लोकमार्गमा पर्ने निवेदकको जग्गाको क्षतिपूर्ति एवं मुआब्जा विपक्षीहरूले बुझाएको भन्ने पनि देखिँदैन । यस सम्बन्धमा लोकमार्ग आयोजनाले आवश्यक कानूनी प्रक्रिया पूरा गरी निवेदकसँग परामर्शसमेत गरी उक्त लोकमार्ग निर्माण कार्यमा निजको रेखाङ्कन भएको जग्गाका सम्बन्धमा सहमति लिने वा क्षतिपूर्ति दिने कार्य गर्ने नै हुँदा यस सम्बन्धमा थप केही उल्लेख गरिरहनु नपर्ने ।

यसरी उल्लिखित विवादित जग्गामा प्रत्यर्थी निवेदकको निर्विवाद हक भोग रहे भएको देखिएको र निजको सहमतिबिना सडक विस्तारको प्रयोजनको लागि निजको जग्गासमेतबाट सडकको रेखाङ्कन भएको र निजले मनासिब माफिकको क्षतिपूर्ति प्राप्त नगरेको र क्षतिपूर्ति प्राप्त गर्ने हक सुरक्षित नै रहेको यस अवस्थामा निज प्रत्यर्थी निवेदकको हकको घर जग्गामा कानूनबमोजिम बाहेक कुनै निर्माण कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको

आदेश जारी हुने ठहऱ्याइएको पुनरावेदन अदालत बागलुङको मिति २०७३।०५।२९ को फैसला न्यायोचित नै हुँदा त्यसमा थप विवेचना गरिरहनु परेन । तसर्थ, सुरू पुनरावेदन अदालत बागलुङबाट मिति २०७३।०५।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल आषाढ ३१ गते रोज ४ शुभम् ।**

**४३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-१३७१, परमादेश, राजेन्द्रप्रसाद पोखरेल वि. किरणदेवी सिंहसमेत*

तत्कालीन पुनरावेदन अदालत राजविराजबाट नगरपालिकाको कामकाजका सन्दर्भमा निवेदकहरूले कुनै निवेदन दर्ता गर्न ल्याए दर्ता गर्नु भनी विपक्षी सप्तकोशी नगरपालिकाको नाउँमा परमादेश जारी हुने ठहर्छ भनी फैसला भएको देखिन्छ । कानूनबमोजिम कुनै काम गर्नुपर्ने दायित्व भएको निकायले आफ्नो दायित्वअन्तर्गतको काम नगरेको अवस्थामा आफ्नो दायित्वअन्तर्गतको काम गर्नु भनी परमादेश जारी गर्ने गरिन्छ । प्रस्तुत विवादको सन्दर्भमा नगरपालिकाको कामकाजको सन्दर्भमा परेको निवेदन नगरपालिकाले दर्ता गर्नुपर्ने नगरपालिकाको दायित्वको विषय हो । तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।३० को आदेशमा नगरपालिकाको कामकाजका सन्दर्भमा निवेदकहरूले कुनै निवेदन दर्ता गर्न ल्याए दर्ता गर्नु भनी विपक्षी सप्तकोशी नगरपालिकाको नाउँमा परमादेश जारी हुने ठहऱ्याई भएको फैसलालाई अन्यथा लिनुपर्ने वा बोल्नुपर्ने अवस्था देखिएन । मिसिल हेर्दा पुनरावेदक विपक्षीले यस अदालतबाट तोकिपाएको मिति २०७६।१०।२९ को तारेख गुजारेकोसमेत देखिने ।

अत: निवेदन मागबमोजिम नगरपालिकाको कामकाजका सन्दर्भमा निवेदकहरूले कुनै निवेदन दर्ता गर्न ल्याए दर्ता गर्नु भनी विपक्षी सप्तकोशी नगरपालिकाको नाउँमा परमादेश जारी हुने ठहराई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम् ।**

**४४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७४-CI-००५८, निषेधाज्ञा, परमेश्वर मुखियासमेत वि. रतनीदेवी

पुनरावेदन जिकिर सन्दर्भमा हेर्दा तत्कालीन पुनरावेदन अदालत राजविराजबाट निवेदिका नै मोही रहेको मोहियानी हकको प्रमाण पत्रबाट देखिई सो तथ्यमा विवाद नहुँदा मोहीले मोही हकको जग्गामा भोग आवाद गर्न पाउने नै हुँदा निजलाई दाबीको जग्गामा भोग आवाद गर्न कुनै पनि प्रकारले हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञा जारी हुने ठहर्छ भनी फैसला भएको देखिन्छ । यसरी यी निवेदिकाले मोहियानी हकबापत प्राप्त कि.नं. ६६ र ६७ को जग्गामा निर्विवादित रूपमा हक स्थापित भएको अवस्थामा उक्त जग्गा भोग गर्नबाट कसैले पनि हस्तक्षेप गर्न मिल्ने नदेखिने ।

अत: पुनरावेदन अदालत राजविराजमा निवेदन गर्ने रतनीदेवी कि.नं. ६६ र ६७ को जग्गाको मोही देखिएको भन्दै सो दाबीको जग्गामा कुनै पनि प्रकारले हस्तक्षेप नगर्नु नगराउनु भनी यी पुनरावेदक विपक्षीहरूको नाउँमा निषेधाज्ञा जारी हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०४।२३ मा भएको फैसला मिलेको देखिँदा

सदर हुने ठहर्छ। परमेश्वर मुखियासमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम्।**

## इजलास नं.८

### ४५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०६९-WO-१२३८, उत्प्रेषण, विष्णु विसुंके वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

कानूनले तोकेको विधि र प्रक्रियाको अनिवार्य रूपले पालना गर्नुपर्ने अनिवार्य तत्त्व हो, त्यसमा सामान्यत: तजबिजी अधिकारसमेत प्रयोग गर्न मिल्ने देखिँदैन । पक्षलाई सूचना दिने कानूनी प्रावधान गरिनुको विधिशास्त्रीय मान्यता भनेको पक्षले आफ्नो प्रमाणहरू जुटाएर निर्णयकर्ताकोमा हाजिर भई निर्णय प्रक्रियामा समावेश होस् भन्ने हो। तसर्थ, म्याद तामेललाई मुद्दाको सामान्य प्रक्रियाको रूपमा वा मिसिलमा कार्यविधि पूरा गरेको देखाउने रूपमा मात्र बुझ्नु हुँदैन। पक्षले जानकारी पाउन सक्ने अवस्था छ, छैन? पक्षको अन्यत्र पनि बसोबास छ, छैन भन्ने हेरी जुन स्थानमा, जुन माध्यमले म्याद तामेल गर्दा पक्षले सजिलै सूचना प्राप्त गर्दछ सोही प्रक्रिया र स्थानमा म्याद तामेल गर्नु नै विधायिकी मनसाय भएकाले सोतर्फ सम्बन्धित निकाय संवेदनशील हुने पर्ने। यस अवस्थामा यी निवेदकको नाममा तामेल गरिएको मिति २०६९।९।१९ को म्याद निजको घरदैलोमा टाँस गरिएको हो वा अन्य कुनै सार्वजनिक स्थलमा टाँस गरिएको भन्नेसम्म पनि नखुलेको र मुलुकी ऐन अ.बं.११० को प्रक्रिया अवलम्बन भएको नदेखिँदा सो म्याद सूचना कानूनअनुरूप देखिन नआउने।

अतः मिति २०६९।९।१९ को तामेली म्याद तथा पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्र, रानी विराटनगरले निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि सामान्यतः अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी मिति २०६९।११।१८ मा गरेको निर्णयलाई सदर गरेको पूर्वक्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको मिति २०७०।१।८ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुकूल नदेखिएकोले विधिवत् कायम रहन नसक्ने हुँदा उक्त मिति २०६९।११।१८ मा गरेको निर्णयलाई सदर गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरको मिति २०७०।१।८ को निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निज निवेदकलाई सेवामा पुनर्बहाली गरी सङ्गठनको आवश्यकता अनुसारको स्थानमा लगाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल पौष १९ गते रोज १ शुभम्।**

### ४६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-CR-१५७५, सवारी ज्यान, नेपाल सरकार वि. सुरज कुर्मी चौधरी

दफा १६१(३) मा ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा बाहिर जुनसुकै ठाउँमा रहेबसेको मानिसको मृत्यु हुन्छ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गर्दा यहाँ पनि सवारी चालकको व्यक्तिगत दक्षता, क्षमता एवं के-कति सतर्कता अपनाएको थियो भन्ने तथ्यगत विषयको विश्लेषण गर्नुपर्ने देखिएको छ, यस उपदफाले पनि कसुरको मात्रा निर्धारण गर्दा चालक प्रमाणपत्र छ, छैन ? हेर्नुपर्ने आवश्यकता विधायिकाले महसुस गरेको पाइँदैन। यसरी दुर्घटना हुँदा कसुरको मात्रा चालक प्रमाणपत्र भएको वा नभएको दुवैको

हकमा एकै प्रकृतिको हुने र प्रमाणपत्र नभएकालाई थप जरिवाना हुने कानूनी व्यवस्था रहेबाट दफा १६१(२) को कसुर कायम गर्ने विषयको दायराभित्र अनुमतिपत्र पाए वा नपाएको भन्ने विषयलाई आवद्ध गर्नु विधायिकी मनसाय नभएको र दफा १६१ को उपदफा (२) र (४) को व्यवस्था फरक-फरक प्रयोजनार्थ रहेको देखिएको।

लापरवाही भन्नाले वारदात घटाउने व्यक्तिको त्यस्तो मानसिक अवस्था हो जहाँ आफूले गरेको व्यवहारबाट आउने सम्भावित परिणामको पूर्वज्ञान हुन्छ तर उ निश्चित भने नहुन सक्दछ र उसले त्यस्तो परिणामको चाहना राखेको नहुने । यदि आफूले गर्न लागेको कामको परिणाम कर्ताले देखेको छ तर पनि उक्त दुष्परिणामप्रति उत्साहित भई काम गर्दा अर्कालाई हानि नोक्सानी भएमा त्यो लापरबाही हो । लापरवाही व्यक्तिको मानसिक अवस्था हो जसले आफ्नो आचरणको सम्भावित परिणामको पूर्वज्ञान राख्दछ तर परिणामको मनसाय वा इच्छाविना नै उक्त कार्य गर्दछ। लापरवाही एउटा विवेकपूर्ण मान्छे सामान्य आचरणको स्तरबाट अत्यधिक टाढा पुग्नु हो । यसरी सम्भावित जोखिम परिणामको जानकारी भइकन पनि त्यसप्रति संयमता अपनाउनुपर्नेमा नअपनाइ उत्पन्न भएको जोखिम लापरवाही हो । लापरवाही गरेको खण्डमा ऐ. ऐनको दफा ४७ बमोजिम सजाय गर्नुपर्ने भन्ने विधायिकी मनसाय रहेको।

प्रतिवादीले हाँकेको मोटरसाइकलमा बिमला कुर्मीको बिरामी बच्चालाई उपचार गर्न लगेको देखिन्छ । उपचारको व्यवस्था र पहुँच सहज रूपमा नभएको हाम्रो देशमा मानवताकै कारण यदाकदा सहयोग गर्नुपर्ने बाध्यता पनि पर्न सक्ने अवस्था नकार्न सकिँदैन । यसरी बिरामी बच्चालाई अस्पताल लग्ने अपरिहार्यता देखिँदा पनि यी प्रतिवादीको बढी गतिमा वा सडकको गलततर्फबाट मोटरसाइकल चलाएको देखिएको छैन । यी प्रतिवादी घटनास्थलबाट भागेको, भाग्ने प्रयत्न गरेको वा लुक्ने छिप्ने प्रयत्न गरेको अवस्था पनि छैन । बिमला कुर्मी र मृतकको श्रीमतीले अधिकार प्राप्त अधिकारीसमक्ष मृतक बेचु भन्ने जगन्नाथ कोहारले ध्यान नदिई बाटो क्रस गर्दा उत्तरतर्फबाट दक्षिणतर्फ आउँदै गरेको मोटरसाइकलले अचानक ठक्कर दिई दुर्घटना भएको भनी अधिकार प्राप्त अधिकारीसमक्ष कागज गरी अदालतसमक्ष चालकको लापरवाही छैन अचानक बाटो काट्दा ठक्कर लागी सडकमा पल्टी टाउकामा चोट लाग्न गएको हो, चालकले सावधानी अपनाउँदा अपनाउँदै दुर्घटना घटेको भनी बकपत्र गरेकोबाट पुष्टि भइरहेको छ । यसरी यी प्रतिवादीको मोटरसाइकल चलाउने तरिकाको कारण दुर्घटना भएको नदेखिएको, छिमेकीको बच्चा बिरामी हुँदा तत्काल मोटरसाइकलमा राखी मानवता तथा सामाजिक आवश्यकताको कारण अस्पताल लैजाने क्रममा दुर्घटना भएको पाइएको छ । जानी-जानी के-कस्तो लापरबाही गरी सवारी चलाएको हो भनी वादी पक्षले उल्लेख गरी सोलाई पुष्टि हुने तथ्य एवं प्रमाण पेस गर्न नसकेको अवस्थामा सवारी चालक अनुमतिपत्र प्राप्त नगरेकै कारणले मात्र चालकले लापरवाही गरी सवारी चलाएको भन्ने देखिन नआउने । यस आधारबाट सुरू अदालतहरूले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम प्रतिवादीलाई सजाय गरेको फैसलामा ऐ.ऐनको १६१ को उपदफा (२) तथा (३) को त्रुटि देखिएको भनी मुद्दा दोहोऱ्याउने अनुमति प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

न्यायको रोहमा आवश्यकताको सिद्धान्तसमेत अपवादको अवस्थामा यदाकदा अवलम्बन गरिँदै आएको हाम्रो न्याय प्रणालीमा प्रस्तुत मुद्दामा असल एवं मानवीय कारणले सवारी चलाउनुपर्ने प्रतिवादीको बाध्यता, मृतक आफैँ आई मोटरसाइकलमा ठोक्किएको निर्विवादित अवस्था तथा घटनास्थल विवरण मुचुल्काबाट प्रतिवादीको मोटरसाइकल हँकाई लापरवाहीयुक्त नभएको र सामान्य व्यक्तिको समझ र

सुझबुझभन्दा बाहिरको नदेखिएको र घटनापश्चात् यी प्रतिवादी भागी अपराध लुकाउने प्रयत्नसमेत नगरेको अवस्थामा उक्त मुद्दाको तथ्य र प्रकृतिको आधारमा भएको विवेचना र व्याख्या प्रस्तुत मुद्दामा देखिएको घटनाक्रमभन्दा पृथक् देखिएको स्थितिमा उक्त मुद्दामा भएको व्याख्या यान्त्रिक रूपमा अवलम्बन गर्दा न्याय पर्ने अवस्था नदेखिएको हुँदा उक्त बहुमतको व्याख्या प्रस्तुत मुद्दामा अवलम्बन गर्नु न्यायोचित नदेखिने।

तसर्थ, यी प्रतिवादी सुरज कुर्मीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अकर्षित हुने नभई निज प्रतिवादीलाई ऐ.ऐनको दफा १६१(३) बमोजिम १(एक) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०७१।७।२६ मा भएको फैसला सदर गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।१।२२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७६ साल माघ २९ गते रोज ४ शुभम्।**

## ४७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-१२२३, जबरजस्ती करणी, गोपालप्रसाद साह वि. नेपाल सरकार

प्रस्तुत मुद्दामा पीडिताको उमेर घटना वारदातको समयमा १३ वर्षको रहेको पाइन्छ । पीडिताको उमेर सम्बन्धमा प्रतिवादीले कहीँ पनि अन्यथा हो भनी भन्न सकेको नदेखिने।

१३ वर्षकी बालिकाले प्रतिवादीलाई आफूसँग विवाह गर्नको लागि प्रस्ताव गरिन् होला भन्न सकिने अवस्था पनि प्रस्तुत मुद्दामा देखिँदैन । साथै मिति २०७०।०२।२८ भन्दा अगाडि विवाह गर्ने प्रस्ताव आएको, आफूले उक्त प्रस्ताव इन्कार गरेकोले रिसइवीको कारण हो भनी निज प्रतिवादीले अदालतसमक्ष लेखाउन सकेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । प्रतिवादीको भनाइअनुसार यदि जाहेरवालीको प्रतिवादीसँग रिसइवी रहेको भए निज प्रतिवादीसँगै प्रतिवादीकै साइकलमा चढी साथै लाहान आउनुपर्ने र लाहानबाट फर्किनुपर्ने कुनै वस्तुनिष्ठ आधार प्रस्तुत मुद्दाको सन्दर्भमा नदेखिने।

पीडितालाई कुनै जघन्य पीडा नपरेको भए आफ्नो भविष्य, सामाजिक इज्जतसमेतको प्रवाह नगरी अदालतसमक्ष आउनुपर्ने कुनै वस्तुनिष्ठ र विश्वसनीय कारण प्रतिवादीले पेस गर्न सकेको नपाइँदा सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसलालाई अन्यथा भन्न मिलेन । आफूले अभियोग दाबीबमोजिमको कसुर नगरेकोले सफाइ पाउनुपर्ने भनी लिएको पुनरावेदक प्रतिवादी गोपाल प्रसाद साहको निवेदन जिकिर र सो अनुसारको मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान भएको यस अदालतको निस्साको आधारसँग यस इजलास सहमत हुन नसक्ने।

तसर्थ, सुरू सिराहा जिल्ला अदालतको मिति २०७१।६।६ को फैसला सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल पौष १३ गते रोज २ शुभम्।**

## ४८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-RC-००५१, कर्तव्य ज्यान, कमलेशकुमार यादव वि. नेपाल सरकार

प्रतिवादी कमलेशकुमार यादवले अदालतमा उपस्थित भई बयान गर्दा आफूले बद्री यादवलाई गोली हानी मारेको होइन, गाउँघरको रिसइवीले मलाई फसाउन खोजेको हो भनी कसुरमा इन्कार रहन खोजे तापनि गाउँघरमा को-कससँग के-कस्तो रिसइवी थियो

सो कुरा खुलाउन नसकेका साथै हाल पनि जनतान्त्रिक तराई मुक्ति मोर्चाको मधेस राष्ट्रिय जनतान्त्रिक पार्टीको जिल्ला इन्चार्ज रहेको कुरा स्वीकार गरी बयान गरेको देखिन आयो । जाहेरवालाहरूको पति / पिता बद्रीनारायण यादवलाई जनतान्त्रिक समूहका व्यक्तिले गोली हानेको भनी अनुसन्धानकै क्रमदेखि खुल्न आएको, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूले गोली हानी मारेको भनी स्वीकार गरेको र अदालतमा इन्कारी बयान गरे पनि सो इन्कारी जिकिर पुष्टि गर्न गराउन कुनै साक्षी प्रमाण पेस गर्न सकेको नदेखिँदा निज प्रतिवादी कमलेशकुमार यादवले जाहेरवालाको पति / पिता बद्रीनारायण यादवलाई गोली प्रहार गरी कर्तव्य गरी मारेको तथ्य मालाकार रूपमा पुष्टि हुन आएकोले निज प्रतिवादीले अभियोग मागदाबीअनुरूपको कसुर गरेकै देखिन आएको ।

प्रस्तुत मुद्दामा प्रतिवादी कमलेशकुमार यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.को कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ (हाल मुलुकी अपराध संहिता), २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागु भइसकेको, उपर्युक्त संहिताको दफा ४०(२) मा कानूनमा “कुनै कसुर गरेबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन” भन्ने व्यवस्था रहेको पाइन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा “कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत घटी सजाय हुने रहेछ भने घटी सजाय हुने” कानूनी व्यवस्था भएको हुँदा यी प्रतिवादीलाई सर्वस्व हुने नभई जन्मकैदसम्म हुने । निज प्रतिवादीको सर्वस्व नहुने भएकोले निजको अंश भागमा पर्न आउने चलअचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत गरिदिने ।

तसर्थ, उच्च अदालत जनकपुर, राजविराज इजलासले सुरू अदालतबाट भएको फैसलालाई सदर गरी प्रतिवादी कमलेशकुमार यादवलाई सर्वस्वसहित जन्मकैद हुने गरी सजाय गरेकोमा निज प्रतिवादीको हकमा जन्मकैद मात्र हुने भएको र निज प्रतिवादी कमलेशकुमार यादवको कैदमै बसेको अवस्थामा मिति २०७४।१०।१६ मा मृत्यु भएको भन्ने कारागार कार्यालय काठमाडौंको मिति २०७४।१०।१६, वीर अस्पतालको Death Certificate र हनुमाननगर कंकालिनी नगरपालिकाको मृत्युदर्ता प्रमाणपत्रसमेतबाट देखिएको र फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार अपराधीको मृत्युसँगै अपराधको अन्त्य हुने भएको र मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७६ नं. र दण्ड सजायको ३ नं.को कानूनी व्यवस्थासमेतलाई मध्यनजर गर्दा निजलाई लागेको सजाय माफी भई निज प्रतिवादीको हकमा सो जन्मकैदको लगतसमेत कट्टा हुने ।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम् ।**

**४९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००३१, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. मोती कामी*

किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरवाला नैने कामीले अदालतमा उपस्थित भई मौकामा आफूले दिएको जाहेरीलाई समर्थन गरी गरेको बकपत्र एवम् घटना विवरण कागज गर्ने भक्त कामी, रतन कामीले

अदालतमा उपस्थित भई मौकामा आफूहरूले गरेको कागज बेहोरालाई समर्थन हुने गरी गरेको बकपत्रसमेतबाट मिति २०५३।२।९ गते बिहानको समयमा घर परिवारका मानिसहरू खेतबारीमा काम गर्न गएको र घरमा कोही नभएको मौका छोपी प्रतिवादी मोती कामीले आफ्नै सौतेनी आमा ईशरा कामीको घाँटी तथा टाउकोमा धारिलो हतियार हसियाले प्रहार गरी कर्तव्य गरी मारेको वारदात मिसिल संलग्न कागज प्रमाणबाट देखिँदा सुरू अछाम जिल्ला अदालतबाट मिति २०७५।९।२३ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम प्रतिवादी मोती कामीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको फैसलामा सर्वस्वको सजाय नहुने, जन्मकैदको सजायलाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७७।४।२७ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उच्च अदालत दिपायलबाट मिति २०७७।४।२७ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल मङ्सिर १८ गते रोज ५ शुभम्।**

५०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००२३, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. गंगा उखेडासमेत*

प्रतिवादी गंगा उखेडाको श्रीमान् रोजगारीको सिलसिलामा विदेशमा रहेको अवस्थामा प्रतिवादी सन्तोष उखेडासँग प्रेम सम्बन्धमा परी दुवैबिच शारीरिक सम्बन्ध कायम भई प्रतिवादी गंगा उखेडाले मिति २०७५।०२।०९ मा नवजात शिशु जन्माई कही कतैबाट हावा नछिर्ने गरी कम्बल ओडाएका कारण शिशुको निस्सासिएर मृत्यु भएको देखिन्छ। अर्का प्रतिवादी सन्तोष उखेडाले जन्मेको उक्त शिशुलाई मारिदेऊ र कसैलाई थाहा जानकारी नदिनु भन्ने सल्लाह दिएको र सोही सल्लाहमा परी प्रतिवादी गंगा उखेडाले नवजात शिशुको हत्या गरेको देखिन आयो। प्रतिवादीहरूको अनुसन्धानको क्रममा तथा अदालतमा गरेको साबिती बयान, मिसिल संलग्न मौकामा बुझिएका मानिसहरूको भनाइ र गर्भ रहन गएको असामान्य अवस्थासमेत देखाइ भएका मिसिल संलग्न कागजातहरू, साक्षीहरूका बकपत्रसमेतबाट पुष्टि भइरहेको आधारमा प्रतिवादी सन्तोष उखेडालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैद र प्रतिवादी गंगा उखेडालाई ऐ.ऐ १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय लगाएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई उच्च अदालत दिपायलबाट मिति २०७६।३।१२ मा सदर ठहर गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उच्च अदालत दिपायलबाट मिति २०७६।३।१२ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल मङ्सिर १८ गते रोज ५ शुभम्।**

५१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००२८, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. रामु राना*

जाहेरवाला रूद्रबहादुर पंगेनी क्षेत्रीले अदालतमा आई गरिदिएको बकपत्रमासमेत मृतकको मृत्यु प्रतिवादीको चोट प्रहारबाट भएको हो भनी जाहेरी बेहोरालाई समर्थन हुने गरी सनाखत गरिदिएको पाइन्छ भने घटनास्थल र लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा प्रतिवेदन गर्ने विशेषज्ञले अदालतमा आई गरिदिएको बकपत्रको बेहोरा, प्रतिवादी स्वयंले मौका र अदालतमा आई घटना क्रमसमेत

उल्लेख गरिदिएको बकपत्रसमेतबाट कुनै आकस्मिक घटना वा भवितव्य परी मृतकको मृत्यु भएको देखिँदैन । यस अवस्थामा मृतक अन्जुरानाको मृत्यु प्रतिवादी रामु रानाले प्रहार गरेको चोटको कारणबाट भएको ठहर गरी सुरू रूपन्देही जिल्ला अदालतले मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी मिति २०७६।२।८ मा गरेको फैसलालाई उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७६।९।२२ मा प्रतिवादी रामु रानालाई सर्वस्वको सजाय नहुने, जन्मकैदको सजायलाई सदर हुने गरी गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत, उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७६।९।२२ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल मङ्सिर १८ गते रोज ५ शुभम् ।**

## इजलास नं.१०

५२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-००२९, ठगी, नेपाल सरकार वि. पुर्णबहादुर सिंह*

प्रतिवादीले जाहेरवालाबाट आफ्नो पेसा व्यवसाय गर्नका लागि २.५% ब्याज तिर्ने गरी रू. २१,८१,७५०/- ऋण सापटी लिएको र जाहेरवालालाई सोहीअनुरूप मासिक रू.४७,५००।- का दरले ब्याज तिर्दै आएकोमा आफूलाई आर्थिक सङ्कट पर्न गई नियमित रूपमा जाहेरवालाहरूलाई तिर्दै आएको ब्याज बुझाउन नसक्दा आफूलाई ठगीमा फसाउने नियतले बैंक खातामा पैसा जम्मा छैन भन्दा भन्दै चेक जबरजस्ती कब्जामा लिई चेकमा रकमसमेत लेखी सही गराइएको भन्ने देखियो । उक्त चेक जाहेरवालाले बैंकमा पेस गरेकोमा सो चेक अनादर भएको भनी ठगीको महलबमोजिम सजाय गरी पाउन जाहेरी परी वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीले मुलुकी ऐन, ठगी महलको १ नं.को कसुर अपराध गरेको हुँदा सोही महलको ४ नं. बमोजिम सजाय हुन मागदाबी लिई अभियोग दर्ता भएको देखिन्छ । प्रस्तुत मुद्दाको तथ्यबाट जाहेरवाला र प्रतिवादीबिच आपसमा रकम लेनदेन भएकोमा सम्म यहाँ विवाद रहेको छैन । सो रकम के कुन प्रयोजनको लागि लिए दिएको भन्ने सम्बन्धमा निजहरूको कथन फरकफरक रहेको अवस्था भए तापनि जाहेरवालाहरूले आफ्नो रकम फिर्ता पाउनको लागि यी प्रतिवादीलाई कागज गराएको तथा चेकसमेत लिएको तथ्यलाई स्वीकार गरेको पाइन्छ । त्यसरी गराइएको कागजमा भएको दुई पक्षबिचको आपसी सहमतिबमोजिम रकम चुक्ता नगरेको भन्ने विवाद रहेको अवस्था देखिन्छ । मुलुकी ऐन ठगीको महलको १ नं.मा उल्लिखित व्यवस्थाअनुसार दुई पक्षबिच आपसी लेनदेनको व्यवहार भएकोमा सहमतिबमोजिम रकम नतिरेको विषयलाई ठगीको कसुर मान्न मिल्ने अवस्था हुँदैन । सोही महलको ३ नं.मा **"ठगिनेले ठगी गर्नेलाई पक्री भाखा तमसुक गराई राखेको रहेछ भने साहु आसामीसरह हुन्छ"** भन्ने व्यवस्था रहेको पाइन्छ । जाहेरवालाहरूले सो कागज पेस गरी कानूनी प्रक्रियामा गएको अवस्थामा सोहीबमोजिम उपचार पाउने नै हुँदा ठगीमा सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मुलुकी ऐन ठगीको महलको १ नं. र ४ नं. अन्तर्गतको मुद्दा सरकारवादी भएर चल्ने तर विनिमेय अधिकारपत्र ऐन,२०३४ को दफा १०७क अन्तर्गतको मुद्दा दुनियाँवादी भई चल्ने अर्थात् अर्को ऐन आकर्षित हुने हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पक्षलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको

मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही किनारा हुने गरी प्रस्तुत मुद्दा चेक अनादरतर्फ परिणत हुने देखिँदा निज प्रतिवादी पूर्णबहादुर सिंहलाई ठगीको अभियोगमा १ वर्ष कैद र रू. १२,८७,०००।- जरिवाना हुने ठहऱ्याई भएको सुरू कैलाली जिल्ला अदालतको फैसला बदर गरी प्रस्तुत मुद्दा चेक अनादरतर्फ परिणत गरी निज प्रतिवादी पूर्णबहादुर सिंहले सुरू अदालतको फैसलाबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला मनासिब नै देखिने।

अतः यी प्रतिवादी पूर्णबहादुर सिंहलाई मुलुकी ऐन ठगीको महलको १ नं. र ४ नं. बमोजिम १ वर्ष कैद र बिगो रू.१२,८७,०००।- जरिवाना हुने गरी भएको कैलाली जिल्ला अदालतको मिति २०७२।०३।२२ को फैसला बदर गरी प्रस्तुत मुद्दा चेक अनादरतर्फ परिणत गरी निज प्रतिवादी पूर्णबहादुर सिंहले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७३।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७८ साल वैशाख १० गते रोज ६ शुभम्।**

५३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-०२७०, अंश चलन, राजेन्द्र पौडेल वि. पूर्णबहादुर पौडेलसमेत*

प्रस्तुत मुद्दामा वादीहरू बालगोपाल, राजेन्द्र र मिठु भन्ने होमकुमारीको मुद्दा सकार गर्ने तारालाई ३ अंशियार कायम गरी तायदातीमा उल्लेख भएका विवादित कि.नं. ६३५, ३११, ३१२ र ५६८ का जग्गाहरूलाई ३ भाग लगाई वादीहरूले १/१ भाग अंश पाउने ठहऱ्याइएको उच्च अदालत पाटनको मिति २०७४।४।२९ को फैसलामा वादीमध्येका बालगोपाल पौडेल खत्रीलाई अंशियार कायम गरी निज बालगोपालको हक हिस्सासमेत बण्डा लाग्ने ठहर गरेको हदसम्म मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी भई वादी राजेन्द्र पौडेल खत्री र होमकुमारीको मुद्दा सकार गर्ने तारा पौडेल खत्री २ जना मात्र अंशियार कायम भई पैतृक स्रोतबाट प्राप्त कि.नं. ३१२ र कि.नं. ५६८ को जग्गा निज वादीहरू राजेन्द्र पौडेल खत्री र तारा पौडेल खत्रीका नाउँमा बराबर अंश हक लाग्ने गरी अंशबण्डा गरी चलनसमेत पाउने ठहर्छ । वादी राजेन्द्र पौडेलको तायदाती फाँटवारीमा उल्लिखित पन्ध्रलाख रूपैयाँ ऋण लिनुपर्ने औचित्य र अवस्था प्रमाणित गराउन नसकेको, अन्य अंशियारहरूको मन्जुरी सहमतिबाट ऋण नलिएको र अन्य अंशियारले उक्त ऋण उपभोग गरेको भन्ने पनि प्रमाणबाट समर्थन हुन नआएको अवस्थामा उक्त ऋण अर्का अंशियार तारा पौडेल खत्रीलाई बण्डा गर्नु परेन। विवादित कि.नं. ५६८ र ३१२ का जग्गाहरू बण्डा गर्नुपर्ने नभई आफ्नो एकलौटी हक लाग्ने भन्ने हदसम्मको पुनरावेदक वादी राजेन्द्र पौडेल खत्रीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल मङ्सिर २१ गते रोज १ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CI-०२७१, दुषित नामसारी निर्णय दर्ता हक कायम, राजेन्द्र पौडेल वि. तारा पौडेल
- ०७५-CI-०२७२, हक कायम, राजेन्द्र पौडेल वि. तारा पौडेल
- ०७५-CI-०२७३, हक कायम, राजेन्द्र पौडेल वि. तारा पौडेल

**५४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०८५९, जबरजस्ती करणी, नेपाल सरकार वि. दिनेश नेटुवा (राठौर)*

पीडित जाहेरवाली, प्रतिवादी, प्रतिवादीको साक्षी, होटल सञ्चालक, पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टरसमेतको भनाइ तथा पीडितको स्वास्थ्य परीक्षण रिपोर्टसमेतबाट पीडितउपर प्रतिवादीबाट जबरजस्ती करणी भएको कुरा पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादी दिनेश नेटुवा (राठौर) ले अभियोग दाबीको कसुरबाट सफाइ पाउने र नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई भएको रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर बुटवल इजलासको फैसला मनासिब नै देखिने।

अतः यी प्रतिवादी दिनेश नेटुवा (राठौर) लाई अभियोग दाबीको कसुरबाट सफाइ पाउने गरी भएको रूपन्देही जिल्ला अदालतको मिति २०७४।०८।१३ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर बुटवल इजलासको मिति २०७५।०३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७८ साल वैशाख १० गते रोज ६ शुभम्।**

५५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०१४३, बन्दीप्रत्यक्षीकरणसमेत, माया शेर्पा वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत*

निवेदक माया शेर्पा २०७१।४।२७ मा पक्राउ परी २०७२।१।१२ सम्म अर्थात् ८ महिना १५ दिन थुनामा रहेको देखिन्छ। निवेदक माया शेर्पालाई उच्च अदालत पाटनको च.नं.७२१ मिति २०७४।१२।५ को पत्रद्वारा थुनामा राख्न भनी सोही दिनदेखि लागु हुने गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा पठाएको पाइयो। यसरी यी निवेदक २०७१।४।२७ देखि २०७२।१।१२ सम्म अर्थात ८ महिना १५ दिनसम्म थुनामा रहेको पाइन्छ। उच्च अदालत पाटनको २०७४।१२।५ को पत्रबाट सोही दिनदेखि लागु हुने गरी हालसम्म मिति २०७७।८।३० सम्म अर्थात् २।८।२५ (दुई वर्ष, आठ महिना, पच्चिस दिन) कैदमा बसेको पाइयो। अनुसन्धानको क्रममा र अदालतबाट माग भएको धरौटवापत थुनामा ८ महिना १५ दिन र उच्च अदालत पाटनको पत्रले कैदमा बसेको अवधिसमेत आज मिति २०७७।८।३० सम्म जम्मा ३।५।– (तीन वर्ष पाँच महिना) निवेदक थुना र कैदमा बसेको देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ विपरीत भन्ने यी रिट निवेदकको निवेदन जिकिर हेर्दा उक्त दफा ४६ मा "कुनै कसुरदारले निजलाई तोकिएको जरिवाना तिर्न बुझाउन नसकेमा निजलाई कैद गर्न सकिने छ"। त्यस्तै उपदफा २ मा उपदफा १ बमोजिम कैद निर्धारण गर्दा देहायबमोजिम गर्नुपर्ने छ। सोही उपदफाको खण्ड (क) मा "कैद र जरिवाना दुवै सजाय हुने कसुरमा जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा दश वर्षभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको र उक्त सुन चोरी निकासी मुद्दामा निवेदकलाई जरिवाना र कैद दुवै सजाय भएको छ। निवेदकले जरिवाना नबुझाएसम्म एक दिनको रू.३००।– का दरले अधिकतम १० वर्षसम्म कैद हुने प्रस्ट कानूनी व्यवस्था रहेको र प्रतिवादीले जरिवानाको रकम बुझाएमा उक्त सुन चोरी निकासी मुद्दाबाट कैद मुक्त हुने नै देखियो। अदालतबाट भएको फैसलाबमोजिमको कार्यान्वयनको क्रममा बेरूजु कैद र जरिवानाबापत कैदमा राख्ने कार्य कानूनबमोजिमकै देखिँदा गैरकानूनी थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन मागदाबी पुग्न सक्दैन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रेमप्रकाश थापा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ मङ्सिर ३० गते रोज ३ शुभम्।**

## इजलास नं.११

५६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०२१४, बन्दीप्रत्यक्षीकरण, अशोक कार्की वि. सुनसरी जिल्ला अदालत, सुनसरी इनरूवासमेत*

कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ। तर न्यायिक प्रक्रिया सञ्चालन गर्दा भने कानूनबमोजिमको उचित प्रक्रिया (Due Process of law) को अवलम्बन गर्नु अनिवार्य हुन्छ। कुनै कसुरजन्य कार्य भएको छ भन्दैमा कानूनी प्रक्रिया पूरा नगरी आशंकाको भरमा कसैलाई बन्दी बनाउन नमिल्ने।

प्रतिवादी अशोक कार्की मौकामा पक्राउ नपरी फरार रहेका र वादी नेपाल सरकारको अभियोग पत्रमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बर्खिलाप कसुर गरेको भनी ऐ. ऐनको १६२(१) बमोजिम सजाय हुन माग दाबी लिइएको र सो अभियोग पत्रको अन्तिम वाक्यांशमा उपर्युक्तबमोजिम अ.बं.८८ नं. बमोजिम पूरक अभियोग पत्र पेस गरिने भन्ने बेहोरा उल्लेख भएकोमा अभियोग पत्रको मागदाबीको उक्त बेहोराबाट उक्त भेनका सवारी चालक प्रतिवादी अशोक कार्की नहुन पनि र निजबाहेक अर्को व्यक्ति पनि हुन सक्ने अवस्था विद्यमान रहेको देखिँदा यसरी पूर्ण रूपमा प्रतिवादी नै यकिन नगरी दायर गरेको अभियोग पत्रका आधारमा सुनसरी जिल्ला अदालतले मुद्दाको कारबाही अगाडि बढाएको देखिन्छ। प्रस्तुत वारदातमा चालक यकिन हुन र गर्नुपर्ने अवस्था रहेको र देखिएको उपर्युक्त स्थितिको विद्यमानताको आधारमा सुनसरी जिल्ला अदालतको मिति २०७३।१।१६ गतेको फैसलाबमोजिम लागेको कैद भनी काठमाडौं जिल्ला अदालतको च.नं. १७८१ मिति २०७६।७।४ को पत्रबाट थुनामा राख्न कैदी पुर्जी दिई कैदमा पठाएको आधार कानूनसम्मत भएको नदेखिने।

अतः यस अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हुन्छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी भए पनि निवेदकलाई कैद थुनाबाट छाडी हाल्नुपर्ने अवस्था देखा पर्दैन। थुनाबाट निवेदकलाई यथाशीघ्र उक्त अभियोग पत्रबमोजिमको प्रारम्भिक कारबाहीको लागि सुनसरी जिल्ला अदालतमा उपस्थित गराएर बयान गराई पुनः थुनछेक आदेश गरी मुद्दाको कारबाही अगाडि बढाई पुनः फैसला गर्नुहोला र **अभियोग पत्रको अन्तिम वाक्यांशमा पूरक अभियोग पत्र पेस गरिने भन्ने लेखिएको हुँदा,** मुद्दाको अनुसन्धान, अभियोग दाबी र प्रतिवादीको बयानबाट त्यस्तो देखिन आएमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयले त्यसतर्फ पनि पूरक अभियोग पत्र दायर गर्नुपर्ने भए गर्नु भनी प्रत्यर्थीमध्येका सुनसरी जिल्ला अदालतले वादी पक्षबाट कारबाही गर्न गराउनसमेत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

**इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम्।**

५७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-WH-०२४८, बन्दीप्रत्यक्षीकरण, दिपराज शेर्पाइली वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौं

फौजदारी कानूनको आडमा राजनीतिक

आस्थाका व्यक्तिलाई प्रतिशोध साँध्ने भावना विचार र आसयले कुनै व्यक्तिलाई कानूनको उचित प्रक्रिया पूरा नगरी केवल फरक विचार र आस्थाकै आधारमा प्रवृत्त धारणा राखेर बिना कुनै ठोस आधार र कारणविना गैरकानूनीरूपमा बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको कर्तव्य बन्ने ।

यस अदालतबाट मिति २०७६।१०।२९ मा निज विरूद्ध अनुसन्धान भइरहेको उक्त सक्कल मिसिल आज लिई आउने आदेश भएको र निज विरूद्ध आज काठमाडौं जिल्ला अदालतमा उक्त अभियोगमा मुद्दा दायर हुन लागेको भन्ने महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ताबाट इजलाससमक्ष जानकारी प्रस्तुत हुन आयो । अनुसन्धान भइरहेको मुद्दाको मिसिलमा आज मध्याह्नपछि दायर हुन भनी तयार भएको अभियोगपत्र हेर्दा निजउपर चन्दा माग गरी आफ्नै हस्ताक्षरले लेखेको भन्ने पत्र बरामद भएको भन्ने आधार लिइएको छ । उक्त मुद्दामा निज आरोपित कसुर एवं आफू “युवा सङ्गठन नेपाल केन्द्रीय समितिको अध्यक्ष” रहेको भन्ने आरोपमा इन्कार रहेको देखिन्छन् । निजबाट अन्य कुनै हिंसात्मक घटना घटाएको, त्यस्तो घटना गराउनमा संलग्न रहेको र निजबाट कुनै त्यस्तो हात हतियार एवं विस्फोटक पदार्थ बरामद भएको अवस्था देखिँदैन । त्यस्तो अवस्था विद्यमान नरहँदा पनि निजले आर्थिक सहयोगको लागि भनी नेपाल कम्युनिष्ट पार्टी (विप्लव) समूहको लेटर प्याडमा लेखेको पत्र र सहयोग रसिदलाई आधार बनाई निजलाई पटक पटक विभिन्न प्रतिवेदन र जाहेरीको आधारमा पक्राउ गर्दै अनुसन्धान गर्ने र मुद्दा लगाइरहेको देखिँदा वादी अनुसन्धानकर्ताको निज विरूद्ध गम्भीर वारदातविना कुनै न कुनै बहानामा बदनियत एवं प्रवृत्त धारणा राखी थुनामा नै राखिरहने सोचलाई मात्र पछ्याइरहेको देखिन्छ । यस्तो प्रवृत्त धारणाबाट मात्र निवेदकलाई पक्री रहने र थुनामा राख्ने कार्य कानूनी दृष्टिकोणबाट गलत एवं गैरकानूनी भएको देखिँदा निज निवेदक दिपराज शेर्पाइलीलाई आजै अहिले नै यस अदालतको रजिस्ट्रारको रोहबरमा गैरकानूनी थुनाबाट छाडिदिने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन / प्रेमबहादुर थापा

**इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम् ।**

५८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७४-CR-११३४, ११८२, ०७५-CR-०९५३, जबरजस्ती करणी, हरि पाण्डे वि. नेपाल सरकार, सम्सेर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. हरि पाण्डे

पीडितालाई प्रतिवादी सम्सेर तामाङले पहिले करणी गरेको र तत् पश्चात् प्रतिवादी हरि पाण्डेले करणी गरेको भने पीडिताको बकपत्रसमेतबाट देखिन आउँछ । निज प्रतिवादीहरूले पीडितालाई जबरजस्ती करणी गरेको होइन भनी अनुसन्धान अधिकारी एवं अदालतसमेतमा बयान गरेको देखिन्छ । पीडिताको जाहेरी दरखास्त एवम् बकपत्रसमेतबाट जबरजस्ती करणीको वारदात स्थल सनसाइन गार्डेन रेष्टोरेन्टको एउटै कोठा भन्ने भए तापनि प्रतिवादी सम्सेर तामाङले पहिले करणी गर्दा कोठाको चुकुल लगाएको देखिन्छ । तत् पश्चात् मात्र प्रतिवादी हरि पाण्डेले जबरजस्ती करणी गरेको अवस्था देखिन्छ । साथै पीडितको जाहेरी बेहोरा र बकपत्रको भनाइबाट समेत प्रतिवादीहरूले जाहेरवालीलाई अलग अलग समयमा छुट्टाछुट्टै करणी गरेको अवस्था देखिन्छ । सामूहिक करणी स्थापित हुनका लागि प्रतिवादीहरूबिच जबरजस्ती करणी गर्ने सामूहिक सल्लाह (Meeting of mind) स्थापित हुनुपर्ने ।

फरकफरक समयमा फरकफरक प्रतिवादीहरूले एउटै वारदातस्थलमा छुट्टाछुट्टै रूपमा करणी गरेको देखिएबाट र प्रतिवादीहरूको सामूहिक

सल्लाह (Meeting of mind) तथ्यगत रूपमा स्थापित हुन नसकेको कार्यलाई सामूहिक करणीको वारदात मान्न तर्कसङ्गत नहुने।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम्।**

**इजलास नं.१३**

**५९**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७७-WH-०१८०, बन्दीप्रत्यक्षीकरण, हिरा गिरी वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत*

कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहर्‍याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने व्यवस्था रहेको देखिन्छ। यसरी अदालतले कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, प्रतिवादीको आचरणसमेतलाई विचार गरी मुद्दाका पक्षलाई फैसलाले ठहरेको कैदबापत रकम लिई उक्त सुविधा दिने नदिने सुरू तहको अदालतले नै विचार गरी निर्णय गर्नुपर्ने विषय रहेको देखिने।

तसर्थ, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने सुविधा प्रदान गर्ने नगर्ने विषय सुरू तहको अदालतले विचार गर्न सक्ने विषय भएकाले फैसलाबमोजिम थुनामा रहेका निज हिरा गिरीको थुना गैरकानूनी नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन पर्ने देखिएन। निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको सुविधा माग गरेको सन्दर्भमा सुविधा प्रदान गर्न मिलेन भनी सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७७।०६।१६ मा भएको आदेशलाई उच्च अदालत पाटनबाट मिति २०७७।०९।१६ मा सदर गर्ने गरी भएको आदेशसमेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को रोहमा विचारणिय भई प्रस्तुत मिसिलको सन्दर्भमा मिलेको नदेखिँदा सुरू जिल्ला अदालत तथा उच्च अदालत पाटनबाट भएको उक्त आदेशहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ तथा हालको कोभिड सङ्क्रमणको भयावह अवस्थासमेतलाई विचार गरी निवेदकको मागबमोजिमको सुविधा निजलाई प्रदान गर्न मिल्ने हो होइन स्पष्ट आधार र कारण एवं कानूनी व्यवस्थासमेतको रोहमा विचार गरी पुनः आदेश गर्नु भनी विपक्षीमध्येको सिन्धुपाल्चोक जिल्ला अदालतका नाममा यो परमादेशको आदेश जारी गरिदिएको।

इजलास अधिकृत: सदिक्षा नेपाल

**इति संवत् २०७७ साल माघ १९ गते रोज २ शुभम्।**